# सिंजा गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना
# (२०८०/२०८१ - २०९०/२०९१)



शिक्षा, युवा तथा खेलकुद शाखा
गाँउ कार्यपालिकाको कार्यालय
सिंजा गाउँपालिका, जुम्ला
कर्णाली प्रदेश
प्रकाशन मिति :

## शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणमा सङ्लग्न विभिन्न समिति तथा पदाधिकारीहरू

**मूल/ संरक्षक समितिः**

श्री पूर्ण प्रसाद धिताल, गाउँपालिका अध्यक्ष - संयोजक
श्री सितली रोकाया, गाउँपालिका उपाध्यक्ष  - सदस्य
श्री पवित्रा शाही - सदस्य
श्री तीर्थ बड, सामाजिक विकास समिति संयोजक - सदस्य
श्री हरिनन्द आचार्य - सदस्य
श्री सुख्य बहादुर रावत सदस्य
श्री रन्जित बुढा - सदस्य
श्री कृष्ण बहादुर रोकाया - सदस्य
श्री लाल बहादुर बुढा - सदस्य
श्री विरेन्द्र वोहरा - सदस्य
श्री धर्म बहादुर हमाल, शिक्षक महासंघ प्रतिनिधि - सदस्य
श्री वासना बुढा - सदस्य
श्री बिमल आचार्य - सदस्य
श्री तीर्थ नेपाल, क्याम्पस प्रमुख - सदस्य
श्री विष्णुलाल रोकाया - सदस्य
श्री शंकर धिताल - सदस्य सचिव

**सल्लाहकार समिति**

श्री सितली रोकाया - संयोजक
श्री छत्रमणी धिताल - सदस्य
श्री नर बहादुर बुढा - सदस्य

**प्राविधिक समिति**

श्री शंकर धिताल - संयोजक
श्री वसन्ती शाही - सदस्य
श्री दिपराज रोकाय - सदस्य
श्री माद्वाली शाही - सदस्य
श्री भिम रोकाया - सदस्य सचिव

**विषयगत लेखन समितिः**

श्री शंकर धिताल,  शिक्षा शाखा प्रमुख - संयोजक
श्री जयलाल खत्री - सदस्य
श्री मयराम धिताल - सदस्य
श्री कल बहादुर रोकाया - सदस्य
श्री सुर्य राना - सदस्य
श्री पेश नेपाल प्रतिनिधि - सदस्य
श्री क्याड नेपाल प्रतिनिधि - सदस्य
श्री स्याक नेपाल प्रतिनिधि - सदस्य
श्री भिम रोकाया - सदस्य सचिव

**समिति/कार्यदलहरू**

**प्रारम्भिका बालविकास र शिक्षाः**

श्री गणेश प्रसाद सिमखाडे - संयोजक
श्री दमन्ति महरी - सदस्य
श्री टिका रावत - सदस्य
श्री मन प्रसाद रेग्मी - सदस्य

**आधारभूत शिक्षाः**

श्री विश्व राज श्रेष्ठ - संयोजक
श्री नन्दराम बुढा - सदस्य
श्री रामचन्द्र बुढा - सदस्य

**माध्यमिक शिक्षाः**

श्री  मानबहादुर रोकाया - संयोजक
श्री जय बहादुर खत्री - सदस्य
श्री  अशोक तिरूवा - सदस्य

**प्राविधिक तथा व्यवसायिक शिक्षाः**

श्री  षडानन्द भट्ट - संयोजक
श्री  पुष्पराज चौलागाई - सदस्य
श्री  रविन्द्र महत - सदस्य

**अनौपचारिक शिक्षा र आजीवन सिकाइ**

श्री  इश्वरी उपाध्याय - संयोजक
श्री  सरस्वती शर्मा - सदस्य

श्री  सन्ध्या खत्री - सदस्य

**अन्तरसम्बन्धित बिषय र क्षेत्रहरूः**

**पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ र मुल्याङ्कन**

श्री   छत्रमणि धिताल - संयोजक

श्री  गुप्ति प्रसाद तिवारी - सदस्य

श्री  कृष्ण बहादुर रोकाया - सदस्य

**शिक्षक व्यवस्थापन र विकास**

श्री देवराज धिताल - संयोजक

श्री कालि बहादुर बुढा - सदस्य

श्री मान वहादुर रोकाया - सदस्य

**शैक्षिक समता र समावेशीकरण**

श्री नीर्मला खत्री - संयोजक

श्री तीर्थ अधिकारी - सदस्य

श्री दन्त बुढा - सदस्य

**विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम**

श्री राजेश कटुवाल - संयोजक

श्री धर्मेन्द्र शर्मा - सदस्य

श्री तीर्थ अधिकारी - सदस्य

**विद्यालयमा भौतिक पुर्वाधार विकास**

श्री रन्जित बुढा - संयोजक

श्री कृष्ण बहादुर रोकाया - सदस्य

श्री लाल बहादुर बुढा - सदस्य

**विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उतथानशीलता**

श्री लाल बहादुर बुढा - संयोजक

श्री जयराज कामी - सदस्य

श्री राजेश कटुवाल - सदस्य

**विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**

श्री पुष्पराज चौलगाई, संयोजक

श्री सरस्वती शर्मा - सदस्य
श्री कृष्ण बहादुर रोकाया - सदस्य

**सुशासन तथा व्यवस्थापन**
श्री गणेश बहादुर शाही, **संयोजक**
श्री बिर्ख सार्की - सदस्य
श्री जयराज कामी - सदस्य

**लगानी र स्रोत व्वयस्थापन**
श्री तीर्थ बड, संयोजक
श्री हरिनन्द आचार्य - सदस्य
श्री सुख्य बहादुर रावत - सदस्य

**अनुगमन तथा मुल्याङ्कन**
श्री सितली रोकाया - संयोजक
श्री तीर्थ नेपाल - सदस्य
श्री शंकर धिताल - सदस्य

**प्राविधिक सहयोग**
यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल,
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

# मेरो भनाइ

शिक्षा नै समाज परिवर्तनको आधारशिला हो भन्ने विश्वासलाई मूर्त रूप दिन सिंजा गाउँपालिकाले १० गुणस्तरीय शिक्षा प्रदान गर्न ठोस रणनीति प्रदान गरेको छ । हामीले आधारभूत तह कक्षा १-८ मा सबैको पहुँच सुनिश्चित गर्दै भर्नादर १०० प्रतिशत पुगाउने, विद्यालय छोड्ने दर घटाउने र व्यवहारिक जीवनोपयोगी सीप विकासमा ध्यान केन्द्रित गरेका छौ । यसैक्रममा प्रत्येक वडामा आधुनिक सुविधायुक्त विद्यालय, पुस्तकालय र प्रयोगशाला निर्माण गर्ने र विकट तथा टाढाका विद्यार्थीहरूलाई छात्रावास सुविधा व्यवस्थापन गर्ने, यसका साथै शिक्षकहरूको पेसागत प्राथमिकतामा राख्दै नियमित प्रशिक्षण, प्रोत्साहन पुरूस्कार र डिजिटल शिक्षण प्रविधिमा क्षमता अभिवृद्धि गरी डिजिटल सिंजा अन्तर्गत प्रत्येक विद्यालयमा इनटरनेट, स्मार्ट कक्षा र कम्प्युटर शिक्षण अनिवार्य गरिनेछ । समुदायको सहभागितालाई बलियो बनाउँदै अभिभावक, स्थानीय नेतृत्व र युवा सङ्घ संगठनहरूलाई शिक्षा योजनाको निर्माण, अनुगमन र मूल्याङ्कनमा सक्रीय रूपमा सङ्लग्न गराइने छ । गरिब, दलित, आदिवासी र सीमान्तकृत विद्यार्थीहरूका लागि छात्रवृत्ति, दिवा खाजा र भाषा सहयोगी शिक्षण सामग्री उपलब्ध गराइनेछ ।

यस योजनाको सफल कार्यान्वयनका लागि स्थानीय बजेट, सङ्घीय र प्रदेश सरकार तथा सहयोगी दातृनिकायहरूबाट कोष व्यवस्थापन गर्दै पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिने छ र केवल कागजात्मक प्रतिवद्धता मात्र नभइ सबैको साझा सपना हो, जसले सिंजाका हरेक नागरिकले शिक्षाको अधिकार पाउनुको साथै हाम्रा बच्चाहरू आत्मनिर्भर बन्ने र गाउँपालिका नै प्रदेशको नमुना शैक्षिक हब बनाउने साझा सपनालाई साकार पार्ने छ ।

अध्यक्ष
पूर्ण प्रसाद धिताल
सिंजा गाउँपालिका, जुम्ला

# मेरो भनाइ

सिंजा गाउँपालिकामा शिक्षा क्षेत्रमा प्रगति र सुधार ल्याउने हाम्रो दीर्घकालीन उद्देश्यलाई ध्यानमा राखेर, १० वर्षे शिक्षा योजना निर्माण गरिएको छ । त्यसैगरी, यस योजनाको निरन्तर प्रयासले पाठ्यक्रमको गुणस्तर सुधार्न, शिक्षण विधिहरूलाई प्राविधिक र आधुनिक बनाइरहेको छ यसै गरी सबै समुदायको समानुपातिक समावेशी सहभागिताले हामीलाई समावेशी शिक्षा प्रणाली निर्माणमा महत्त्वपूर्ण कदम चाल्न प्रोत्साहन दिएको छ, जसले अपाङ्गता भएका व्यक्तिहरूका, छात्र तथा विपन्न र जोखिममा परेका समुदायका बालबालिकाका लागि शिक्षा प्रणालीमा समान अवसर सुनिश्चित गर्ने छ । सम्पूर्ण गाउँपालिकाका कर्मचारी र स्थानीय समुदायका सबै सदस्यहरूको सक्रीय सङ्लग्नताले हामीलाई यो योजना कार्यान्वयन गर्न अझ मजबुत बनाएको छ । यो योजनाले यस गाउँपालिकाका प्रत्येक विद्यार्थीलाई उच्च गुणस्तरीय, समावेशी र सस्तो शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । हामी शिक्षा क्षेत्रमा समग्र सुधारको लागि प्रतिबद्ध छौं र यसका लागि विभिन्न सरोकारवाला निकायहरूको महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ । यस योजनाको निर्माण तथा कार्यान्वयनमा प्राविधिकिय सहयोग युनिसेफ नेपाल र समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत, शिक्षक महासंघ, अपाङ्गता महासंघ, शिक्षक साथीहरू, गाउँपालिकाका विषयगत कर्मचारी र अन्य सरोकारवाला सबैको अभूतपूर्व योगदान छ । विशेष गरी, स्याक नेपाल को समर्थनले हाम्रो योजनालाई दृषटिक, वित्तीय र रणनीतिक दृष्टिले बलियो बनाएको छ, जसले गर्दा हामी शिक्षा क्षेत्रको दीर्घकालीन र समावेशी सुधारका लागि मार्गदर्शन प्राप्त गरेका छौं । तपाईंहरूको मेहनत र प्रतिबद्धताले यस योजनालाई वास्तविकता बनाउनेमा हामी दृढ आशावादी छौं । यस योजनाको कार्यान्वयनले सिंजा गाउँपालिकाका सबै बालबालिकाहरूलाई गुणस्तरीय र पहुँच योग्य शिक्षा प्रदान गर्ने, शिक्षकहरूको क्षमता वृद्धि गर्ने, र शिक्षा क्षेत्रलाई समग्र रूपमा सशक्त बनाउने अवसर प्रदान गर्नेछ । यो योजना केवल एउटा शिक्षण कार्यक्रम नभएर, हाम्रो समाजको दीर्घकालीन समृद्धि र सामाजिक समावेशीताका लागि एक महत्वपूर्ण पाइला हो । तपाईंहरूको समर्थन र सहयोगले हामीलाई हाम्रो उद्देश्यमा अझ दृढ रहन मद्दत पुर्याएको छ । तपाईंहरू सबैलाई मेरो हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु।"

सितली रोकाय
गाउँपालिका उपाध्यक्ष

## मेरो भनाइ

सिंजा गाउँपालिका शिक्षा क्षेत्रमा सुधार र उन्नति गर्दै आत्मनिर्भर र समृद्ध गाउँपालिकाको निर्माणमा अग्रसर छ । हाम्रो प्रमुख उद्देश्य यहाँका विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु हो, जसले भविष्यमा उनीहरूलाई आत्मनिर्भर र समाजको नेतृत्व गर्न सक्षम बनाउँछ । हामी शिक्षा क्षेत्रमा पूर्वाधारको सुधार गर्दै, विद्यालय भवनहरूको मर्मतसम्भार, शैक्षिक सामग्रीको आपूर्ति र शिक्षिका/शिक्षकहरूको क्षमता वृद्धिमा जोड दिने छौं । साथै, गाउँपालिकामा विद्युतीकरण र इन्टरनेटको पहुँच सुनिश्चित गरेर, डिजिटल शिक्षा प्रणालीलाई पनि प्रवर्द्धन गर्ने योजना छ ।

साथै, प्रत्येक विद्यालयलाई गुणस्तरीय शिक्षक र शिक्षिका उपलब्ध गराउन विशेष ध्यान दिनेछौं । बालबालिकाको मानसिक र शारीरिक विकासलाई प्राथमिकता दिँदै, खेलकुद र कला शिक्षा लगायतका समग्र विकासात्मक कार्यक्रमहरूलाई लागू गर्नेछौं । हामीले यस योजनालाई समग्र समुदायको सहभागिता र सहकार्यमा अघि बढाउने विश्वास राख्छौं, जसले गर्दा हामी सिंजा गाउँपालिकालाई शिक्षा र विकासमा एक उदाहरणीय स्थल बनाउन सक्दछौं ।

टेक बहादुर शाही
प्रमुख प्रशासकिय अधिकृत
सिंजा गाउँपालिका, जुम्ला

## मेरो भनाइ

आजको यो ऐतिहासिक अवसरमा, म सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रको १० वर्षे योजना प्रस्तुत गर्दै, यस कार्यलाई सफल बनाउने सबै सरोकारवाला निकायहरूको समर्पण र सहकार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हामीलाई थाहा छ कि शिक्षा क्षेत्रमा वास्तविक परिवर्तन र प्रगति भनेको एकल प्रयासबाट सम्भव छैन। यस योजनाको सफलता विभिन्न निकायहरूको संयुक्त प्रयास र सहकार्यमा निर्भर सस्तो र गुणस्तरीय शिक्षा सबैका लागि उपलब्ध गराउनु हाम्रो प्राथमिकता हो । यस योजनामा हामीले विद्यार्थीहरूको शैक्षिक स्तरमा वृद्धि, विद्यालयका आधारभूत संरचनामा सुधार, शिक्षिका/शिक्षकको तालिम र विकास, र समग्र शिक्षा नीति सुधारको दिशा तय गरेका छौं । यस योजनाले आगामी दशकभरि हाम्रो गाउँपालिकाको शिक्षा प्रणालीलाई प्रगति र समृद्धिको मार्गमा पुर्याउने छ ।

विशेष धन्यवाद, सबै सरोकारवाला निकायहरू जसले सिंजा गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना तयार गर्नमा हाम्रो शिक्षा शाखा, वि.व्य.स, शिक्षक अभिभावक सङ्घ, शिक्षक र शिक्षिकाहरू, अभिभावक, विभिन्न सङ्घ तथा सञ्जालहरू विद्यार्थीहरू, स्थानीय समुदाय, र अन्य सबै सरकारी तथा गैरसरकारी संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ, विशेष गरी युनिसेफ नेपाल, कर्णाली प्रदेश र समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत, जसले यो योजना निर्माणमा प्राविधिक तथा व्यवस्थापकिय योगदान पुर्याउनुभएको छ । तपाईंहरूको निरन्तर सहयोग र मेहनत बिना, यस्तो योजना कार्यान्वयन गर्न असम्भव थियो। हाम्रो लक्ष्य भनेको सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु, हो, र यस कार्यमा तपाईंहरूको योगदान अनमोल छ । मलाई विश्वास छ कि आगामी १० वर्षमा यो योजनाले सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रमा नया युगको सुरूआत गर्नेछ, हामी सबैको साझा प्रयासले सिंजा गाउँपालिका शिक्षा क्षेत्रमा नया सफलता हासिल गर्नेछ ।

धन्यवाद ।

शंकर धिताल
शिक्षा अधिकृत (सातौं)
सिंजा गाउँपालिका, जुम्ला

# विषयसूची

विषय प्रवेश ........................................................................................ १

परिच्छेद- –१: परिचय........................................................................................ १

१.१ अवधारणा १
१.२ वर्तमान अवस्था २
१.३ सिंजा गाउँपालिकाको वस्तुस्थिति ४

परिच्छेद- –२: दूर दृष्टी, उद्देश्य, रणनीति तथा लक्ष निर्धारण ..................................... १६

२.१ अवधारणा १६
२.२ दूर दृष्टी २०
२.३ लक्ष्य (ज्द्बकत) २०
२.४ उद्देश्य २१
२.५ रणनीति २१
२.६ मुख्य उपलब्धि, सूचक तथा परिमाणात्मक लक्ष्य ३५

परिच्छेद- –३: शिक्षाका मुख्य उप-क्षेत्रहरू.......................................................... ४९

३.१. प्रारम्भिक बालविकास र शिक्षा ४९
३.१.१ परिचय ४९
३.१.२ वर्तमान अवस्था ५०
३.१.३ प्रमूख समस्या र चुनौति ५१
३.१.४ उद्देश्य ५२
३.१.५ रणनिति ५२
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ५३
३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य ५५
३.२ आधारभूत शिक्षा ५७
३.२.१ परिचय ५७
३.२.२ बर्तमान अवस्था ५९
३.२.३ चुनौती र अवसरहरुः ५९
३.२.४ उद्देश्य ६१
३.२.४ रणनीतिहरू ६१
३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ६२
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६५

३.३ माध्यमिक शिक्षा ७०
३.३.१ परिचय ७०
३.३.२ उद्देश्य ७१
३.३.३ रणनीति ७२
३.३.४ प्रमुख उपलब्धि र नतिजा ७३
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ७६
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ८१
३.४.१ वर्तमान अवस्था ८३
३.४.२ चुनौति तथा अवसर ८४
३.४.३ उद्देश्य ८५
३.४.४ रणनीति ८५
३.४.५ प्रमुख उपलब्धि र नतिजा ८६
३.४.६ प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका ८८
३.५ प्राविधिक शिक्षा र व्यवसायिक तालिम ९०
३.५.१ वर्तमान अवस्था ९१
३.५.२ चुनौती तथा अवसरहरुः ९१
३.५.३ उद्देश्य ९२
३.४.४ प्रमुख उपलब्धि र नतिजा ९४
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९६
परिच्छेद- -४: अन्तर सम्बन्धित विषयवस्तुहरू................................................ **१००**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन १००
४.१.१ वर्तमान अवस्था १०२
४.१.२ चुनौती तथा अवसरहरु १०३
४.१.२ उद्देश्य १०४
४.१.३ रणनीति १०४
४.१.४ प्रमुख उपलब्धि र नतिजा १०५
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०८
४.२ शिक्षक व्यवस्थापन र विकास ११२
४.२.१ वर्तमान अवस्था ११५
४.२.२ चुनौती र अवसरहरुः ११८
४.२.३ उद्देश्य ११९
४.२.४ रणनीति ११९

४.२.५ प्रमुख उपलब्धि र नतिजा १२०
४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १२२
४.३
शिक्षा
मासमता र समावेशीकरण १२७
४.३.१ वर्तमान अवस्था १२९
४.३.२ चुनौती तथा अवसर १३०
४.३.२ उद्देश्य १३१
४.३.३ रणनीति १३२
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा १३२
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १३४
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम १३६
४.४.१ वर्तमान अवस्था १३७
४.४.२ चुनौती तथा अवसर १३८
४.४.२ उद्देश्य १३८
४.४.३ रणनीति १३९
४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा १३९
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १४१
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता १४५
४.५.१ वर्तमान अवस्था १४५
४.५.२ चुनौती र अवसरहरू १४६
४.५.२ उद्देश्य १४७
४.५.३ रणनीति १४७
४.५.४ प्रमुख उपलब्धि र नतिजा १४९
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ... १५०
४.६ विद्यालय भौतिक पूर्वाधार विकास १५२
४.६.१ वर्तमान अवस्था १५२
४.६.२ चुनौती तथा अवसर १५३
४.६.२ उद्देश्य १५३
४.६.३ रणनीति १५४
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा १५४
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य १५७

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि १५९
४.७.१ वर्तमान अवस्था १६०
४.७.२ चुनौती तथा अवसरहरुः १६१
४.७.३ उद्देश्य १६३
४.७.४ रणनीति १६३
४.७.५ प्रमुख उपलब्धि र नतिजा १६३
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः १६६
**परिच्छे ५: अन्य उप-क्षेत्र ........................................................... १२२**
५.१ मातृभाषामा शिक्षा १६८
५.१.१ परिचय १६८
५.१.२ वर्तमान अवस्था १६९
५.१.३ चुनौति र अवसर १७१
५.१.२ लक्ष्य १७२
५.१.३ उद्धेश्य १७२
५.१.४ रणानीति १७३
५.१.५ प्रमुख उपलब्धि तथा नतिजा १७५
५.१.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य १७७
**परिच्छेद- ६: सुशासन तथा व्यवस्थापन ........................................................ १३०**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास १८२
६.१.१ परिचय १८२
६.१.२ वर्तमान अवस्था १८३
६.१.३ समस्या चुनौती र अवसरहरुः १८४
६.१.४ उद्देश्य १८६
६.१.५ रणनीतिहरू १८७
६.१.६ उपलब्धि तथा प्रमुख नतिजा १८८
६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः १९१
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १९६
६.२.१ परिचय १९६
६.२.२ वर्तमान अवस्था १९७
६.२.२ उद्देश्य १९९
६.२.३ रणनीतिहरू २००
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा २०१

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य २०५
परिच्छेद- – ७: लगानी र स्रोत व्यवस्थापन....................................................**१४७**
७.१ परिचय २१०
७.२ वर्तमान अवस्था २११
७.३ लक्ष्य २१२
७.४ उद्देश्य २१२
७.५ रणनीतिहरू २१३
७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २१३
७.९ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया २२१
७.१० योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन २२१
परिच्छेद- ८ : अनुगमन तथा मूल्याङ्कन.........................................................**१५५**
८.१ परिचय २२२
८.२ वर्तमान अवस्था २२३
८.३ उद्देश्य २२९
८.४ रणनीतिहरू २२९
८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २३०
८.६ प्रमुख क्रियाकलाप र लक्ष्यः २३२
सन्दर्भ सामग्रीहरू २३५

# विषय प्रवेश

## क) भूमिका

शिक्षा समाजको दीर्घकालीन विकासको आधार हो । जुम्ला जिल्लाको सिंजा गाउँपालिकाले आफ्नो क्षेत्रमा शैक्षिक गुणस्तर सुधार गर्न यो विशेष दशकीय योजना तयार गरेको छ । हाम्रो पहाडी भूगोल, बहुसांस्कृतिक परिवेश र विशिष्ट सामाजिक संरचनाले विद्यार्थीहरूको शिक्षामा पहुँचलाई प्रभाव पार्ने भएकाले, यो योजना स्थानीय आवश्यकता र विशेषतालाई केन्द्रमा राखेर तयार गरिएको छ । यो योजना सिंजा गाउँपालिकाको शैक्षिक परिदृश्यलाई रूपान्तरण गर्ने क्षमता राख्दछ । स्थानीय हिमाली परिवेश, सांस्कृतिक विविधता र आर्थिक अवस्थालाई ध्यानमा राखेर तयार गरिएको यो योजना जुम्ला जिल्लाकै नमुना बन्न सक्ने विश्वास गरिएको छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण स्थानीय निकाय, शिक्षक समुदाय, अभिभावक र विद्यार्थीहरूको सक्रीय सहभागिता अपेक्षित छ ।

शिक्षा समाजको दिगो विकासको मूल आधार हो । जुम्ला जिल्लाको सिंजा गाउँपालिकाले आफ्नो क्षेत्रमा शैक्षिक गुणस्तर सुधार गर्न यो विशेष योजना तयार गरेको छ । हिमाली भूगोल, बहुसांस्कृतिक परिवेश र सामाजिक संरचनाले यहाँका विद्यार्थीहरूको शिक्षामा पहुँचलाई प्रभाव पार्ने भएकाले स्थानीय आवश्यकतालाई केन्द्रमा राखेर यो योजना तयार गरिएको छ ।

## ख) गाउँ शिक्षा योजनाको पृष्ठभूमि :

गाउँ शिक्षा योजना विकेन्द्रीकरणको सिद्धान्तमा आधारित योजना हो । विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय तहहरूलाई आफ्नो शैक्षिक लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति तथा कार्यक्रम तय गर्ने अधिकार प्रदान गर्दछ । यसको अवधारणा नवौं पञ्चवर्षिय योजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाबाट सुरूवात भएको पाइन्छ । जुम्ला जिल्लाको सिंजा गाउँपालिकामा २०७७/२०७८ मा पहिलो ड्राफ्ट तयार भएको तर कार्यान्वयनमा नआएको र पुनः नया शिक्षा योजना निर्माण गर्नु,पर्ने अवस्था थियो । यसै

समयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ र यसको परिमार्जित तथा अद्यावधिक संस्करण २०८१ अनुसार निर्माण गर्नु, पर्ने भएकाले हाल यो योजना यसै संस्करणअनुसार निर्माण गरिएको छ । यसैले यो योजना सिंजा गाउँपालिकाको वास्तविक अवस्थाको धरातलमा रही तयार गरिएको छ भने यसको निर्माणमा विभिन्न सरोकारवाला निकायको सक्रीय सहभागिता गराइएको छ । यस योजनाको तालमेल गाउँपालिकाले विकास गरेका विभन्न नीति, नियम, निर्देशिका, ऐन कानुन, मापदण्ड तथा विद्यालय सुधार योजनासँग तालमेल हुने गरी निर्माण गरिएको छ ।

## ग) शिक्षा योजनाको आवश्यकता र औचित्य

शिक्षा कुनै पनि समाजको दिगो विकास र प्रगतिका लागि आधारभूत सर्त हो । सिंजा गाउँपालिकामा शिक्षा क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरूलाई समाधान गर्न विशेष योजना निर्माण गर्न आवश्यक रहेको, जस अन्तरगत विद्यालय भवन, पुस्तकालय, प्रयोगशाला र अन्य आधारभूत सुविधाको अभावले शिक्षाको गुणस्तरमा नकारात्मक प्रभाव पारिरहेको अवस्था छ भने  आर्थिक, सांस्कृतिक, र सामाजिक कारणले विद्यार्थीहरू विद्यालय बाहिरिने समस्या समाधान गर्न र शिक्षामा महिला र पुरूषबिचको असमानता हटाउन लैङ्गिक समानतामुखी योजना अपरिहार्य छ  साथै शिक्षकहरूको तालिमको कमी र पुराना शिक्षण विधिका कारण शिक्षाको स्तरमा सुधार ल्याउन नया उपायहरू आवश्यक छन् । शिक्षाले व्यक्तिहरूलाई आत्मनिर्भर र सक्षम बनाउने मात्र होइन, समाजको आर्थिक, सामाजिक, र सांस्कृतिक प्रगतिमा योगदान पुऱ्याउँछ ।  सबै समुदायका बालबालिकालाई शिक्षामा पहुँच दिन सकेमा समाजभित्रको असमानतालाई न्यूनीकरण गर्न सकिन्छ ।  समावेशी र गुणस्तरीय शिक्षा प्रदान गरेर विश्वव्यापी दिगो विकासका लक्ष्यहरू पूरा गर्न योगदान पुऱ्याउन सकिन्छ । सिंजा गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, र सामाजिक संरचनालाई ध्यानमा राखेर बनाइएको योजना मात्र दीर्घकालीन रूपमा प्रभावकारी हुने भएकाले शिक्षा योजना एउटा यस्तो माध्यम हो जसले चुनौतीहरूको समाधान मात्र गर्दैन, अवसरहरूको उपयोग गरेर समग्र समाजलाई प्रगतिपथमा डोऱ्याउँछ ।  स्थानीय आवश्यकता र स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गरेर, सबैका लागि गुणस्तरीय शिक्षाको

सुनिश्चितता गर्न यो योजना अपरिहार्य भएकाले यस १० वर्षे शिक्षा योजना निर्माण गरिएको छ ।

## घ) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

शिक्षा क्षेत्रको योजना बनाउनुको सिंजा गाउँपालिकाको विकास र समृद्धिका लागि अत्यन्तै सान्दर्भिक छ । ग्रामीण भौगोलिक क्षेत्र, सामाजिक संरचना, र आर्थिक अवस्थालाई ध्यानमा राख्दै शिक्षामा लगानी गर्नु, दिगो विकासको आधार हो । योजना मार्फत स्थानीय आवश्यकता पहिचान गरी शिक्षामा हुने असमानता घटाउन, भौतिक पूर्वाधार सुधार गर्न, र शिक्षकहरूको तालिम तथा व्यवस्थापनमा सुधार ल्याउन सहयोग पुग्छ । यसले विशेष गरी विकट क्षेत्रमा रहेका विद्यालयहरूलाई समृद्ध बनाउँदै सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन सहयोग पुऱ्याउँछ । शिक्षाले व्यक्तिको जीवनस्तर सुधार गर्नु,का साथै समुदायको आर्थिक र सामाजिक रूपान्तरणमा दीर्घकालीन योगदान दिन्छ । यसले विशेष गरी बालिका शिक्षामा जोड दिँदै लैङ्गिक असमानता घटाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

अन्ततः, शिक्षा योजना केवल सरकारी प्रक्रिया नभई गाउँपालिकाको समग्र विकासको प्रमुख आधार हो । सिंजा गाउँपालिकाको दीर्घकालीन सामाजिक, सांस्कृतिक, र आर्थिक विकासलाई गति दिन यस योजना अत्यावश्यक छ । यसको प्रभावकारी कार्यान्वयनले दिगो नेपालको संविधान २०७२ ले प्रदान गरेको आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने हकको सुनिश्चित गर्न तथा दिगो विकासका लक्ष्यहरूलाई प्राप्त गर्न र सम्पूर्ण समुदायलाई शिक्षाको माध्यमबाट सशक्त बनाउन मार्गदर्शन प्रदान गर्दछ।

## ङ) शिक्षा क्षेत्र योजना ( ESP) निर्माणको आधार

सिंजा गाउँपालिकाको शिक्षा क्षेत्र योजना (ESP) को आधार विभिन्न कानुनी व्यवस्थाहरूमा आधारित छ, जसले क्षेत्रको विशेष आवश्यकता र चुनौतीहरूको समाधान गर्ने उद्देश्य राख्छ । सिंजा गाउँपालिकाको शिक्षा योजना स्थानीय भौगोलिक, सामाजिक, र आर्थिक

अवस्थालाई ध्यानमा राखेर तयार गरिएको हो । गाउँपालिकाभित्रका विद्यालयहरूको अवस्थालाई बुझेर, विशेष गरी विकट क्षेत्रका विद्यालयहरूमा सुधारका उपायहरू सुझाइएको छ । यसले स्थानीय आवश्यकता र स्रोतको अधिकतम उपयोगमा आधारित छ, भने शिक्षामा सबै वर्गका बालबालिकालाई समान अवसर दिनुपर्ने अर्को आधार हो । यस योजनाले बालिका शिक्षा, ग्रामीण क्षेत्रका विद्यार्थीहरू, र विशेष आवश्यकता भएका बालबालिकालाई समावेश गर्न विशेष कार्यक्रमहरू समावेश गरेको छ । शिक्षामा लैङ्गिक समानता र अवसरको सुनिश्चितता यस योजनाको एक महत्त्वपूर्ण आधार हो । गुणस्तरीय शिक्षाको प्रवर्धन योजनाको मूल आधार हो । पाठ्यक्रमको सुधार, शिक्षकहरूको तालिम, र उपयुक्त सिकाइ सामग्रीको उपलब्धता यसको आधारमा राखिएको छ । यसले विद्यार्थीहरूको समग्र विकास र उनीहरूको भविष्य निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्नेछ । विद्यालय भवन, पुस्तकालय, विज्ञान प्रयोगशाला, र कम्प्युटर कक्षाको सुधारका लागि योजनामा विशेष ध्यान दिइएको छ । विद्यालयहरूको भौतिक अवस्थालाई सुधारेर शिक्षाको गुणस्तरमा वृद्धि गर्ने उद्देश्य राखिएको छ । शिक्षा क्षेत्रमा समुदाय र अभिभावकहरूको सक्रीय सहभागिता यस योजनाको एक महत्वपूर्ण आधार हो । विद्यालय व्यवस्थापन समितिहरूको प्रभावकारी भूमिका र स्थानीय समुदायलाई शिक्षाको महत्त्वबारे सचेत गर्न योजना बनाइएको छ । शिक्षा क्षेत्रको योजना दीर्घकालीन र दिगो विकासका लक्ष्यहरू हासिल गर्न तयार गरिएको हो । यसको उद्देश्य छ कि भविष्यमा सम्पूर्ण क्षेत्रको शिक्षा प्रणालीलाई आधुनिक र समावेशी बनाउन सुनिश्चितता प्रदान गर्नेछ । योजनाको प्रभावकारी कार्यान्वयनको लागि एक मजबुत निगरानी र मूल्याङ्कन प्रणाली स्थापना गर्ने आधार रहेको छ । यसले योजना कार्यान्वयनको प्रगति अनुगमन गर्न र आवश्यक परिमार्जन गर्न मद्दत पुऱ्याउँछ । सिंजा गाउँपालिकाको शिक्षा क्षेत्र योजना (ESP) को आधार समावेशी शिक्षा, गुणस्तरीय शिक्षा, भौतिक सुधार, र समुदायको सक्रीय सहभागिता हो । यस योजनाले विकट क्षेत्रका विद्यार्थीहरूलाई शिक्षा र समान अवसरहरू प्रदान गर्दै, दीर्घकालीन दिगो विकास सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ, माथि उल्लेखित आन्तरिक आधारहरूका साथमा तपशिलमा उल्लेखित आधारहरूको आधारमा यस योजना निर्माण गरिएको छ ।

१. नेपालको संविधान, २०७२
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४. शिक्षा ऐन, २०२८ (नवौं संशोधन, २०७४)

५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

६. विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

७. राष्ट्रिय शिक्षा नीति, २०७६ र शिक्षाको सोचपत्र २०७९

८. विद्यालय शिक्षामा समता रणनीति

९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

१०. स्थानीय तहको शिक्षा योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७९

११. विद्यालय सुधार योजना र शिक्षा क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यक्रम ।

१२. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

## च) शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्र योजना (ESP) निर्माण प्रक्रिया एक संरचित, सहभागी, र परिणाममुखी प्रक्रिया हो, जसले स्थानीय स्तरका आवश्यकता, चुनौती र स्रोतहरूको प्रभावकारी उपयोगलाई प्राथमिकता दिन्छ । यो योजनाको निर्माणक्रममा निम्नअनुसारका चरणहरू पूरा गरिएको थियो ।

१. प्रारम्भिक तयारी चरण
   - नीति र निर्देशिकाको अध्ययन
   - संगठन र योजना तर्जुमा टोली गठन

२. कार्ययोजनाको तयारी

३. मूल्याङ्कन र तथ्याङ्क सङ्कलन
   - स्थानीय शिक्षा अवस्थाको विश्लेषण
   - स्रोतको पहिचान
   - सरोकारवालासँग परामर्श

४. उद्देश्य र रणनीतिक प्राथमिकता निर्धारण

५. कार्य योजना निर्माण

- गतिविधिहरूको निर्धारण
- समयसीमा गिर्धारण
- जिम्मेवार पक्षहरूको पहिचानः

६. वित्तीय योजना र स्रोत परिचालन

७. अनुगमन र मूल्याङ्कन

८. सरोकारवालाको सहभागिता र सूचना वितरण

## छ) शिक्षा योजनाको लेखाजोखा

योजनाको तयारी गरिसकेपछि योजनाको विश्वसनीयता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरू समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्यान्वयन गर्नु,पूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । गाउँपालिकाभित्रका आन्तरिक विभिन्न विषय क्षेत्रका विज्ञहरूको सहभागितामूलक प्रक्रियाबाट यस योजनाको लेखाजोखा गर्ने कार्य गरिएको छ । यस योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गरिएको छ :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा यस सिंजा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिका विकास समिति संयोजक, वडा अध्यक्ष, विभिन्न छाता संगठनका प्रमुख तथा प्रतिनिधि लगायत वि व्य स समिति, शिक्षक अभिभावक सङ्घ विद्यालय प्र. अ. तथा वरिष्ठ शिक्षकहरूको सक्रीय तथा अर्थपूर्ण सहभागिता रहेको तथा शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शि रूपमा निर्माण गरिएको थियो । |
| २ | पर्याप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका सम्पुर्ण सरोकारवालाहरूको सक्रीय |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
| --- | --- | --- |
| | (Adequacy and relevance) | सहभागिता तथा वृहत छलफल पश्चात निधार्ण गरिएकाले पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ जसमा महिला शिक्षक सङ्ख्या / प्रतिशत, प्र .अ, वि. व्य. स अध्यक्षमा रहेका महिला सङ्ख्या / प्रतिशत, जनजाति दलित शिक्षक/ महिला शिक्षक, विद्यालयमा रहेका छात्रा सङ्ख्या, दलित, जनजाति र अल्पसङ्ख्यक छात्रा को सङ्ख्या तथा प्रतिशत र उनीहरूको सिकाइ र गुणस्तर अभिवृद्धि र समग्र सक्षमताका मुद्दाहरूको सम्बोधन गरिएको छ । |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, शिक्षा आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजना बिच अन्तरसम्बन्ध कायम गरिएको छ ।<br>• दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ ।<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, लक्ष्य, उद्देश्य, र रणनीति अनुरूप क्रियाकलाप निधार्णगरि योजना बनाइएको निर्माण गरिएको छ ।<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम गरीएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयको अन्य पक्षसँग तादात्म्य कायम गरिएको छ ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यवहारिक र सान्दर्भिक रूपमा |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | वृहत छलफल पश्चात निर्धारण गरिएका तथा अनुगमन र मूल्याङ्कनका संयन्त्रहरू निर्धारण गरिएका छन । <br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ । <br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई उठान तथा सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक स्रोतको क्षेत्र निर्धारण गरिएको र जिम्वेवारी तोकिएको छ साथै स्रोतको प्रबन्ध कस्ले गर्ने तोकिएको छ । <br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ । <br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेट बिच आपसी तालमेल कायम गरिएको छ । <br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय , सहकार्य र साझेदारी प्रणालीको विकास गरिएको छ जसले गर्दा स्रोतको उपलब्धता र प्रयाप्तता रहेको छ । |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह भित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ । <br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तह भित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ । |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | • योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ ।<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ ।<br>• आधिकारिक रूपमा प्रमाणित प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ ।<br>• तथ्याङ्क तथा सूचना बिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ ।<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ ।<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ ।<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ । |

**ज) शिक्षा योजनाको स्वरूप**

यस शिक्षा योजनाको स्वरूप स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१) को अनुसूची १ बमोजिमको ढाँचामा आधारित छ । यस योजनाले शिक्षा क्षेत्रका सबै पक्षलाई समेट्ने उद्देश्य राखेको छ । योजनाको प्रारम्भिक खण्डमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र शिक्षा अधिकृतका शुभकामना तथा भनाइहरू समावेश गरिएको छ । साथै, कार्यकारी सारांश, विषयसूची, विषय प्रवेश, योजना निर्माणको आवश्यकता र औचित्य, निर्माण प्रक्रिया, तथा आधारहरूको व्याख्या गरिएको छ ।

योजनाको **परिच्छेद- १** मा गाउँपालिकाको परिचय, **परिच्छेद- २** मा दूरदृष्टि, लक्ष्य, उद्देश्य, र रणनीतिहरू समेटिएको छ । **परिच्छेद- ३** मा शिक्षा क्षेत्रका मुख्य उप-क्षेत्रहरूको विश्लेषण गरिएको छ । यसैगरी, **परिच्छेद- ४** मा मुख्य उपक्षेत्रसँग सम्बन्धित अन्तरसम्बन्धित विषयहरू, **परिच्छेद- ५** मा शिक्षा क्षेत्रका अन्य उपक्षेत्रहरू र **परिच्छेद- ६** मा आर्थिक तथा प्रशासनिक सुधारसहित सुशासन र व्यवस्थापनबारे उल्लेख छ । **परिच्छेद- ७** मा योजनाको लगानी र स्रोतको विश्लेषण गरिएको छ भने परिच्छेद- ८ मा योजनाको अनुगमन मुल्याङ्कनको विश्लेषण गरिएको छ । थप रूपमा, अन्तिम खण्डपछि विभिन्न अनुसूचीहरू समावेश गरिएका छन् । शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू, अन्तरसम्बन्धित विषयवस्तुहरू, र सान्दर्भिक विषयहरूको वर्तमान अवस्था, समस्या, चुनौती, लक्ष्य, उद्देश्य, रणनीतिहरू र प्रमुख उपलब्धिहरूको विश्लेषण गरी समावेशी र समतामूलक सहभागितामा सर्वसम्मत रूपमा यो स्वरूप निर्माण गरिएको हो ।

**अपेक्षित उपलव्धी**

१. सबै बालबालिकाहरू विद्यालयमा समानुपाति समतामूलक पहुँचमा पुगेको हुने छ ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत तथा माध्यमिक तह शिक्षाको व्यवस्था भएको हुने छ ।
३. सम्पूर्ण तह र उमेर समूहका विद्यार्थीहरूले आफ्नो तह पूर्णरूपले पुरा गरेका हुने छन ।
४. विद्यालयमा आवश्यक तहगत शिक्षक दरवन्दिका साथै योग्य र सक्षम शिक्षकहरूको व्यवस्था भएको हुने छ ।
५. गाउँपालिकाले सम्पूर्ण विद्यालयमा आफ्नो अपनत्व लिसकेको हुने छ ।
६. गाउँपालिकाले शिक्षा क्षेत्रमा कम्तिमा पनि आफ्नो बजेटको २० प्रतिशत बजेट शिक्षामा छुट्टयाउने परिपाटीको विकास भएकोहुने छ ।
८. गाउँपालिका पूर्ण रूपमा साक्षर गाउँपालिका घोषणा भएको हुने छ ।
९. अपाङ्ग तथा बालमैत्री पूर्ण भवनहरू बन्ने छन ।
१०. विद्यालयमा सबै तहमा कूल र खूद भर्ना दर वृद्धी भइ विद्यालय छोडने दर र दोहोरिने दर शून्यमा झरेको हुने छ ।
११. विद्यार्थीको सिकाइ उपलव्धी ९५ प्रतिशत भन्दा माथी हुने छ ।

१२. प्राविधिक शिक्षा दिने गुणस्तरीय बनाइ यसका थप क्षेत्र विस्तार भएको हुने छ ।

१३. विद्यालय र समुदाय बिच घनिष्ट सम्बन्ध स्थापना भएको हुने छ ।

१४. अपाङग, तथा विभिन्न कारणले विद्यालय शिक्षामा आउन नसकेका बालबालिकाहरूले निर्वाध रूपमा आफ्नो क्षमतानुसार सीप सिक्ने उपयुक्त वातावरण पालिकाले बन्दवस्त गरेको हुने छ ।

१५. १५ देखी ७५ वर्ष उमेरसमूहका मानिसहरूको दैनिक जीवनमा आइ पर्ने क्रियाकलापहरू कुशलतापूर्ण तरिकाले सामाधान गर्न सक्ने छन ।

१६. सबै तहको विद्यालयमा महिला दलित जनजाति तथा सिमान्तकृत समुदायबाट शिक्षकको उपस्थितिमा वृद्धि भएको हुने छ ।

## परिच्छेद- -१: परिचय

### १.१ अवधारणा

शिक्षा सामाजिक, आर्थिक, र सांस्कृतिक रूपान्तरणको मूल आधार मानिन्छ । यो व्यक्तिको सर्वाङ्गीण विकाससँगै देशको समग्र विकासको मेरूदण्ड हो । शिक्षा देशको मानव संसाधन विकास, आर्थिक समृद्धि, र सामाजिक न्यायका लागि अनिवार्य मानिन्छ । नेपालको संविधान २०७२ ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा मान्यता दिएको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई संविधानले सुनिश्चित गरेको छ । संविधानले सङ्घ, प्रदेश, र स्थानीय तहलाई शिक्षासम्बन्धी अधिकार बाँडफाँड गर्दै स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापनको जिम्मेवारी दिएको छ । यसले शिक्षालाई विकेन्द्रीकृत रूपमा प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ । साथै, संविधानले समावेशी, लोकतान्त्रिक, र समाजवादउन्मुख राज्य प्रणालीलाई आधार बनाएर शिक्षाको पहुँच र गुणस्तर सुधार्न नीति अवरोधअवरोध गरेको छ ।

नेपालले सन् २०३० सम्म मध्यम आय भएको राष्ट्र बन्ने लक्ष्य लिएको छ । यस सन्दर्भमा, शिक्षा मन्त्रालयले सङ्घ, प्रदेश, र स्थानीय तहका लागि १० वर्षीय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । कर्णाली प्रदेशमा, विद्यालयहरू, बालविकास केन्द्रहरू, प्राविधिक शिक्षा कार्यक्रम, र उच्च शिक्षाको विस्तारले शिक्षामा महत्वपूर्ण प्रगति देखाएको छ ।

शिक्षा केवल ज्ञान र सीपको माध्यम मात्र होइन, यो मर्यादित जीवन, सम्मानित रोजगारी, र उद्यमशीलताको आधार हो । ज्ञानमा आधारित समाज निर्माण गरी दिगो शान्ति र समृद्धिको सुनिश्चितता गर्न शिक्षा सबैका लागि सहज र गुणस्तरीय हुनुपर्छ । नेपालको संविधान र शिक्षा नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, र रोजगारमूलक बनाउनेतर्फ ध्यान केन्द्रित गरेको छ, जसले शिक्षालाई दिगो विकास र समृद्धिको माध्यम बनाउँछ ।

नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ ओटा मौलिक हकहरूको व्यवस्था गरिएको छ । जस अन्तर्गत निम्न बुँदाहरू उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ

## १.२ वर्तमान अवस्था

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ । नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुऱ्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय स्तरका घोषणाहरूमा हस्ताक्षर गरेको छ । जसअनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरी सन् २०३० सम्म सबैका लागि समाहित/समावेशी, समतामूलक, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनि प्रतिबद्धता जनाएको छ । यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धी लक्ष्यहरू समावेश गरिएको छ, जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरूलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा

अपाङ्गता लगायत सबै किशोर किशोरीहरूको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ, जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो, जसले राष्ट्रको सामाजिक - आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुऱ्याउने दूरदृष्ट्रि सहित नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता जस्ता विषयबस्तुहरूमा सुधार गर्ने उद्देश्य लिएको थियो । साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानुनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ तयार पारी कार्यान्वयनमा ल्याइएको छ । संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धी २३ ओटा अधिकारहरूको व्यवस्था गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । साथै नेपालको १६ औं आवधिक योजना (२०८०/०८१-२०८४/२०८५) ले पनि प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गणुस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ । शिक्षाले मुलुकको आर्थिक समवृद्धी,

सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ । जनशक्तिलाई आवश्यक ज्ञान, सीप, क्षमता र योग्यता प्रदान गर्दछ । शिक्षाले नवप्रवर्तन, रोजगार र उत्पादकत्व बढाउँछ । समाजमा आउने गतिशिलतालाई सम्बोधन गर्नेगरी वैज्ञानिक सास्कृतिक, अनुसन्धान तथा विकास मार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउने लक्ष्य लिएको छ । शिक्षा प्रणालीका लागि आवश्यक नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने; विद्यालयमा साधारणतर्फ अध्ययन गर्ने भन्दा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमशः वृद्धि गर्ने गरी नीतिगत व्यवस्था गर्ने; सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने, उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गणुस्तरीय, उत्पादनमूलक र रोजगारकेन्द्रित बनाउने; आधारभूत तह देखि नै व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवरोधअवरोध गरेको छ । यसरी नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति,२०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौं योजना, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति, नियम कानुन, योजनाहरूले तय गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिका लागि यस सिंजागाउँपालिकाले बार्षिक शैक्षिक दर्पणको निर्माण तथा कार्यान्वय गरी शैक्षिक उपलब्धि प्राप्तिका लागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, दिगो, समावेशी, समतामूलक बनाउँदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि सिंजा गाँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना २०८१ - २०९१ तयार पार्नु अपरिहार्य भएको छ ।

## १.३ सिंजा गाउँपालिकाको वस्तुस्थिति

ऐतिहासिक जुम्ला राज्यको राजधानी तथा वर्तमान नेपालको प्रशासनिक संरचनामा कर्णाली प्रदेश तथा जुम्ला जिल्लामा अबस्थित रहेको छ । अत्यन्त विकट पहाडी तथा हिमाली क्षेत्र बिच रहेको यो उपत्यका भुगोल अनुपम छ । तिला नदी यो उपत्यकालाई चिर्दै बाहिर निस्केको छ । ऐतिहासिक बजार रहेरपनि हवाइ सम्पर्क मात्र भएको सिंजा उपत्यकामा हालै मात्रै सुर्खेत उपत्यकासँग कर्णाली राजमार्ग मार्फत जोडीएको छ । स्याउ लगायतका फलफुलको उत्पादनमा यो उपत्यका अग्रणी मानिन्छ । नेपालमा खस

भाषाको उद्गम स्थान जुम्ला जिल्लाको सिंजामा र बाइसे र चौविसे राज्यको समयमा शक्तिशाली राज्यको रूपमा परिचित सिंजा राज्य भएको हुँदा यस गाउँपालिकाको नामाकारण सिंजा गरिएको हो । यस गाउँपालिका साविकका ३ ओटा गाउँ विकास समितिहरू सानिगाउँ, ढाँपा र नारेकोटलाई समायोजन गरी मिति २०७३ सालमा स्थापना गरिएको हो । जसमा ६ ओटा वडाहरू रहेको छ । यस गाउँपालिको जम्मा क्षेत्रफल १५३.२९ वर्ग किलोमिटर (५९.१९वर्ग मिटर) रहेको छ भने यहाँको जनघनत्व ८१ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाले धार्मिक, सास्कृति, पर्यटकिय हिसाबमा आफ्नै महत्व वोकेको छ । धार्मिक रूपमा बुँदबुँदी केदारनाथ तीर्थ स्थल, मठ मन्दिरको रूपमा देउली माई, मालिका बाँओ, रोन्पीमाई ऐतिहासिक रूपमा पञ्चदेवल, त्रिदेवल आदी रहेका छन । पर्यटकीय रूपमा चारैतिर पहाडले घेरीएको र बिचमा सानो उपत्यकामा रहेको यस सिंजा गाउँपालिकामा हिमनदी, हिमालका दृश्य अवलोकन गर्न सकिने हुँदा यसको महत्व बढ्न गएको छ ।

### १.३.१ भौगोलिक अबस्थिति

समुन्द्री सतहदेखि करिब २४०० मिटर देखि २५१४ मिटरसम्मको उचाईमा रहेको सिंजा गाउँपालिका भौगोलिक अबस्थितिका हिसाबले २९ डिग्री २० मिनेट ३५ सेकेन्ड देखि २९ डिग्री २९ मिनेट उत्तरी अक्षांश र ८१ डिग्री ५० मिनेट ५५ सेकेन्ड देखि ८२ डिग्री १० मिनेट ३० सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा चन्दनाथ गाउँपालिका पश्चिममा कालिकोट जिल्ला, उत्तरमा कनकासुन्दरी गाउँपालिका र दक्षिणमा हिमा गाउँपालिकासँग सिमाना जोडिएको छ । जिल्लाको कूल क्षेत्रफलको ८.९१ प्रतिशत भूभाग ओगटने यस गाउँपालिकाको कूल क्षेत्रफल २२५.३९ वर्ग किमी रहेको छ । यस गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा देखि करिव ५५ किमि दुरीमा पश्चिम भागमा रहेको छ । जुम्ला जिल्लामा अबस्थित सिंजा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो साविक ढाँपा, नराकोट, शनिगाँउ गा.वि.स मिलेर बनेको यो गाउँपालिकामा ६ वडा कार्यालय सँगै यहाँको भौगोलिक अबस्थिति, ऐतिहाँसिक चिनारी र प्राकृतिक तथा सास्कृतिक उत्कृष्ठता विकासका प्रचुर सम्भावना रहेको छ । गाउँपालिकालाई मूल क्षेत्र बनाएर अविरल बगिरहने हिमा नदि

यहाँका प्रकृति सम्पदाको साथै सिचाइ कुलो गर्न महत्वपूर्ण रहेका छन । जैविक विविधताको हिसाबले उच्च पर्वतिय चिसो हावापानिमा पाइने जिव थार, कस्तुरी, सुगुर, झारल, घोडल, डाँफे, कालिज, क्याडेभ्याकुर, आदि जिवहरू मुख्य रूपमा रहेका छन । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीहरू पाखनबेद, सतुवा, पाँचऔले, गुच्छिच्याउ, जटामसि, सिलाजित, बनलसुन, कुरिल्लो, खिरौलो, सुर्कील्लो, टिपलाईटच्याउ आदि रहेका छन । यस गाउँपालिकाको माथिल्लो भेगमा अधिकांश स्थानमा बन तथा खर्कहरू रहेका छन् । गाउँपालिको उतरमा देखिने रमणिय हिमाली श्रृखलाहरूले यहाको सुन्दरता बढाएको छ । गाउँपालिकाको पुनसंरचना अनुसार वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

### १.३.२ जनसाङखिकीय संरचना

नेपालको राष्ट्रिय जनगणना वि.स २०७८ अनुसार यस गाँउपालिकाको कूल जनसङ्ख्या १२५५६ रहेको छ जसमा पुरूष ६४१३ (५१.१ प्रतिशत) र महिला ६१४३ (४८.९ प्रतिशत) छन् जसमध्ये १ वर्ष मुनिको जनसङ्ख्या २९४ रहेको छ भने ५ वर्षमूनिको जनसङ्ख्या १४९१ रहेको छ १०-१९ उमेर समूहका किशोर किशोरीहरू २६६० रहेका छन् साथै प्रजनन उमेरका महिला (१५-४९) ३१७२ रहेका छन् । (स्रोतः नेपालको राष्ट्रिय जनगणना २०७८) यहाँको जनघनत्व ८२ प्रति वर्गकिलोमिटर रहेको छ साथै जम्मा घरधुरी सङ्ख्या २३५४ रहेको छ । यस गाउँपालिकाको औषत घरपरिवारको आकार ६.२५ रहेको छ। लैगिक अनुपात १०४.४० प्रति १०० महिला रहेको छ, भने कूल जनसङ्ख्याको १.८ प्रतिशत अपाङ्गता रहेका छन् जसमा १.४ प्रतिशत महिला र २.२ प्रतिशत पुरूषमा अपाङ्गता रहेको छ । साथै यस गाउँपालिकाको कूल जन्मभएका मध्ये ८६.३ प्रतिशतले जन्म दर्ता गरेका छन् भने १२.७ प्रतिशत बालबालिकाको जन्मदर्ता हुन सकेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार वडा नं १ मा ९७३ महिला र १०२४ पुरूष गरी जम्मा जनसङ्ख्या १९९७ रहेका छन, वडा नं २ मा ९४३ महिला १०१० पुरूष गरी जम्मा १९५४ रहेका छन,वडा नं ३ मा १२०२ महिला र १२६१ गरी जम्मा २४६३

पुरूष छन, वडा नं ४ मा ९१७ महिला र ९२१ पुरूष गरी जम्मा १८३८ जना बसोबास गर्दछन । वडा नं ५ मा १०६२ महिला र १११७ पुरूष गरी जम्मा २१७२ जना बसोबास गर्दछन, वडा नं ६ मा १०४६ महिला र १०८० पुरूष गरी जम्मा २१२६ जनाको बसोबास रहेका छ ।

स्रोत : राष्ट्रिय जनगणना - २०७८

गाउँपालिकाको उमेरगत जगसङ्ख्या विवरण निम्नअनुसारको तालिकाअनुसार रहेको छ ।

| उमेर समुह | ००-०४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५-७९ | ८०-८४ | ८५-८९ | ९०-९४ | ९५+ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | ६३४ | ६३४ | ७१५ | ७१० | ८२५ | ५८७ | ४०३ | ३०६ | २४७ | ४९४ | २४६ | १७४ | १७८ | ९८ | ९१ | ३७ | १९ | ४ | ० | ११ |
| महिला | ५२८ | ५६८ | ७१० | ७३६ | ७७९ | ५२८ | ३७४ | ३०० | ५२४ | २८० | २१६ | १६१ | १६५ | १२७ | ८३ | ३४ | १३ | ५ | ३ | ९ |
| **जम्मा** | **११६२** | **१२०२** | **१४२५** | **१४४६** | **१६०४** | **१११५** | **७७७** | **६०६** | **७७१** | **७७४** | **४६२** | **३३५** | **३४३** | **२२५** | **१७४** | **७१** | **३२** | **९** | **३** | **२०** |

## १.३.३ सामाजिक सास्कृतिक अवस्था

ऐतिहाँसिक महत्व सिँजा क्षेत्रको विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू सस्कृतिको अनुपम सँगसङ्गम रहेको छ । क्षेत्री ब्राम्हण, दलित, जातिहरूको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा खस नेपाली भषा रहेको छ । धार्मिक रूपमा हिन्दू धर्मावलम्बहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरूमा दशैं, तिहार, जनैपुर्णिमा, माघे संक्रन्ति, साउन पुर्णिमा, चैत्य दशैं आदि रहेका छन् । धार्मिक तथा भाषिक रूपमा एकरूपता रहेको यस गाउँपालिकामा सास्कृतिक चाड पर्वको समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सास्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । यहाँका मानिसहरूले प्रयोग गर्ने मागल, रोपाई चोपाई, देउडा, नुवारन, छैट र धामीनाँच जस्ता कार्यक्रमहरू मार्फत मनोरञ्जन गरी आफन्तहरूसँग भेटघाट गर्ने गरेको पाईन्छ । यहाँका मानिसहरूले नेपाली दालभात र रोटी खाना खाने गर्दछन् । यहाँका गाउँलेहरूमा महिलाले गुन्यू, चोलो, पटुको, कालो काम्लो लगाउने गरेको पाइएता पनि हाल फाटफुट रूपमा साडी, कुर्ता सुरूवाल लगाउने प्रचलन बढिरहेको पाइन्छ । पुरूषहरूले नेपाली टोपी, दौरा सुरूवाल, कोट, पाइन्ट र सर्ट आदि लगाउने गरेको पाइन्छ । यस गाउँपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको छ । विशेष गरी क्षेत्री,

ब्राम्हण, ठकुरी, विश्वकर्मा, परियार,  मिजार, अन्य, सुनार आदीको बसोवास रहेको छ । यस गाउँपालिकामा क्षेत्री ६७७३ (५३.३ प्रतिशत), ब्राम्हण २२३७ (१७.८ प्रतिशत), ठकुरी ९१४(७. प्रतिशत), विश्वकर्मा ८३६ (६.२ प्रतिशत), परियार ७२९ (५.८ प्रतिशत), मिजार ९०६ (७.२ प्रतिशत), घर्ती /भुजेल ७० (०.६  प्रतिशत), सन्यासी /दशनामि ३७ (०.३  प्रतिशत), अन्य (०.२ प्रतिशत),  सुनार (०.१ प्रतिशत) रहेका छन् । यस गाउँपालिकामा  (९९.२  प्रतिशत)  मानिसहरू हिन्दू धर्म मान्ने गर्छन भने बौद्ध धर्म (०.०२ प्रतिशत ) क्रिश्चियन धर्म (०.९ प्रतिशत ) मान्ने जनसङ्ख्या रहेका छन् । यस  गाउँपालिकामा १२८१३ जना (९४  प्रतिशत) बोन (०.२ प्रतिशत ), जैन (१.०१ प्रतिशत ) धर्म मान्ने गर्दछन् । ११००३ जना  मानिसहरूले खस भाषा बोल्ने गर्दछन् भने १५२० जना ( १२.१ प्रतिशत) ले नेपाली भाषा र ०.१  प्रतिशत ले अन्य, ०.१ प्रतिशत ले जुम्ली भाषा  बोल्ने गर्दछन् ।  मुख्य रूपमा दशैं, तिहार, तिज, माघी, घिया र घाँसे जात्रा जस्ता चाडहरू मनाईन्छ । स्रोत: राष्ट्रिय जनगणना २०७८

### १.३.१.१ आर्थिक अवस्था

यस गाउँपालिको आर्थिक अवस्थाको विश्लेषण गर्दा यहाँका ७० प्रतिशतभन्दा बढि मानिसहरू कृषिमा आधारीत भएकोले मुख्य आयश्रोतको रूपमा कृषिलाई लिइन्छ ।  ३० प्रतिशत रोजगारी  तथा अन्य पेसामा आबद्ध छन । यहाँको मुख्य आम्दानीको स्रोत भनेको कृषि हो भने साहायक रूपमा जडीबुटी, पशुपालन ,फलफुल र ज्याला मजदुरीको रूपमा लिने गरेको पाईन्छ । रोजगारी र जीवनयापनका लागि हिउँदे समयमा भारतमा गई व्यवसाय गर्ने र ज्याला मजदुरी गर्ने गरेको पाईन्छ । बाख्रापालन, भेडा, घोडा, भैंसी र गाई जस्ता पशुपालन गरी आफ्नो जीवनयापन गर्दै आएको पाईन्छ । यस गाउँपालिकामा वैदेशिक रोजगार तथा अन्य स्वदेशकै अन्य क्षेत्रमा रोजगारको सिलसिलामा घर परिवारबाट महिनौं बाहिर जानु पर्ने बाध्यता यहाँका प्रत्येक नागरिकमा रहेको देखिन्छ । गरिबीका कारण छिमेकी मुलुक भारतमा सपरिवार जाने परम्परा समेत यस पालिकामा रहँदै आएको कारण विद्यालयमा भर्ना भएका बालबालिकाहरूको नियमित उपस्थिति हुने कुरा चुनौतिपूर्ण  हुन गएको छ । जसले गर्दा विद्यालयको छाड्ने र दोहोर्याउने दर बढ्दो क्रममा रहन गएको छ । सिंजागाउँपालिकाका अधिकांश स्थानीयवासी कृषिमा आश्रीत रहे पनि कृषि क्षेत्रमा

केहि समस्याहरू देखिएका छन् । कृषि प्रणाली परम्परागत हुनु, रोजगार मूलक नहुनु, जमिन बाँझिदै जानु, श्रम अनुसारको उत्पादन नहुनु, मानिसहरूमा कृषिप्रति वितृष्णा, वजार व्यवस्थापन राम्रो नहुनु, रसायनिक मल र विषादिको प्रयोग वढि हुनु, शित भण्डार नहुनु, हावापानी र माटो सहाउँदो बीउ उपलब्ध नहनु, सिंचाईको प्रयाप्त सुविधा नभएको, उत्पादकत्वमा कमी, कृषि श्रमिकको उपलब्धतामा कमी आदि कृषि क्षेत्रमा समस्या देखिएको छ ।

### १.३.१.२ प्रशासनिक अबस्थिति

सिंजा गाउँपालिका कर्णाली प्रदेश अन्तरगत जुम्ला जिल्लामा अबस्थित रहेको छ । जुम्ला जिल्लामा विद्यमान १ नगरपालिका र ७ गाउँपालिका गरी ८ स्थानीय तहमध्ये सिंजा गाउँपालिका एक हो । गाउँपालिकाको केन्द्र साविक नराकोट गाविस जुम्लामा रहेको छ । पूर्ववत रूपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लाकै एउटा मात्र निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्र मध्ये यो गाउँपालिका क्षेत्र नं. ख मा पर्दछ ।

### १.३.१.३ शिक्षा तथा साक्षरताको अवस्था

गरिबी निवारणको लागि मुख्य साधनको रूपमा शिक्षा तथा साक्षरता लाई लिइएको छ । विकासको मेरूदण्डको रूपमा रहेको शिक्षा लाई मौलिक हकका रूपमा लिएको छ । सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै उद्घोष गरी सबै नागरिकलाई शिक्षाको मूलधारमा ल्याउने प्रयत्नको फलस्वरूप सबैको लागि अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयन गरीएको छ । हाल यस गाउँपालिकाका ६ ओटा वडाहरूमा जम्मा २२ ओटा विद्यालय स्थानीय सरकारको मातहतमा सञ्चालन हुँदै आएको छ । हाल यस गाउँपालिकामा आधारभूत विद्यालय २२ ओटा, माध्यमिक विद्यालय ६ ओटा, वालविकास केन्द्र २० ओटा सञ्चालनमा छन् भने उच्च शिक्षा हासिल गर्नका लागि १ ओटा क्याम्पसमा स्नात्तक तह शिक्षा संकाय सञ्चालन भएको छ । यस गाउँपालिकामा पशु विज्ञान १ ओटा प्राबिधिक बिद्यालय १

ओटा डिप्लोमा इन इन्जिनियरिङ् संञ्चालनमा आएको छ भने ३ ओटा १०+ २ दुई ओटा संचालित छन् । बालबालिकाहरूको बिद्यालयमा प्रबेश साधारण तया वालविकास केन्द्र मार्फत कक्षा एकमा हुन्छ । धेरै कम विद्यार्थीहरू माथिल्लो कक्षामा पनि भर्ना हुन सक्छन् । हाम्रो देशमा कक्षा एकमा भर्ना हुने उमेर ५ वर्ष मानिएको छ । तथापि केही वालवालीका हरू ५ बर्ष भन्दा कम वा ५ वर्ष भन्दा माथीको उमेरमा पनि भर्ना भएको हुन्छ । यस गाउँपालिका साक्षरता ६१.२ प्रतिशत जसमा पुरूष साक्षरता ६८.६ प्रतिशत र महिला साक्षरता ५३.६ प्रतिशत रहेको छ । जनगणना २०७८ को विवरण अनुसार यस गाउँपालिका १५ देखि ६० वर्ष उमेर समूहका ३८०१ जना (३०.७ प्रतिशत) जना निरक्षर रहेकाले आवश्यक ठाँउमा प्रति कक्षा ४० जनाका दरले सहभागि गराई सवै वडामा ९५ ओटा साक्षरता कक्षाहरू सञ्चालन गर्नु, पर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस पालिकामा पढ्न लेख्न सक्ने जासङ्ख्या ६९७३ जना ६१.२ प्रतिशत रहेकोमा पुरूष सङ्ख्या ३९६२ जना ६८.६ प्रतिशत र महिला ३०११ जना ५३.६ प्रतिशत रहेको छन्, भने पढ्न मात्र सक्ने महिला३०जना ०.५ र पुरूष २१ जना ०.४ प्रतिशत जम्मा ५१ जना ०.४ प्रतिशत रहेको छ, साथै पढ्न लेख्न नसक्ने ४१३५ जना मध्ये २४६३ (४३.९ प्रतिशत) महिला र पुरूष सङ्ख्या १६३२ जना ३६.३ प्रतिशत रहेका छन। सिंजा गाउँपालिकाभित्र २० ओटा प्रारम्भिक बालविकास केन्द्र, २८ ओटा सामूदायिक विद्यालय, ३ ओटा सिकाइ केन्द्र, २ ओटा सामुदायिक विद्यालयमा प्राविधिक बिषय पठन पाठन हुन्छ । यस गाउँपालिकामा प्राथमिक विद्यालयमा महिला ८ र ४३ पुरूष गरेर जम्मा ५१ स्थायी शिक्षक दरवन्दी रहेको छ । महिला ० र १३ पुरूष गरेर जम्मा १३ राहत शिक्षक र महिला १० र ३४ पुरूष गरेर जम्मा ४४ करार शिक्षक रहेको छन् । निम्न माध्यमिक विद्यालयमा महिला ० र ८ पुरूष गरेर जम्मा ८ स्थायी शिक्षक कार्यरत रहेका छन् भने महिला ० र ९ पुरूष गरेर जम्मा ९ राहत शिक्षक रहेका छन् । माध्यमिक विद्यालयमा महिला ० र ८ पुरूष गरेर जम्मा ८ स्थायी शिक्षक दरवन्दी रहेको छ । महिला ० पुरूष ५ गरेर जम्मा ५ राहत शिक्षक दरवन्दी रहेको छ । उच्च माध्यमिक विद्यालयमा महिला ० र ५ पुरूष गरेर जम्मा ५ राहत अनुदान शिक्षक रहेका छन् ।

कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय ३ ओटा, कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय ६ ओटा, १ देखि ८ सम्म सञ्चालित विद्यालय १२ ओटा, १ देखि ५ सम्म

सञ्चालित विद्यालय २० ओटा रहेका छन् । महिला प्रधानाध्यापक माध्यमिक तहमा नरहेको, निम्नमाध्यमिक तहमा १ जना र प्राथमिक तहमा १ जना रहेका छन् । पालिकाभित्र जम्मा १८ जना महिला शिक्षक कार्यरत हुनुहुन्छ । स्रोत: गाउँपालिकको ईमिस रिपोर्ट २०८०

गाउँपालिकाभित्र सञ्चालित सामुदयिक विद्यालयमा बालबिकासमा ५३८ जसमा छात्रा २५३, छात्र २८५ जना रहेको छ जहाँ दलित छात्रा र छात्र क्रमश; ४६ र ५२ गरी ९८ जना रहेका छन्, भने बालविकास केन्द्र र विद्यार्थी अनुपात १;२६.९ रहेको छ, लैङ्गिक समता सूचक ०.९ रहेको छ । कक्षा १ मा जम्मा ४६८ जना छात्रछात्रा रहेकोमा २३६ जना छात्रा अध्ययनरत छन, जसमध्ये छात्रा छात्र दलित,६७ र ७२ जना जनजाति १ छात्रा अध्ययनरत छन, मधेशी छत्रा छात्र १ -१ जना रहेका छन यसै गरी कक्षा २ मा जम्मा २९० जना जसमा १५१ छात्रा र १३९ छात्र रहेका छन्, कक्षा ३ मा २६२ जना १४७ छात्रा ११५ छात्र रहेका छन, कक्षा ४ मा २७३ जनामा १५० छात्रा र १२३ छात्र रहेका छन भने कक्षा ५ मा २८२ जनामा १३४ छात्रा र १४८ छात्र रहेका छन । १ देखि ५ मा २११ छात्रा र २१२ छात्र गरी जम्मा ४२३ जना दलित विद्यार्थी अध्य्यनरत छन, ६ देखि ८ सम्म छात्रा ४८५, छात्र ४२९ गरी जम्मा ९०७ जना विद्यार्थीमा १२१ छात्रा र १०० जना छात्र गरी जम्मा २२१ जना दलित विद्यार्थी रहेका छन,८ जना जनजाति र १ छात्रा र ६ छात्र गरी जम्मा ७ जना रहेका छन भने २ जना मधेशी विद्यार्थी अध्ययनरत छन् । कक्षा ९ देखि १० सम्म छात्रा २८९, छात्र २९९ गरी जम्मा ५८८ जना विद्यार्थीमा ५० छात्रा र ५८ छात्र गरी १०८ जना दलित,१ छात्रा र २ छात्र गरी ३ जना जनजाति र मधेशी १ छात्रा र ६ छात्र गरी ७ जना विद्यार्थी अध्ययनरत छन् यसैगरी कक्षा ११ देखि १२ मा छात्रा २१९, छात्र २२८ जना गरी जम्मा ४४७ जना विद्यार्थी मध्ये २६ छात्रा र ४१ छात्रा गरी ६७ जना दलित विद्यार्थी रहेका छन । ३ जना छात्रा जनजाति, ७ छात्रा र १ छात्र गरी ८ जना मधेशी विद्यार्थीहरू अध्ययनरत छन् । स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्ल्यास रिपोर्ट २०८१

**सिंजा गाउँपालिकामा रहेका विद्यालयहरू**

| क्र.सं. | बिद्यालयको नाम | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|
| १ | कुलदेब आधारभूत विद्यालय प्याकुरेबाडा | सिंजा १ | १ देखि ५ |
| २ | रत्नलाल आधारभूत विद्यालय डिग्रा | सिंजा १ | १ देखि ५ |
| ३ | मालिका मा बि धापा | सिंजा १ | १ देखि १२ |
| ४ | कालिका आधारभूत विद्यालय बिस्टबाडा | सिंजा २ | १ देखि ५ |
| ५ | रोप्नीजनजागृती आधारभूत विद्यालय रनुखाना | सिंजा २ | १ देखि ५ |
| ६ | माध्यमिक विद्यालय चसलेलगाँउ | सिंजा २ | १ देखि ९ |
| ७ | भैरब आधारभूत विद्यालय नराकोट | सिंजा ३ | १ देखि १२ |
| ८ | महादेब मा बि गोठिपिगी | सिंजा ३ | १ देखि १० |
| ९ | फुटाशिली आधारभूत विद्यालय धिताल लिही | सिंजा ३ | १ देखि ८ |
| १० | शान्ती आधारभूत विद्यालय तल्लो गोठी | सिंजा ४ | १ देखि ५ |
| ११ | सारदा आधारभूत विद्यालय गाँडापानी | सिंजा ४ | १ देखि ८ |
| १२ | केदारनाथ आधारभूत विद्यालय बारे | सिंजा ४ | १ देखि ८ |
| १३ | चन्द्रसुर्य आभारभुत विद्यालय भुली | सिंजा ४ | १ देखि ५ |
| १४ | कालीका आधारभूत विद्यालय गोरा | सिंजा ५ | १ देखि ८ |
| १५ | मन सामुदायिक विद्यालय गोरा | सिंजा ५ | १ देखि ५ |
| १६ | कैलाश आधारभूत विद्यालय फुंग्र | सिंजा ५ | १ देखि १२ |
| १७ | महादेब आधारभूत विद्यालय स्याउले | सिंजा ५ | १ देखि ३ |
| १८ | जनता आधारभूत विद्यालय सनिगाउ | सिंजा ५ | १ देखि ५ |
| १९ | जनज्योती आधारभूत विद्यालय रूगा | सिंजा ६ | १ देखि ८ |
| २० | शान्तीजन आधारभूत विद्यालय काँडागाउ | सिंजा ६ | १ देखि ५ |
| २१ | माध्यमिक विद्यालय जोडु | सिंजा ६ | १ देखि १० |
| २२ | देउती आधारभूत विद्यालय भाँडगाउ | सिंजा ६ | १ देखि ८ |

## १.४ मुख्य अवसर, समस्या तथा चुनौती

**अवसरहरू**

यस गाउँपालिकाले शिक्षा क्षेत्र सुधारका लागि बार्षिक कार्यक्रममा प्राथमिकताका साथ शिक्षालाई ३० प्रतिशत छुट्याउने गरेको छ । साथै गाउँपालिकामा कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षासँग सम्वन्धित सबैलाई नियमित क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठि सञ्चालन गरी क्षमतावान शिक्षक तथा कर्मचारि निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । स्थानीय  पाठ्यक्रम (हाम्रो सिंजा) स्वीकृत गरी कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षा समितिको गठन भइ शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा सक्रीय भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरूको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, शिक्षा क्षेत्रमा शिक्षकसंगै बालकालिका संगै अभिभावको आयआर्जन वृद्धि गरी पठन पाठनमा समतामूल पहुँच सुनिश्चित गर्दै, सीपयुक्त दक्ष जनशक्ति निर्माणका आवश्यक कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । गाउँपालिका उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति निर्माण भएको, स्थानीय तह मार्फत नया बालविकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको,  वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण विद्यालयहरू IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमित प्र. अ. बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको, विद्यालयका कार्यरत शिक्षकहरूको  तलब भत्ता मासिक रूपमा EFT सिस्टम मार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गर्ने गरिएको, अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया सकि कार्यान्वयनमा आएको छ । साथै यस पालिकामा विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरू शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएको छ ।

**मुख्य समस्याहरु**

विद्यालय उमेरका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा पुर्याउन नसकिनु, विद्यालयमा बालबालिकाहरू उपयुक्त उमेरमा भर्ना नहुनु, छाउपडी र बालविवाह न्यूनीकरण हुन नसक्नु, गाउँपालिकास्तरीय शिक्षा नीति, निर्देशिका तथा मापदण्डहरूको निर्माण तथा कार्यान्वयन

हुन नसक्नु। विद्यार्थीहरूको सिकाइ उपलब्धी अपेक्षित हुन नसक्नु, भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन, सिकाउन र बिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव, विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, नियमित रूपमा विद्यार्थीहरूको स्वास्थ्य जाच तथा रिफेरल सहयोगको अभाव (अपाङ्गअपाङ्गताको स्क्रिनिङ समेत), विद्यालयमा स्वच्छ खानेपानी, स्वच्छ शौचालयको अभाव, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको सबै विद्यालयमा उचित व्यवस्थापन नहुनु र शिक्षकहरूको पेसागत विकास र प्राविधिक सहयोगको अभाव, शिक्षामा लगानीका लागि स्थानीय सरकारको चासो कम रहनु, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षकबिच समन्वयको अभाव, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरूमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव ।

### शिक्षा क्षेत्रका अवसरहरू

संवैधानिक तथा कानुनी आधारहरू सहित आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यिमक तहसम्म निःशुल्क गरेर सबै बालबालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु,, तीन तहको सरकारहरू बिच समन्वय, सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यिमक तहसम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूयाङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि सञ्चालन गरेर समय सापेक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्ने अवसर स्थानीय तहलाई हुने, शिक्षामा लगानी वृद्धि गरी गुणस्तरीय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्ने, तीन वटै सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन, विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखिय उपलब्धि हासिल गर्न तथा सिक्ने वातावरण हुनु, स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हनु, नेपालको संविधान (२०७२) ले बालबालिकाहरूको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संबैधानिक दायित्वका रूपमा स्थापित गर्दै संबिधानको अनुसूची ८

मा माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तह मातहत राखेको छ । संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संवैधानले सिर्जना गरेका दायित्वहरू कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशिल रहेको अवस्था छ ।

## चुनौतीहरू

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, विद्यालय नक्साङ्कन गर्न नसकिनु, अपाङ्गअपाङ्गता भएका बालबालिका, सबै बालबालिकाहरूलाई विद्यालयसम्मको पहुँच, अपाङ्गअपाङ्गतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिक रूपले पछि परेका समुदायका बालबालिकाहरूलाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रूपमा रहेको देखिन्छ । सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन हुन नसक्नु, नतिजामूलक रूपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सिर्जना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकताप्राप्त क्षेत्रका रूपमा शिक्षालाई सम्बोधन नगरिनु, पर्याप्तता, समता र नतिजामूलक रूपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रूपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौति देखिनु, शैक्षिक संरचना र संगठनहरूलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रूपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजता हुनु, विपत् जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति, कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण पृष्ठपोषणको परिपाटी नहुनु आदि चुनौति रहेका छन् ।

## परिच्छेद- -२: दूर दृष्टी, उद्देश्य, रणनीति तथा लक्ष निर्धारण

### २.१ अवधारणा

शिक्षा कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार हो, तर गुणस्तरीय शिक्षाबिना सामाजिक, आर्थिक, र राजनीतिक विकासको परिकल्पना गर्न सकिँदैन । नेपाल प्राकृतिक र भौगोलिक विविधता भएको मुलुक हो, जहाँ विभिन्न जाति, भाषा, धर्म, र संस्कृतिका मानिसहरू बसोबास गर्छन् । यसले यहाँका मानिसहरूको शिक्षण पद्धति र सीपमा विविधता ल्याएको छ । शिक्षा भनेको जीवनोपयोगी सीप सिक्नु हो, जुन औपचारिक रूपमा विद्यालयहरूबाट र अनौपचारिक रूपमा घर तथा समाजबाट प्राप्त हुन्छ ।

नेपालको प्राचीन शिक्षा धर्मसँग जोडिएको थियो । गुरूकुल, मदरसा, र गुम्बा जस्ता संरचनाहरू अनौपचारिक रूपमा सञ्चालन हुन्थे । समयक्रमसँगै बाइसे-चौबिसे राज्य, मल्लकाल, र राणाकाल हुँदै शिक्षामा व्यापक परिवर्तन भयो । वि.सं. १९९६ मा जारी गरिएको नेपालको पहिलो शैक्षिक ऐनले विद्यालय सञ्चालन र अनुगमनलाई व्यवस्थित गर्दै शिक्षामा एकीकृत दृष्टिकोण ल्यायो ।वि.सं. २०१७ मा प्रजातन्त्रको आगमनसँगै नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११) गठन भयो । यसले प्राथमिक, माध्यमिक, र उच्च शिक्षाको संरचना तयार पार्यो । तर, पञ्चायती शासनकालमा शिक्षालाई राजसंस्थाप्रति प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ एकीकृत प्रणालीमा समेटियो । वि.सं. २०२८ मा ल्याइएको राष्ट्रिय शिक्षा प्रणालीले शिक्षामा व्यवसायिकतालाई प्राथमिकता दियो । २०४६ सालपछि प्रजातन्त्र पुनःस्थापित भएपछि शिक्षालाई समावेशी र लोकतान्त्रिक बनाउने उद्देश्यले विभिन्न आयोग र योजनाहरू कार्यान्वयन गरिए । २०५५ सालमा उच्चस्तरीय शिक्षा आयोगले शिक्षामा संरचनागत सुधारका उपाय प्रस्ताव गर्यो । यसले विद्यालय शिक्षालाई प्राथमिक (१-५), निम्न माध्यमिक (६-८), माध्यमिक (९-१०), उच्च माध्यमिक (११-१२), र उच्च शिक्षा (१३+) मा विभाजन गर्यो ।

### शिक्षामा नया पहल र सुधार

विश्वव्यापी शिक्षाको लक्ष्य हासिल गर्न नेपालले विभिन्न परियोजना, योजना, र नीतिहरू लागू गरेको छ । उदाहरणका लागि, सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, र विद्यालय क्षेत्र सुधार योजना (२०१०) मार्फत विद्यालय शिक्षामा सुधारका प्रयास भए । २०६३ मा निर्माण गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप लाई परिमार्जन गरी २०७६ मा लागू गरिएको छ । यस प्रारूपले पाठ्यक्रम संरचना र मूल्याङ्कन प्रणालीलाई अझ व्यवस्थित बनाउने अपेक्षा गरिएको छ । शिक्षाशास्त्रीहरूका अनुसार, गुणस्तरीय शिक्षा न्यूनतम मानवीय आवश्यकता र अधिकार हो । नेपालको शिक्षा प्रणालीले समयानुकूल सुधार र विश्वव्यापी परिप्रेक्ष्यमा प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि महत्वपूर्ण भूमिका खेल्दै आएको छ । शिक्षा प्रणालीको निरीक्षण, मूल्याङ्कन र स्तरोन्नतिलाई निरन्तरता दिँदै गुणस्तरीय शिक्षाको सुनिश्चितता र पहुँचलाई सबैका लागि उपलब्ध गराउनु नेपालको दीर्घकालीन विकासका लागि अपरिहार्य छ ।
नेपालको संविधान, २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । संविधानले सङ्घीय संरचना अन्तर्गत सङ्घ, प्रदेश, र स्थानीय तहबिच शिक्षासम्बन्धी अधिकार बाँडफाँड गरेको छ । यसले शिक्षालाई विकेन्द्रीकृत र समावेशी बनाउने प्रयासलाई बलियो बनाएको छ । नेपाल अधिराज्यको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा राखेको छ ।

यसैगरी संविधानको अनुसूची आठमा आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, नियन्त्रण र रेखदेख गर्ने कार्य स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राखिएको छ । विद्यालय शिक्षालाई निःशुल्क एवम् अनिवार्य गर्ने कानुनी मान्यता संविधानले नै व्यवस्था गरिसकेको र सो प्रदान गर्ने प्रमुख दायित्व स्थानीय सरकारलाई प्रदान गरिसकेको अवस्था छ । यसैगरी संविधानले साक्षरता शिक्षा, अनौपचारिक शिक्षा, प्रारम्भिक बाल शिक्षा जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने दायित्व समेत स्थानीय सरकारलाई प्रदान गरेको छ । नेपालको विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । आधारभूत तह प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म जम्मा नौ वर्षको व्यवस्था गरिएको छ भने माध्यमिक तहमा कक्षा नौदेखि बाह्रसम्म जम्मा चार वर्षको व्यवस्था गरिएको छ । माध्यमिक शिक्षा साधारण, संस्कृत र प्राविधिक तथा व्यवसायिक गरी तीन खालको हुने व्यवस्था गरिएको छ । यसैगरी गुरूकुल, गुम्बा र मदरसा शिक्षालाई पनि विद्यालय संरचनामा व्यवस्थित गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय

शिक्षाको तहगत र कक्षागत खाका निम्नानुसार हुने उल्लेख गरेको छ (शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय, २०७६) । परम्परागत समयदेखि नै सिक्ने र सिकाउने कार्यको साथसाथै विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको लेखाजोखा औपचारिक एवम् अनौपचारिक तरिकाले गर्ने प्रचलन थियो । यही परम्पराको निरन्तरता स्वरूप नेपालमा शिक्षा विकासको योजनाबद्ध कार्यक्रम सँगसँगै औपचारिक मूल्याङ्कनका साधनहरूको प्रयोगबाट लेखाजोखा गर्ने प्रचलनको सुरूवात भएको पाइन्छ । आजको समयमा औपचारिक एवम् आनौपचारिक तरिकाले गरिने सिकाइ उपलब्धिको लेखाजोखालाई शिक्षण सिकाइको एक अभिन्न अंशको रूपमा स्वीकार गरेको पाइन्छ । नेपालमा CEHRD ले विद्यालयतहका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिको परिक्षण गरी नतिजा समेत प्रकाशन गर्दै आएको छ । जसमा विषयगत रूपमा विभिन्न कक्षाका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि प्रस्तुत् गरिएको छ । यसलाई हेर्दा धेरै विषयहरूमा औसत सिकाइ उपलब्धि ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ । यही मानाङ्कलाई आधार मानी विद्यालयहरूले आफ्ना विद्यार्थीहरूको सिकाइ उपलब्धिको सुधार गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्नु,पर्छ (शिक्षा मन्त्रालय, २०७४) । यही अवस्थालाई दृष्टिगत गरी समुदायमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको सुधार गर्न उपलब्धिको विश्लेषण गर्न र सोही अनुपातमा शैक्षिक कार्यक्रमको निर्माण गर्न नसकिएको देखिन्छ । तसर्थ, यस अनुसन्धानले स्थानीय स्तरमा विभिन्न विद्यालयको शैक्षिक उपलब्धिको औषत् स्थिति र शैक्षिक कार्यक्रमहरू निर्माण कसरी र कुन अवस्थामा रहेको छ भन्ने प्रमुख समस्यामा आधारित भई अगाडि बढेको छ । यिनै समस्याहरूमा आधारित भई यस १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यन्वयन गर्ने र प्ररम्भिक बालविकास सहित सबै तहका विद्यालमा विद्यार्थीहरूको कक्षागत र विषयगत सिकाइ उपलब्धिको विश्लेषण गर्नु,का साथै सञ्चालित शैक्षणिक एवम् अतिरिक्त क्रियाकलापको कार्यन्वयन गर्नु, तथा विश्लेषण गर्नु, रहेको छ ।

## वर्तमान अवस्था

नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो । सिंजा गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन् । हाल सिंजा गाउँपालिकामा साविकका नराकोट, शनिगाउँ र ढाँपा गा.वि.स.हरू मिलेर बनेको यस पालिकामा हाल ६ वडाहरू

मार्फत जनतालाई सेवा प्रवाह गर्ने कार्य भइरहेको छ । गाउँ कार्यपालिकाको मातहतमा शैक्षिक प्रशासनका सेवाहरू शिक्षा शाखाले प्रवाह गर्दै आएको छ । यस गाउँपालिकाले नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरूप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रूपमा आत्मसाथ गर्दै आएको छ, साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरूसमेत गरेको छ । यसैगरी शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान वितरणका साथै सामुदायिक विद्यालयमा बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवरोधअवरोध गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुँदै आएको छ ।

यस गाउँपालिकाले बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहको शिक्षा नि;शुल्क हुने घोषणा गरेको छ । शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदैं आइरहेको छ । यस गाउँपालिकामा जम्मा २२ विद्यालयहरू छन्, जसमा १६ आधारभूत,६ माध्यमिक, र ३ उच्च माध्यमिक विद्यालय समावेश छन् । हाल करिब ३५२४ विद्यार्थीले अध्ययन गरिरहेका छन् । तर, विद्यालय छोड्ने दर ३.५ प्रतिशत रहेको छ, र शिक्षक-विद्यार्थी अनुपात १:२५ छ, जुन सुधारको आवश्यकता रहेको सङ्केत गर्दछ । विद्यालयहरूको भौतिक पूर्वाधार कमजोर रहेको छ । भवनहरूको एक चौथाई जीर्ण अवस्थामा छन् भने पुस्तकालय, विज्ञान प्रयोगशाला, र कम्प्युटर कक्षाको कमी छ । समयमै पाठ्यपुस्तक र स्टेशनरी उपलब्ध गराउन कठिनाई भइरहेको छ । भौगोलिक रूपमा टाढा रहेका बस्तीहरूका विद्यार्थीहरूलाई विद्यालयसम्म पहुँचमा समस्या छ । बालश्रम, गरीबी, र लैङ्गिक असमानता शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू हुन् । अभिभावकहरूको शिक्षाप्रतिको चासो पनि न्यून रहेको पाइन्छ । स्थानीय स्रोत साधनहरूको समुचित प्रयोग गर्दै, विद्यालयहरूको मर्मत तथा नया पूर्वाधार निर्माण गरिनुपर्छ । बालिका शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम लागू गर्नु,पर्छ । शिक्षकहरूको प्राविधिक र व्यवसायिक तालिमका

साथै अभिभावक र समुदायलाई शिक्षाको महत्त्वबारे सचेतना कार्यक्रम सञ्चालन गर्नु,पर्छ । दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनले शिक्षाको पहुँच र गुणस्तरमा सुधार ल्याउने अपेक्षा गर्न सकिन्छ ।

यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा, प्राविधिक तथा व्यवसायिक शिक्षा यस सिंजा गाउँपालिकाले परिमाणात्मक लक्ष्य अबको ५ वर्षसम्ममा र भौतिक लक्ष्य अबको १० वर्षमा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेद-मा योजनाको दूरदृष्टि, लक्ष्य , उद्देश्यहरू, रणनीतिहरू, कार्यनिति तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ ।

## २.२ दूर दृष्टीहरू

### दीर्घकालीन राष्ट्रिय सोच

"आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने " ।

### सिंजा गाउँपालिकाको दूरदृष्टी तथा गन्तव्य

“स्थानीय ज्ञान शिपको प्रयोगसहित प्रविधिमैत्री शिक्षा: शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवाला सबैको ईच्छा” ।

## २.३ लक्ष्य (Goal)

सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गर्नका लागि गुणस्तरीय शिक्षाका लागि समावेशी, समतामूलक, व्यवहारिक, जीवनउपयोगी र मैत्रीपूर्ण शिक्षा प्रदान गर्न जोड दिने ।

## २.४ उद्देश्य

१. सवै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनपोयी, उत्पादनमुखी, रोजगारमूलक र प्रविधिमैत्री शिक्षामा जोड दिनु ।

२. विद्यालयमा विद्यार्थी झिकाउने,सिकाउने, टिकाउने विकाउने, जनशक्ति तयार गर्नु,,

३. गुणस्तरीय शिक्षामा समावेसी र समतामूलक सहभागितामूल पहुँच सुनिश्चित गर्नु, तथा विशेष शिक्षाका लागि आवश्यका संरचनाको विकास गर्नु, ।

४. स्थानीय ज्ञान,सीप, र संस्कृतीलाई वृद्धिअभिवृद्धि गर्दै आत्म निर्भर, नैतिकवान, खस भाषा संस्कृती प्रती गौरब बोध गर्ने नागरीक उत्पादन गर्नु,,

६. सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूसँगको सहकार्य तथा समन्वयमा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु,,

७. उच्च शिक्षातर्फ प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी एवम् देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्नु,,

८. शिक्षा प्रणालीको सबल व्यवस्थापनमार्फत शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापनमा गुणात्मक र परिमाणात्मक सुधार गर्नु,,

९. बदलिदो विश्वपरिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सोही अनुसारको अध्ययन र अनुसन्धानका लागि शिक्षामा आवश्यक प्रबन्ध गर्न,

## २.५ रणनीति

२.६.१ प्रारम्भिक बालविकास सहित आधारभूत तहका सबै बालबालिकालाई स्थानीय स्तरमा उत्पादित पोषण युक्त खाजाको व्यवस्थापन गर्ने ,

२.६.२ गुणस्तरीय र जीवनोपयोगी सीप सहितको व्यवहारिक तथा प्रयोगात्मक सिकाइहुने वाताबरणको व्यवस्था गर्ने ,

२.६.३ बाल मनोविज्ञानअनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने ,

२.६.४ बालबालिकालाई वर्तमान परिवेश अनुसार सूचना तथा प्रविधियुक्त शिक्षा प्रदान गर्ने

२.६.५ सबै विद्यालयहरूमा वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धन गर्दै गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गर्ने,

२.६.६. प्रत्येक नागरिकलाई अपाङ्गता भएका सहित, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि गाउँपालिकाबाट पहल गरिने र आवश्यकता अनुसार सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने,

२.६.७. घर, विद्यालय र सार्वजनिक क्षेत्रलाई शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मुक्त गर्दै बालसहभागिता प्रवर्धन गरी सबै विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिने,

२.६.८. सबै विद्यालय र बालबालिकालाई संभावित विपत् जोखिम उत्थानशील हुने गरी सुरक्षित विद्यालय निर्माण गर्नु,का साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छताको व्यवस्था सुनिश्चित गरिने,

२.६.९. निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरी नियमन गरिने,

२.६.१० गरिब, विपन्न तथा द्वन्द पिडित, वेपत्ता, सहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति प्रदान गरिने,

२.६.१० सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको नीति एकीकृतगर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउँदै हाल भइरहेको को लगानीलाई अभिवृद्धि गरी कम्तिमा २० प्रतिशत पुर्याउने ।

२.६.११ स्थानीय पाठ्यक्रममा स्थानीय ज्ञान सीप का साथै रैथाने वालि कृषि पशुपालन घरेलु उघोग सम्बन्धी विषयवस्तु समावेश गर्ने,

२.६.१२ आधारभूत तह ६-८ देखि माथिका सबै तहमा पढ्दै कमाउदै कार्यक्रम सबै विद्यालयमा लागु गर्ने,

२.६.१३ विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरूमा खस संस्कृतिको संरक्षणहुने वातावरण सिर्जना गर्ने,

२.६.१४ शिक्षक, अभिभावक, विद्यार्थी र सरोकारवालाहरू बिच विद्यार्थी मूल्याङ्कन प्रणालीमा घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारू केन्द्रित अभ्यासलाई आधार बनाउने ,

२.६.१५ सिकारूको मूल्याङ्कनको आधारमा सिकारूका सिकाइका कमजोर पक्षहरू, सिकारूले थप सुधार गर्नु,पर्ने पक्षहरू, शिक्षकले गर्नु,पर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समय समयमा अभिभावकलाई समेत प्रदान गरिने,

२.६.१६ प्रविधिमा आधारित शैक्षिक सामग्री (डिजीटल शैक्षिक सामग्री) को विकास तथा प्रयोग क्रमशः बढाउँदै लौजाने ।

२.६.१७ तीन वटै तहको सहकार्य र समन्वयमा शिक्षण पेसामा अरू पेसामा भन्दा दश प्रतिशतका दरले तलव सुविधामा बढोत्तरी गर्नु,का साथै शिक्षकहरूलाई पेसाप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनका लागि उनीहरूको कार्यसम्पादनको स्तर र विद्यार्थी एवम् अभिभावकको अभिमतलाई बढुवा र प्रोत्साहन सुविधासँग आवद्ध गरिने,

२.६.१८ आधारभूत तहकोपाठ्यक्रमको पूरावलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान प्रविधिलाई सन्तुलित नीति समावेश गरिने साथै पाठ्यपुस्तकलाई बढि भन्दा बढि क्रियाकलापमुखी बनाउने र थप उपयोगी बनाउन शिक्षकका लागि थप सामग्रीको व्यवस्था गरिने,

२.६.१९ दुर्गम र पातलो बस्ती भएका क्षेत्रहरूमा तल्लो तहका विद्यालयहरू सञ्चालन गरी बहुकक्षा शिक्षणको आधारमा पठनपाठन गर्ने र त्यस्तो बस्तीका माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरूलाई आवासीय सुविधा प्रदान गरी कम्तिमा एउटा स्थानीय तहमा एउटा आवासीय माध्यमिक विद्यालय स्थापना गरी सञ्चालन गरिने ,

२.६.२० विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने

२.६.२१ आधारभूत आवस्यक्ताका स्थानीय सामाग्रिहरू निर्माणका लागि क्षमतावान बनाइ शैक्षिक सामाग्रिका रूपमा प्रयोग गर्ने

२.६.२२ शैक्षिक भम्रण कार्यक्रमलाई अन्तर गाउँ / गाउँपालिका स्तरीय गराइ स्थानीय धर्म संस्कृति र पर्यटनलाई टेवा पुर्याउने ।

२.६.२३ दुर्गम र पातलो बस्ती भएका क्षेत्रहरूमा तल्लो तहका विद्यालयहरू सञ्चालन गरी बहुकक्षा शिक्षणको आधारमा पठनपाठन गर्ने र त्यस्तो बस्तीका माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरूलाई आवासीय सुविधा प्रदान गरी कम्तिमा एउटा स्थानीय तहमा एउटा आवासीय माध्यमिक विद्यालय स्थापना गरी सञ्चालन गरिने ,

२.६.२४ गाउँपालिकाले आफ्नो इलाकाभित्रका शिक्षालयमा छात्रा र छात्रलाई छुट्टै सौचालय, पयाप्त खेल्ने ठाउ, शिक्षालयमा कम्पाउण्ड वाल तथा घेराबार, विद्यार्थीको उमेर र शारीरिक बनावट अनुसारको फर्निचर, उपयुक्त कक्षाकोठा, निम्नतम शैक्षिक सामग्री उपलब्ध भएको सुनिश्चित गरिने,

२.६.२५ पुस्तक समीक्षा, कला तथा सिर्जना परिक्षण, कक्षाकोठामा आधारित वा सिकारूको समुदाय वा परिवारमा आधारित स- साना खोजमूलक कार्य र तिनको सङ्क्षिप्त प्रतिबेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकाहरूलाई परीक्षा र मूल्याङ्कनका साधनको नीति संस्थागत गरिने,

२.६.२६ प्रविधिमा आधारित शैक्षिक सामग्री (डिजीटल शैक्षिक सामग्री) को विकास तथा प्रयोग क्रमशः बढाउँदै लौजाने ।

२.६.२७ प्राध्यापकहरू प्राज्ञिक उन्नयन कार्यमा अनिवार्य सङ्लग्न हुनुपर्ने र उक्त कार्यलाई बढुवाको आधार बनाउने ।

२.६.२९ उत्कृष्ट विद्यालयहरूलाई नमुना विद्यालयको नीति विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी वातावरणको विकास गरिने ,

२.६.३० उत्कृष्ट विद्यालयहरूलाई नमुना विद्यालयको नीति विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी वातावरणको विकास गरिने ,

२.६.३१ प्रधानाध्यापकलाई शिक्षक व्यवस्थापन र परिचालनको लागि अधिकार सम्पन्न बनाउने ।

२.६.३२ सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि सङ्घले तयार पार्ने राष्ट्रिय शिक्षक सक्षमताको मापदण्डको आधारमा शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने,

२.६.३३ विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्न सहजीकरण गरिने ,

माथि उल्लेखित रणनीति पूरा गर्नका लागि देहाय अनुसारका कार्यनीतिहरू तयार गरिएकोछ ।

**१. प्रारम्भिक बालविकास सहित आधारभूत तहका सबै बालबालिकालाई स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाजाको व्यवस्थापन गर्ने,**

(क) शिक्षाबाट वञ्चित भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने, सार्वजनिक गर्ने र विद्यालयमा ल्याउन पहल गरिनेछ ।

(ख) दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई बिद्यालयमा दिवा खाजा उपलब्ध गराउने र अभिभावकको सङ्लग्नतामा माध्यमिक तहसम्मका बिद्यार्थीहरूलाई दिवा खाजाको प्रबन्ध गर्ने,

(ग) विभिन्न सुविधाहरुको विस्तार गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने,

(घ) सबै विद्यालयहरुमा प्रयाप्त स्वच्छ पिउने पानीका साथै सरसफाइ सामाग्री व्यवस्थापन गर्ने,

(ङ) दिवा खाजा व्यवस्थापनका लागी स्थानीय स्तरको कृषि उत्पादित वस्तुलाई प्राथमिकता दिईने,

(च) दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन तिनै तहका सरकारसँग साझेदारी, अभिभावक सक्रीयता र गैह्र सरकारी संस्थाहरुसँग आवश्यक सहयोगका लागि पोषण अन्तरगत न्यून रकमलाई वृद्धि गर्नका लागी आवश्यक तयारी गर्ने,

**२. गुणस्तरीय र जीवनोपयोगी सीप सहितको व्यवहारिक तथा प्रयोगात्मक सिकाइ हुने वाताबरणको व्यवस्था गर्ने ,**

क) गुणस्तरीय शिक्षा सम्बन्धी सूचकहरू तयार गर्ने र सोहिअनुसार नमुना विद्यालयको विकास गर्ने,

(ख) कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गरिनेछ । कुनै शिक्षकले विद्यालय समयमा अन्यत्र कुनै पेसा व्यवसाय गर्न पाइने छैन ।

(ग) समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सिर्जना गरिनेछ ।

(घ) सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा ट्युसन पढाउन नपाउने नीतिले कडाइका साथ अवलम्बन गरिनेछ ।

(ङ) विद्यालयमा सबै पक्षको सहभागिता सुनिश्चित (स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा, युवा तथा खेलकुद शाखा, महिला विकास, गाउँ प्रतिनिधि, बाल प्रतिनिधि आदि) गरेर शिक्षा विकास समिति गठन गरिनेछ ।

(च) विद्यायलयको गुणस्तर कायम गर्न गाउँक्षेत्रभित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गरिनेछ ।

(छ) गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयमा सुनिश्चतता गरिनेछ ।

(ज) शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गरिनेछ र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गरिनेछ ।

(झ) भित्रका सबै प्र.अ.हरूको भेला जगरेर वास्तविक समस्याहरूको पहिचान गरी समाधानको लागि योजना बनाइनेछ ।

(ञ) तालिममा सिकेका विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गरिनेछ र त्यसको अभिलेख विद्यालयमा व्यवस्थापन गरिनेछ ।

(ट) स्थानीय स्तरको आवश्यकतालाई मध्यनजर गरी स्थानीय पाठ्क्रम निर्माण गरिनेछ ।

(ठ) विद्यार्थीहरूको नियमितता (मेरो साथी खोई अभियान) मा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गरिनेछ ।

(ड) शिक्षक नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम् सेवक द्वारा पढाउने व्यवस्था मिलाउनेछ ।

(ढ) बढि उपस्थित हुने विद्यार्थी र विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गरिनेछ । कक्षा ८ को परीक्षालाई SEE को जस्तो बनाउँदै लैजान परीक्षा केन्द्र र केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष । निरीक्षक तोकेर व्यवस्थित नीति सञ्चालन गर्ने उत्तरपुस्तिका परिक्षण र नतिजा प्रकाशनमा विश्वसनीयता रहने गरी कार्य गरिनेछ ।

(ण) विज्ञान सामाग्री, पुस्तकालय, खेलकुद सामाग्री व्यवस्था, सास्कृतिक कार्यक्रमका सामाग्रीहरू तथा प्रविधिमय सामाग्रीको व्यवस्था गरिनेछ ।

**३. बालमनोविज्ञान अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने ,**

क) कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा कुनै मानसिक तथा शारीरिक यातना बाल विवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनीकरण सम्वन्धी अभियानहरू सञ्चालन गरिनेछ ।

ख) सबै विद्यालय र बालबालिकालाई सम्भावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रवर्धन गर्नु,का साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्था गरिने ,

घ) छात्र र छात्राहरूको लागि बेग्ला बेग्लै शौचालयको व्यवस्था गरिनेछ ।

ङ) प्रत्येक वडा तथा विद्यालयस्तरमा बालक्लबको गठन गर्ने र उनीहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने,

**४. स्थानीय ज्ञान,सीप, र संस्कृतीलाई वृद्धिअभिवृद्धि गर्दै आत्म निर्भर, नैतिकवान, खस भाषा संस्कृती प्रती गौरब बोध गर्ने नागरीक उत्पादन गर्नु,,**

क) अतिरिक्त क्रियाकलापहरूमा स्थानीय संस्कृति झल्किने खालका सास्कृतिक कार्यक्रम र खेलहरू सञ्चालन गर्ने,

ख) आधारभूत आवश्यकताका स्थानीय सामाग्रि निर्माणमा वालबालिकालाई क्षमतावान बनाउने क्रियाकालाप सञ्चालन गर्ने,

ग) पढ्दै कमाउदै जस्ता कार्यक्रमहरूको निरन्तरता दिने तथा उक्त कार्यक्रममा बालबालिकाका अभिभावकहरूलाई समेत समेट्दै लैजाने ।

घ) जीवनोपयोगी सीप सिकाउन व्यवहारिक र प्रयोगात्मक सामाग्रिहरूलाई शैक्षिक सामाग्रिको रूपमा प्रयोग गर्ने,

ङ) स्थानीय पाठ्यक्रममा खस संस्कृतिमा आधारित नैतिक मूल्यमान्यता विषयवस्तु समावेश गर्ने,

**५. प्रत्येक नागरिकलाई अपाङ्गता भएका सहित दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि गाउँपालिकाबाट पहल गरिने र आवश्यकता अनुसार सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने,**

(क) अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न भएका बालबालिकाहरूको पहिचान गरी तथ्याङ्क अद्यावधिक, वर्गीकरण, विश्लेषण गरेर सार्वजनिक गरिनेछ ।

(ख) अपाङ्गता तथा आर्थिक विपन्नहरूको लागि छात्रवृत्ति तथा आवश्यक उपकरण र सामग्रीहरूको व्यवस्था गरिनेछ ।

(ग) अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि कोटाहरू निर्धारण गरेर सम्वन्धित विद्यालयहरूमा भर्ना गर्न पहल गरिनेछ । यस्ता बालबालिकाहरूलाई सुविधा सम्पन्न विद्यालयमा पठाउने व्यवस्था गरिनेछ ।

(घ) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न श्रोत विद्यालयको व्यवस्था गर्ने र आवश्यक पाठ्य, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।

(ङ) दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गरिनेछ ।

(घ) दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सीपमूलक तालिम गोष्ठीको व्यवस्था गरिनेछ ।

(ङ) राज्यबाट प्रदान गरएिको सेवा सुविधाहरू प्राप्त गरे नगरेको अनुगमन गर्ने र नपाएका विद्यार्थीहरूलाई सहयोगको लागि प्रदेश तथा केन्द्रमा सिफारिस गरिनेछ ।

(च) उच्च शिक्षाको लागि प्रदेश तथा केन्द्रमा छात्रवृत्तिको लागि सिफारिस गरिनेछ ।

छ) अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनको लागि कार्यविधि निर्माण गरिनेछ ।

(ज) सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले अनिवार्य नीति आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा पढाउने व्यवस्थाको पहल गरिनेछ ।

(झ) विद्यालयले दिवा खाजाको व्यवस्था मिलाउने जसका लागि अभिभावक तथा विद्यालयले व्यवस्था गरिनेछ ।

(ञ) दृष्टिविहीन, बहिरा र स्वर वा बोलाई सम्बन्धी समस्या भएका अपाङ्गता बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने र वर्गीकरण गरिनेछ ।

(ट) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने  र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।

(ठ) अभिभावकहरू र शिक्षकहरूलाई साङ्केतिक भाषा सम्वन्धी तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

(ड) शैक्षिक सत्रको सुरूमै सबै विद्यालयहरूमा गाउँ स्वास्थ्य शाखाले बालबालिकाहरूको स्वास्थ्य परिक्षण गरेको सुनिश्चित गरिनेछ ।

(ढ) विद्यार्थी सङ्ख्या र तहको आधारमा स्वास्थ्यकर्मीको व्यवस्था मिलाई औषधिको पनि व्यवस्था विद्यालय परिसरमै गरिनेछ । मा.वि. तहवाट शुरू गरेर क्रमशः सवै विद्यालयहरूमा स्टाफ नर्सको व्यवस्था मिलाउँदै जानेछ ।

**६. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ । साथै दृष्टिविहीन बालबालिकालाई ब्रेल लिपि तथा बहिरा बालबालिकालाई साङ्केतिक भाषामा शिक्षा प्रदान गरिने,**

(क) दृष्टिविहीन, बहिरा र स्वर वा बोलाइ सम्बन्धी समस्या भएका अपाङ्ग बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने र वर्गीकरण गर्ने,

(ख) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने,

(ग) अभिभावकहरू र शिक्षकहरूलाई साङ्केतिक भाषा सम्वन्धी तालिम तथा अभिमुखीकरण तालिम संचालन गर्ने,

(घ) शैक्षिक सत्रको सुरुमै सबै विद्यालयहरुमा नगर स्वास्थ्य शाखासँग समन्वय गरी बालबालिकाहरूको स्वास्थ्य परिक्षण गरेको सुनिश्चित गर्ने,

(ङ) बिद्यार्थी सङ्ख्या र तहको आधारमा स्वास्थ्यकर्मी र औषधिको व्यवस्था विद्यालय परिसरमै गर्ने ब्यवस्था गरिने छ । माध्यमिक तहवाट शुरु गरेर क्रमशः सवै विद्यालयहरुमा स्टाफ नर्सको व्यवस्था मिलाउदै जाने,

(च) अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा भर्ना गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने,

(छ) अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि विद्यालय नपठाउने अभिभावकहरूलाई आफ्ना छोराछोरी नियमित विद्यालय नपठाउँदासम्म गाउँपालिका द्वारा प्रदान गरिने सेवासुविधाबाट वञ्चित  गर्ने,

## ७. वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रवर्धन गरिने,

(क) स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय सहयोगी शिक्षकका नीति  प्रयोग गरिनेछ ।

(ख) विद्यालयका शिक्षकहरूलाई अनिवार्यरूपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि ले सुरूमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

(ग) अन्तर गाउँपालिका वा नगरपालिका भित्रका नमुना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाईनेछ ।

(घ) उद्यम र व्यवसायिक कोषको व्यवस्था गरिनेछ ।

(ङ) बालबालिकाहरूलाई समुदाय स्तरमा परियोजना कार्यको माध्यम द्वारा अध्ययन गर्ने वातावरण  निर्माण गरिनेछ ।

(च) कक्षागत क्रियाकलापहरू सञ्चालन गर्दा व्यवहारको माध्यम द्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र, भिजिवल डकुमेन्ट्रीको माध्यम द्वारा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गरिनेछ । (जस्तैः भात पकाउँदा विज्ञानका कुन कुन नियमहरूको प्रयोग हुन्छ, शक्ति, वाष्प, सुचालक र कुचालक, आदि) गणित पढाउँदा-घरायसी गणितका उपक्षेत्रहरू विजुली, पानीको बिल आदि ।

(छ) आवश्यकताको आधारमा प्राविधिक र व्यवसायिक सीपमूलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरूसँग समन्वय गरिनेछ ।

(ज) स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरिनेछ ।

(झ) विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा सञ्चालन गर्ने र अभिभावकहरूको  सहभागिता सुनिश्चत गर्ने , सोलारको व्यवस्था गरिनेछ ।

(ञ) सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गरिनेछ ।

(ट) छोटो अवधिको प्राविधिक सीप सम्बन्धी तालिम केन्द्रहरू सञ्चालन गरिनेछ ।

(ठ) एक शिक्षक एक ल्यापटप नीति  लागु गरिनेछ, हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाइ क्रियाकलापमा हुने निश्चितता गरिनेछ ।

## ८. प्रारम्भिक बालविकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गरिने,

(क) बालविकास कक्षा देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्बन गरिनेछ .

(ख) सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गरिनेछ ।

(ग) शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गरिनेछ ।

(घ) बालविकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गरिनेछ ।

(ङ) बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ ।

(च) विद्यार्थीहरूको नियमिततामा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गरिनेछ ।

(छ) बालविकास केन्द्रमा नै आधारभूत नेपाली भाषा स्थानीय खस भाषा र गणितीय सीप सम्वन्धी ज्ञान,सीप र धारणामा अभिवृद्धि गर्न अनिवार्य नीति लागु गरिनेछ ।

(ज) गाउँक्षेत्र भित्रमा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रहरूको लेखाजोखा गर्ने र नमुना बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पूरा हुने गरी विस्तृत कार्य योजना निर्माण गरिनेछ ।

(झ) भित्र कम्तिमा एक नमुना बालविकास केन्द्र स्थापना गरिनेछ ।

(ञ) प्रत्येक वडामा बाल उद्यानको व्यवस्था गरिनेछ ।

**९. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मुक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रवर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिने,**

(क) प्रत्येक वडा तथा विद्यालयस्तरमा बाल क्लबको गठन गर्ने र उनीहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने ।

(ख) वडा र गाउँस्तरीय बालसंरक्षण समिति गठन गर्ने र बालअधिकारको सुनिश्चिताको लागि अनुगमन गरिनेछ ।

(ग) बालबालिकाहरूको ओसारपसार गर्ने र उनीहरूलाई श्रममा लगाउन नदिने विषयमा कडाइका साथ कार्यान्वयन गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(घ) १४ वर्षमुनिका बालबालिकाहरूको ओसारपसार भएको तत्याङ्क अद्यावधिक गरिनेछ । यदि यस्तो देखिएमा कडाइका साथ कार्वाही गर्न सिफारिस गरिनेछ ।

(ङ) ओसारपसारबाट फिर्ता भएका बालबालिकाहरू र विद्यालयका बालबालिकाहरू बिच अन्तरक्रिया तथा संवाद गर्ने वातावरण मिलाईनेछ ।

(च) बेवारिसे बालबालिकाहरूको हकमा ले नै नाम राख्ने व्यवस्था गरिनेछ ।

(छ) प्रत्येक विद्यालयमा बालसुरक्षा सम्बन्धी प्रहरी द्वारा कक्षा लिन लगाइनेछ । जस्तैः राती सुतीसके पछि कोठामा बत्ति बाल्ने आदि । “प्रहरी मेरो साथी कार्यक्रम” अगाडि बढाइनेछ ।

(ज) कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

(झ) बाल विवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनीकरण सम्वन्धी अभियानहरू सञ्चालन गरिनेछ ।

(ञ) बाल विवाह विरूद्ध संचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

(ट) विद्यालय शान्तिक्षेत्र सम्बन्धी रणनीतिक कार्ययोजना कार्यान्वयन गरिनेछ ।

(ठ) गुनासो सुनुवाइ संयन्त्र कार्यविधिलाई कडाइका साथ लागू गरिनेछ ।

(ड) हरेक विद्यालयमा दण्ड रहित शिक्षण सिकाइ क्रियाकलापहरूलाई कडाइका साथ अवलम्बन गरिनेछ र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागुगर्न प्रोत्साहन गरिनेछ ।

**१०. सबै विद्यालय र बालबालिकालाई सम्भावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रवर्धन गर्नु,का साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्था गरिने ,**

(क) गाउँपालिका हरेक विद्यालयहरूमा विपत् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गरिनेछ ।

(ख) हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गरिनेछ । सवै विद्यालयमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउने नीति अनिवार्य लागु गरिनेछ । (मास्क,सेनिटाइजर दैनिक नीति प्रयोग गरिनेछ र नियमित साबुन पानीले हात धुने)

(ग) प्रत्येक वडास्तरमा शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि व्यवस्था गरिनेछ ।

(घ) छात्र र छात्राहरूको लागि बेग्ला बेग्लै शौचालयको व्यवस्था गरिनेछ ।

(ङ) हात धुने, व्यक्तिगत सरसफाइ तथा विपत् जोखिम न्यूनीकरण विषयमा अभिभावकहरूलाई अभिमुखीकरण गरिनेछ ।

(च) कोरोना भाईरस कोभिड-१९ जस्ता अकस्मात देखिने रोग तथा, विपत् जोखिम व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी गाउँस्तरीय योजना निर्माण गरिनेछ ।

(छ) विद्यालयले वर्षको २ पटक अनिवार्य शिक्षा नीति सम्बन्धी स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको परिक्षण पनि गरिनेछ र जुकाको औषधी खाएको सुनिश्चित गरिनेछ ।

(ज) विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालय स्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप सञ्चालन गरिनेछ ।

(झ) सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको आफै व्यवस्था मिलाउनेछ र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गरिनेछ । हरेक विद्यार्थीहरू द्वारा नै शौचालय आफै सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गरिनेछ ।

(ञ) विपत् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुनस्थापना गर्न तथा तत्तकाल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गरिनेछ । वैकल्पिक शिक्षाका माध्यमहरू लागु गरिनेछ (रेडियो,टेलिभिजन, घुम्ती शिक्षा, टोल शिक्षा )

**११. द्वन्द पिडित, वेपत्ता तथा सहिदका छोरा छोरीहरूका लागि छात्रवृत्ति प्रदान गरिने,**

(क) शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयमा अध्ययनरत द्वन्द पिडित, वेपत्ता तथा सहिदका छोरा छोरीहरूको नाम विवरण तयार गरी छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) यस्तो छात्रवृत्ति १८ वर्ष उमेरसम्मका बालबालिकालाई मात्र प्रदान गरिनेछ ।

(ग) आर्थिक सहायता वितरण कार्य एउटा निश्चित कार्यविधि तयार पारी गरिनेछ ।

घ) शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयमा अध्ययनरत द्वन्द पिडित, वेपत्ता तथा सहिदका छोरा छोरीहरूको नाम नामेसी विवरण तयार गरी छात्रवृत्ति प्रदान गरी शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धि गरिनेछ ।

## २.६ मुख्य उपलब्धि, सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ७४.८ | ७७ | ८० | ८५ | १०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८६.८५ | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नया भर्ना भएका बालबालिकाको प्रतिशत | स्थानीय | ९३.५ | ९५ | ९७ | ९९ | १०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८१.९१ | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २.१ | कक्षा १ मा नया भर्ना भएका बालबालिकाको खूद प्रवेश दर | स्थानीय | ९६.७ | ९८ | ९९ | १०० | १०० | |
| | | प्रदेश | ९५.९५ | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | | |
| २.२ | कक्षा १ मा नया भर्ना भएका बालबालिका | स्थानीय | १००.८ | १०० | १०० | १०० | १०० | |
| | | प्रदेश | १२०.९९ | | | | | |

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | को कूल प्रवेश दर | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | | |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खूद भर्ना दर | स्थानीय | ९६.४ | ९८ | ९९ | १०० | १०० | |
| | | प्रदेश | ९५.४ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १२८.८ | १२० | १०५ | १०० | १०० | |
| | | प्रदेश | १२६.३९ | | | | | |
| | | राष्ट्रिय | ११९.२ | | | | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | १.१ | १ | ० | ०.० | ०.० | |
| | | प्रदेश | ४ | | | | | |
| | | राष्ट्रिय | ३.२४ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोर्याउने दर | स्थानीय | २३.४ | १५ | १० | ५ | १ | |
| | | प्रदेश | १२.२५ | | | | | |
| | | राष्ट्रिय | ८.४९ | | | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ को | स्थानीय | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका IMES |
| | | प्रदेश | ७९.१५ | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा उतिर्ण दर | राष्ट्रिय | ८३.८३ | | | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | ८२.२५ | ९० | ९५ | ९९ | १०० | गाउँपालिका IMES |
| | | प्रदेश | ७५.६१ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | गाउँपालिका IMES |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ३२.६ | २५ | १० | ५ | १ | |
| | | प्रदेश | ४७.३१ | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | | |
| २.१ | आधारभूत तह प्राथमिक कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०८ | १.०५ | १.० | १.० | १.० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| | आधारभूत तह कक्षा १- | स्थानीय | ९५.७ | ९७ | ९८ | ९९ | १०० | फ्ल्यास प्रतिवेदन |

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.११ | ८ मा खूद भर्ना दर | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० | | |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूल भर्ना दर | स्थानीय | १२४.९ | १२० | ११० | १०५ | १०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८७.४ | ९५ | ९८ | ९९ | १०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | स्थानीय | ६५.८१ | ७५ | ८५ | ९५ | ९९ | गाउँपालिका IMES |
| | | प्रदेश | ७९.४७ | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५. | | |
| २.१५ | आधारभूत तह कक्षा १-८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.१० | १.५ | १.० | १.० | १.० | गाउँपालिका IMES |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनन्यूनतम सिकाइ | नेपाली भाषा — स्थानीय | | | | | | गाउँपालिका IMES |
| | | नेपाली भाषा — प्रदेश | | | | | | |
| | | नेपाली भाषा — राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिका को सङ्ख्या | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | गाउँपालिका IMES |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनन्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८ को तह ३ हासिल भएका बालबालिका को सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ३२.२५ | ४० | ५० | ५५ | ६५ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | | |
| | | विज्ञान | स्थानीय | ३२.२५ | ३८ | ४२ | ४६ | ५२ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १.१ | १.०५ | १.० | १.० | ०.० | फ्ल्यास प्रतिवेदन |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.३ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (क | स्थानीय | १.५ | १.३ | १.१ | १.० | ०.० | गाउँपालिका IMES |
| | | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | क्षा १-८) राष्ट्रिय | ६.६ | | १. | ० | | |
| २.२ | आधारभूत तह कक्षा १ -८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | स्थानीय | २६.४७ | ३० | ३३ | ३५ | ३७ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७ | ४५. | ५०. | ५०. | | |
| २.२१ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा छोड्ने दर | स्थानीय | ०.४ | ०.२ | ०.१ | ०.० | ०.० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ३.०३ | | | | | |
| | | राष्ट्रिय | २.८ | | | | | |
| २.२२ | आधारभूत तह कक्षा ८ मा कक्षा दोहोर्याउने दर | स्थानीय | ३.६ | ३ | २ | १ | ०.५ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | १५.४ | | | | | |
| | | राष्ट्रिय | ५.१९ | | | | | |
| २.२३ | आधारभूत तह कक्षा ६ | स्थानीय | ६५.१ | ८० | ८५ | ९५ | ९८ | गाउँपालिका IMES |
| | | प्रदेश | ८५.८१ | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | -८ मा कक्षा उत्तीर्ण दर | राष्ट्रिय | ८८.२ | | | | | |
| ३.१ | माध्यमिक तह कक्षा ११-१२ मा खूद भर्ना दर | स्थानीय | ३९.५ | ५० | ५५ | ६५ | ७५ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | | |
| ३.२ | माध्यमिक तह कक्षा ११-१२) मा कूल भर्ना दर | स्थानीय | ७०.८ | ७५ | ८५ | ९० | ९५ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ३८.० | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | ० | ९९. | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१० मा खूद भर्ना दर | स्थानीय | ६८.० | ८० | ९० | ९५ | ९८ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | | |
| ३.२ | माध्यमिक तह कक्षा ९ -१०) मा कूल भर्ना दर | स्थानीय | ९७.० | ९८ | ९९ | १०० | १०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१२ मा खूद भर्ना दर | स्थानीय | ५८.८ | ७५ | ८५ | ९५ | ९८ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ५३.४ | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | | |
| ३.२ | माध्यमिक तह कक्षा(९ -१२) मा कूल भर्ना दर | स्थानीय | ८३.७ | ९३ | ९७ | ९९ | ९९.५ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | | |

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ -१२ | स्थानीय | ०.९७ | ०.९८ | ०.९९ | १.०० | १.०० | गाउँपालिका IMES |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | १. | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | ९२.४९ | ९५ | ९७ | ९९ | ९९ | गाउँपालिका IMES |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | ५९.८३ | ७५ | ८५ | ९५ | ९८ | गाउँपालिका IMES |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | | ९० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४. | | | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ -१२ मा कार्यरत | स्थानीय | ४३.३८ | ४५ | ४६ | ४८ | ५० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | ३३. | | |

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला शिक्षक प्रतिशत | | | | | | | | |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | स्थानीय | विज्ञान | ० | | | | | |
| | | | प्रा. व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा. व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | | | |
| | | | प्रा. व्या. | १०. | १७. | ३०. | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ८८ | ९८ | ९० | ९१ | ९२ | गाउँपालिका IMES |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ८८ | ९० | ९३ | ९५ | ९५ | गाउँपालिका IMES |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | ८८ | ९० | ९३ | ९५ | ९५ | गाउँपालिका IMES |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.१० | माध्यमिक तह कक्षा ९ -१० मा कक्षा छोड्ने दर | स्थानीय | ०.५ | ०.३ | ०.१ | ०.० | ०.० | ०.० | |
| | | प्रदेश | १.९४ | | | | | | |
| | | राष्ट्रिय | ३.२ | | | | | | |
| ३.११ | माध्यमिक तह कक्षा ९ -१० मा कक्षा दोहोर्याउने दर | स्थानीय | २.४७ | २.२ | २ | १.५ | १ | ०.५ | गाउँपालिका IMES |
| | | प्रदेश | २.१८ | | | | | | |
| | | राष्ट्रिय | ९०.९१ | | | | | | |
| ३.१२ | माध्यमिक तह कक्षा ९ -१० मा | स्थानीय | ९१.५२ | ९५ | ९७ | ९८ | ९९ | ९९ | गाउँपालिका IMES |
| | | प्रदेश | ९३.४२ | | | | | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा उत्रिण दर | राष्ट्रिय | १.६ | १.५ | १ | ०.५ | ०.० | | |
| ३.१३ | माध्यमिक तह कक्षा ११ -१२ मा कक्षा छोड्ने दर | स्थानीय | १.११ | १.०५ | १.०० | ०.५ | ०.०० | ०.०० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ०.८९ | | | | | | |
| | | राष्ट्रिय | ०.० | | | | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ११ -१२ मा कक्षा दोहोर्‍याउने दर | स्थानीय | २.८ | २.५ | २ | १.५ | १ | ०.५ | |
| | | प्रदेश | ०.७८ | | | | | | |
| | | राष्ट्रिय | ८३.३ | | | | | | |
| ३.१५ | माध्यमिक तह कक्षा ११ -१२ मा कक्षा उत्तीर्ण दर | स्थानीय | ९१.११ | ९२ | ९४ | ९५ | ९६ | ९७ | |
| | | प्रदेश | ९१.२७ | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४ | साक्षरता दर कूल | स्थानीय | | ६१.२ | ७० | ८० | ८५ | ९० | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७६.२ | | ९५. | | | |
| ४.१ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | ०.७८ | ०.८ | ०.९ | १.०० | १.०० | गाउँपालिका IMES |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | ०.८ | | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | प्राविधिक तथा व्यवसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रीय जनशक्ति | स्थानीय | | २०० | २५० | ३०० | ३५० | ४०० | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१. | ४०. | ५०. | ७५. | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा कक्षा ९ -१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | २४८ | २८३ | ३१८ | ३५३ | ३९० | गाउँपालिका IMES |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ -५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | ३५.८४:१ | ३२:१ | ३०:१ | ३०:१ | ३०:१ | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:०१ | | ३०:०१ | ३०:०१ | ३०:०१ | |

| क्र.सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ६.२ | आधारभूत तह कक्षा ६ -८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय) | स्थानीय | १: ५० | १: ४० | १: ३५ | १: ३२ | १: ३० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:०१ | | ३०: ०१ | ३०: ०१ | | |
| ६.३ | आधारभूत तह कक्षा १ -८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | ३९.८४: १ | ३५: १ | १: ३२ | १: ३० | १: ३० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:०१ | ३१: ०१ | ३०: ०१ | ३०: ०१ | | |
| ६.४ | माध्यमिक तह कक्षा ९ -१० मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | ४५.२३: १ | ४२: १ | ४०: १ | ३८: १ | ३५: १ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४:०१ | | ३०: ०१: ०० | ३०: ०१: ०० | | |
| ६.५ | माध्यमिक तह कक्षा ९-१२ मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ४५: १ | ४२: १ | ४०: १ | ३८: १ | ३५: १ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:०१: ०० | ३५: ०१: ०० | ३०: ०१: ०० | ३०: ०१: ०० | | |

| क्र. सं. | सूचकहरू | सूचकहरूको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (प्रतिशत) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | | |
| ७.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |
| ७.२ | सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रमा प्रति विद्यार्थी लागत | स्थानीय | २८६६ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

स्रोत; शिक्षा तथा मानवस्रोत विकास केन्द्र- २०२४

## परिच्छेद- -३: शिक्षाका मुख्य उप-क्षेत्रहरू

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचय

विद्यालय तहको शिक्षाको प्रारम्भिक आधारशिला नै प्रारम्भिक बालविकास हो । विशेष गरी पुर्व बाल्यावस्थाका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा सर्वाङ्गीण पक्षको विकास गर्नका लागि नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा निति, २०७६ मा ४ वर्ष उमेर पुगेका बालबालिकाहरूको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम २०७६ मा पनि सिकाइ सहजीकरणका क्षेत्रहरू र त्यसको वार्षिक कार्यघण्टा उल्लेख गरी औपचारिक रूपमा विद्यालय शिक्षाको घेराभित्र ल्याइएको छ । प्रारम्भिक राष्ट्रीय रणनिति २०७७ । २०७८ को परिभाषा र बालअधिकार महासन्धि १९८९ को मर्मलाई समेत आत्मसात गरी प्रारम्भिक बालविकास र शिक्षाको अवधारणा आएको हो । प्रारम्भिक बालविकास र शिक्षाले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक, संवेगात्मक, भाषिक र सास्कृतिक लगायतको समग्र विकासलाई समेट्छ । यस प्रकारको शिक्षाको मुख्य उद्धेश्य भनेको पनि यिनै सर्वाङ्गीण पक्षको विकासलाई अधिकतम बनाउनु हो । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक नीति शुरूवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भन्ने बुझिन्छ । बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको नीति स्थापित गरी समुदाय र विद्यालय स्तरमा बालविकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो ।

समुदाय स्तरमा सञ्चालित बालविकास केन्द्रहरूको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित बालविकास केन्द्रमा जोड दिन थालियो । सोह्रौं योजनाले पनि प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धित कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुर्याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ जसले गर्दा प्रारम्भिक बालविकास र शिक्षालाई नपुगेको स्थानीय तहमा पुर्याउने र पुगि सकेका स्थानीय तहहरूमा थप व्यवस्थापन गरी अगाडि वढ्न सहज भएको छ ।

### ३.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा कर्णाली प्रदेशमा जम्मा ३३४५ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन, जसमा विद्यालयमा आधारित सङ्घ द्वारा संचालित २७६९ ओटा र विद्यालयमा आधारित स्थानीय तह द्वारा संचालित ३३२ ओटा तथा धार्मिक ३ ओटा र संस्थागत २४१ ओटा रहेको छ । साथै कर्णाली प्रदेश भर छात्रा ३८४४५ र छात्रा ४४०१५ गरी जम्मा ८२४६० रहेका छन जसमा संस्थागत तर्फ छात्रा ८८२७ र छात्र १२९०१ गरी जम्मा २१७२८ जना रहेका छन (स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट-२०२४) । यस गाउँपालिकामा रहेका सबै बालविकास केन्द्रहरू विद्यालयको संरचनाभित्र रहेका छन । जम्मा २७ ओटा केन्द्रमध्ये सबै विद्यालयमा आधारित रहेका छन जसमध्ये आधारभूत १-३ मा ५ ओटा १-५ मा ५ ओटा १-८ मा ६ ओटा १-१० मा ६ ओटा र १-१२ मा ५ बालविकास केन्द्र सञ्चालनमा रहेका छन भने वडा गत रूपमा हेर्दा वडा नं १ मा २ ओटा केन्द्र, वडा नं २ मा ३ ओटा केन्द्र , वडा नं. ३ मा ५ ओटा केन्द्र, वडा नं. ४ मा ७ ओटा केन्द्र, वडा नं. ५ मा ३ ओटा केन्द्र, वडा नं. ६ मा ४ ओटा केन्द्र, र केन्द्रमा २४७ छात्रा र २४९ छात्र गरी जम्मा ४९६ जना बालबालिका २७ ओटा बालविकास केन्द्रमा अध्ययन गरिरहेको विद्यमान अवस्था छ ।

यस गाउँपालिका अन्तरगत रहेका २७ ओटा बालविकास केन्द्रमा २७ जना महिला शिक्षक रहेका छन् । कार्यरत सहयोगी शिक्षकहरूमा एसएलसी उतीर्ण ३ जना, प्रविणता प्रमाणपत्र तह उतीर्ण २१ जना स्नातक उतिर्ण ३ रहेका छन् । पेसागत दक्षता सम्बन्धी

तालिम सामान्य रूपमा लिएको भएतापनि बालविकास केन्द्रमा सहजीकरण सघन तालिम प्राप्त गरेपनि पुनर्ताजगी तालीमको आबश्यक रहेको पाइन्छ । बालविकास केन्द्रमा कार्यरत सहयागि शिक्षकहरूको मासिक पारिरश्रमिक म रू ८००० सङ्घीय अनुदान र रू ७००० स्थानीय पालिकाको अनुदानबाट  बेहोर्ने गरी रू. १७००० का दरले तलब, प्रति बालबालिका रू. ५०० का दरले सङ्घीय अनुदानबाट बजेट व्यवस्थापन गरिएको छ । औषत रूपमा केहि बालविकास सामग्री खरिदका लागि पालिका अनुदानको रूपमा लगानी गर्नु, बाहेक त्यस्तो नितिगत रूपमा कुनै विशेष किसिमको आर्थिक लगानी गरिएको छैन ।  सरकारले तोकिएको निर्देशिका र मापदण्डका आधारमा विश्लेषण गर्ने हो भने यस पालिकामा रहेका बालविकास केन्द्रहरूको सञ्चालन र व्यवस्थापनको अवस्थाको मूल्याङ्कन गर्दा सबै केन्द्रमा गुणस्तरीयताको अवस्था कम्जोर  देखिन्छ ।  आन्तरिक सक्षमताका आधारमा भन्दा मौजुदा पाठ्यक्रमले तोकेको सिकाइ सहजीकरण क्रियाकलाप प्रभावकारि रूपमा नभएको अवस्था देखिन्छ ।  विशेष गरी बालबालिकाको सर्वाङ्गिण विकासमा भन्दा पनि केवल सिकाइ सीपमा मात्र केन्द्रित भएको  देखिन्छ ।  प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको परिपक्वता र वृद्धि विकासका आधारमा  गुणस्तरीय सिकाइ अवसर सिर्जना गर्न नसकिएको तथ्य विद्यमान रहेको देखिन्छ  ।

### ३.१.३ प्रमूख समस्या र चुनौति

**समस्याहरू**

समायानुकुल तालिम  प्राप्त शिक्षकको कमि, स्थानीय अभिभावक तथा सरकार द्वारा पर्याप्त आर्थिक लगानी हुन नसक्नु लगानीसम्बन्धी स्थानीय स्तरमा नितिगत तथा कानुनी ब्यवस्था नहुनु, सुरक्षित र सहज केन्द्रको सेवाको अवसरमा कमि, पाठ्यक्रममा तोकिएबमोजिम सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन नहुनु, बालमैत्री प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड बमोजिम ब्यवस्थापन गर्न नसक्नू, अपर्याप्त सुपेरिवेक्षण, विद्यालय ब्यवस्थापनमा प्राथमिकतामा नपर्नू अभिभावकको न्यून चेतना स्तर  वृद्धि नहुन जस्ता समस्याहरू रहेका छन ।

**चुनौतिहरू**

बालबालिकाको सर्वाङ्गिण पक्षको विकास, सुविधा सम्पन्न बालविकास केन्द्र निर्माण ,सहजरूपमा बालवलिकाहरू विद्यालय आवागमनको ब्यवस्था,अभिभावकको चेतना वृद्धिअभिवृद्धि गर्न,सिकाइ र सिकाइ वातावरणमा गुणस्तर कायम गर्नु,, नमुना केन्द्र स्थापना ,,गर्नु, ।

## ३.१.४ उद्देश्य

- चारवर्ष उमेर पुगेका सबै बालबालिकालाई बालविकास शिक्षामा सहज पहुँचको सुनिश्चितता गर्नु,,
- गुणस्तरीय बालविकास शिक्षा तथा सेवा प्रदान गर्नु,,
- सबै बालबालिकाहरूलाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु,

## ३.१.५ रणनिति

१. हरेक वर्ष न्यूनन्यूनतम कार्यक्रमहरू तयार गरी पर्याप्त तथा निरन्तर लगानी सुनिश्चित गरी बालविकास केन्द्रको नक्साङ्कन तथा आवश्यकता अनुसार समायोजन तथा स्थापना गरिने,

२. निर्धारित गरिएका न्यूनन्यूनतम मापदण्ड एवं पाठ्यक्रम अनुसार बालविकास कक्षा सञ्चालन गरिने,

३. बालविकास केन्द्रका सहयोगी शिक्षक एवं शिक्षक कार्यसम्पादन करार तयार गरी कार्यान्वयन गरिने,

४. नमुना बालविकास केन्द्र स्थापना का लागि परिवार, समुदाय, विभिन्न सङ्घसंस्था, निजि क्षेत्र र विद्यालयहरूसँग सहकार्य तथा समन्वय गरिने,

५. पेसागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमको कार्यक्रम सञ्चालन गर्ने,

६. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, बाल उद्यान, प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने,

७.प्रारम्भिक बालविकास र शिक्षा लाई प्रभावकारी रूपमा सञ्चालन र अभिभावक तथा आमा समूहहरूलाई थप जिम्मेवार गराउन समुदायमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने,

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. समुदायका चार वर्ष उमेर समूहका सम्पुर्ण बालबालिकाहरूको प्रारम्भिक बालविकास शिक्षाको पहुँच तथा गुणस्तरीय शिक्षाको अवसरको सुनिश्चित भएको हुनेछ
२. सबै बालविकास केन्द्रहरूले तोकिएको न्यूनन्यूनतम मापदण्डहरू पुरा गरी पाठ्यक्रमको मर्म अनुसार सञ्चालन भएका हुनेछन् ।
३. योग्य, दक्ष एवं तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
४. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरू बालविकास शिक्षाको अनुभव सहितका हुनेछन् ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क. सं.** | **प्रमुख नतिजा** | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | परम्भिक बालविकासमा कूल भर्ना प्रतिशत | ७४ | १०० | १०० | १०० | १०० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ५ | १० | १५ | १९ | २२ |
| ३. | वाल उद्यान भएका बालविकासको सङ्ख्या | २ | ७ | १७ | २० | २४ |
| ४. | कक्षा कोठामा स्मार्ट टि भि को सङ्ख्या | ५ | १५ | १७ | २० | २४ |

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| ५. | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हूने वालवालिकाको प्रतिशत | ९३.५ | ९५ | ९७ | ९९ | १०० |
| ६. | शिक्षक विद्यार्थी अनुपात | २६:१ | २२:१ | २०:१ | २०:१ | २०:१ |
| ७. | नमूना तथा गूणस्तरीय सेवा प्रदान गर्ने बालविकास केन्द्रको सङ्ख्या | ५ | १० | १५ | २० | २६१ |
| ८ | लैङ्गिक समता सूचक | ०.९ | ०.९५ | १.० | १.० | १.० |
| ९. | खूद भर्ना दर | ५८.२ | ७५ | ८५ | ९० | ९५ |

३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेसागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | बालविकास पाठ्यक्रम प्रबोधिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सिकाइ मैत्री बालविकास भवन निर्माण | ओटा | २० | ० | २ | २ | २ | २ | ८ | १२ |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | बाल उध्धान निर्माण | ओटा | २० | ० | ५ | ५ | ५ | ५ | २० | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बालबालिकाको स्वास्थ्य परिक्षण | पटक | १० | २ | २ | २ | २ | २ | १० | १० |
| ८ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री वितरण भएका बालविकास केन्द्र | ओटा | १० | | ५ | ५ | ५ | ५ | २० | ०० |
| ९ | कार्यसम्पादन करार | जना | २० | २० | | | | | २० | निरन्तर |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | ओटा | २० | २० | | | | | २० | निरन्तर |
| ११ | भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | बाल सिकाइ मेला सञ्चालन | पटक | २० | १ | २ | २ | ५ | १० | २० | निरन्तर |
| १३ | अन्तर बालविकास केन्द्र स्तरीय सिकाइ भ्रमण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो । यस अधिकारलाई नेपालको संबिधानले मौलिक अधिकारका रूपमा समेत आत्मसात गरेको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नियमावली २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षा देखी कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका रूपमा प्रदान गरिने परिभाषित गरिएको छ । यस ऐनले ५ वर्ष देखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उमेरका रूपमा लिएको छ । यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ । आ.व.२०७८-०७९ को नेपाल सरकारको निति तथा कार्यक्रमको बुदा न. ६३ मा आगामि आ.व.मा साक्षर नेपाल घोषर्णा गर्ने र बुदा न. ७० मा बालबालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ कार्यक्रमलाई प्रभाव कारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६-२०८५ अभियान सञ्चालन गर्ने निति लगाएतका थुप्रै आधारहरूले आधारभूत तह शिक्षको महत्वपूर्ण तह हो भन्ने स्पष्ट देखिन्छ । आधारभूत शिक्षाले बालबालिकाहरूको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पूर्याउँछ । यस शिक्षा प्रणालीले बालबालिकाहरूलाई जीवनपर्यन्त सिकाइमा मार्ग प्रसस्त गरी मूलुकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसकारण, नेपालमा बसोवास गर्ने प्रत्येक बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ । अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम सो उमेर समूहका सवै बालवालिकहरूलाई अनिवार्य र निःशुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनूसुची ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्र भित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरूको

व्यवस्था गरेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखी ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रबन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरू पहिचान गरी यसको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरूका साथै लक्ष्य तोकिएको छ ।

फ्लयास रिपोर्ट २०२४ अनुसार कर्णाली प्रदेशमा आधरभुत तहका २४८३ ओटा विद्यालय रहेको छ जसमा १८६८३८ छात्रा र १८८४५८ छात्रा गरी जम्मा ३७५२९६ जना छात्रछात्रा अध्ययनरत छन । यस गाउँपालिकामा आधारभूत तह सञ्चालन भएका विद्यालयको सङ्ख्या १६ रहेको छ । विद्यार्थी सङ्ख्याको हिसाबले हेर्दा जम्मा २८२८ जना विद्यार्थीहरू आधारभूत तहमा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या १४५९ र छात्रको सङ्ख्या १३६९ जना रहेको छ । आधारभूत तहमा अध्यापन गर्ने शिक्षको दरबन्दी ७५ जना रहेको छ । जसमा दरबन्दी तर्फ ५९ जना र राहत अनुदान तर्फ ९ जना रहेको छ । शिक्षण अनुदान तर्फ हाल ७ कोटा उपलब्ध गराइएको छ । आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:३८ जना रहेको देखिन्छ भने विद्यालय विद्यार्थी अनुपात १:२१५ रहेको छ । आधारभू तहमा कूल भर्नादर ११२.४ रहेको छ भने खूद भर्नादर ९४.४ प्रतिशत रहन गएको छ । ई.सि.डि. बाट कक्षा १ मा हुने भर्नादर ९३.५ रहेको छ भने कक्षा ८ मा पुग्ने दर ७१.१५ प्रतिशत रहेको छ । कक्षा १ मा कक्षा दोहोर्याउने दर २७ प्रतिशत रहेको छ भने आधारभूत तहको सिकाइ उपलब्धी दर ६० प्रतिशत रहन गएको छ । विद्यालय बाहिर रहेको बालबालिकाको सङ्ख्या १.५ प्रतिशत रहेको छ (स्रोत: सिंजा गाउँपालिकाको ईमिस) । यस सिंजा गाउँपालिकाभित्र रहेका २२ ओटा विद्यालयहरूमध्ये १० ओटा विद्यालयमा मात्र न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुन गएको देखिन्छ भने बाकीबाकी २ ओटा विद्यालयमा न्यूनतम् सक्षमताका ४ ओटा सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय र बुक कर्नर) अन्य ५ ओटा विद्यालयमा न्यूनतम् सक्षमताका ३ ओटा सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय) र अन्य बाकीबाकी २ ओटा विद्यालयमा न्यूनतम् सक्षमताका २ ओटा सूचकहरू (कक्षाकोठा, पाठ्यपुस्तक) पूरा भएको देखिएको छ । अपाङ्गमैत्री पूर्वाधार (शौचालय र कक्षाकोठा) भएका विद्यालयको सङ्ख्या जम्मा ६ र विपत् उत्थानशील पूर्वाधारभएको विद्यालय सङ्ख्या ६ रहेको छ ।

सिंजा गाउँपालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरू शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका, स्थानीय पाठ्यक्रम (हाम्रो सिंजा) स्वीकृत गरी कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरूको सञ्जाल निर्माइ भइ क्रियाशील बनेको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरू IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमित प्र.अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको, आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरूमा कार्पेट, कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ । सबै आधारभूत विद्यालयहरूमा इन्टरनेटको व्यवस्था गरिएको छ । सबै आधारभूत विद्यालयलाई डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ । यस पालिकामा अधारभूत तहको शिक्षक बिद्यार्थी अनुपात १:३८ रहेको छ ।

३.२.२ बर्तमान अवस्था

३.२.३ चुनौती र अवसरहरुः

विद्यालय नक्सांकन गर्न नसकिनु, भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु, विद्यालयहरूमा भौतिक पूर्वाधारको कमि, अपाङ्गअपाङ्गताको स्क्रिनिङ नहुनु, विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र अपाङ्गअपाङ्गतामैत्री भौतिक संरचना व्यवस्थापन कमिहुनु, शिक्षकहरूको पेसागत विकास, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरूमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु जस्ता समस्याहरू आधारभूत तहका मुख्य समस्याहरू देखापरेका छन भने नेपालको संविधान, २०७२ मा व्यवस्था भएअनुरूप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,, समय

सन्दर्भ सँगसँगै आवश्यकता अनुसार दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु,, विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु,, आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु,, आधारभूत शिक्षामा शैक्षिक सुशासन, नियमितता र उत्तरदायित्व वृद्धि गर्नु,, शिक्षण सिकाइलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि विद्यालयबिचको विभेद अन्त्य गर्नु,, अभिभावक तथा शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु,, कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा वृद्धि गर्नु,, सार्वजनिक शिक्षा प्रतिको आम अभिभावकको चासो र आकर्षण वृद्धि गर्नु,, विभिन्न किसिमका प्रकोप, सङ्कटसङ्कटतथा महामारीबाट मुक्त बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु,, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु, ,जस्ता चुनौतीहरू आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन् ।

यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निःशुल्क गरी मौलिक हकको रूपमा स्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, सङ्घीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रीयता बढदै जानु, विद्यार्थीहरूको समता,पहुँच वृद्धिका लागि राज्यका तीनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु, शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरू सँगसँगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरू रहेका छन् ।

३.२.४ उद्देश्य

१. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाका लाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य तथा निःशूल्क बनाई आधारभूत तहको शिक्षामा सवैको समावेशी र समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,,
२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरूको प्रबन्ध गर्नु,,
३. आधारभूत तहको शिक्षाको सिकाइ उपलब्धी अभिवृद्धि गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु,,
५. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक प्रणाली मैत्रीपूर्ण बनाई समावेशी, समतामूलक र सुरक्षित वातावरण निर्माण गर्नु,,

३.२.४ रणनीतिहरू

- गाउँपालिकाभित्र संचालित बिद्यालयहरू स्थानीय मापदण्डका आधारमा नक्सांकन गरी समायोजन तथा स्थानान्तरण गर्ने,
- विद्यालय बाहिर रहेका बालबालिकाहरू पहिचान गरी उनीहरूलाई अनौपचारिक शिक्षाको माध्यमबाट समाहित गर्ने,
- विद्यालयमा अत्यावश्यक शैक्षिक, भौतिक पूर्वाधारहरूको प्रबन्ध गरी विद्यालय भौतिक पूर्वाधारलाई विपत् उत्थानशील बनाउने तथा विद्यालयको सेवा क्षेत्र किटान गर्ने,
- विद्यालय मार्फत सरोकारवाला निकएको सहकार्यमा विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरू सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,
- गरीब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगी निकाय सँगको सहकार्यमा अभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
- विद्यालय, वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्रयक्रम सञ्चालन गर्ने,
- विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विद्यालय भर्ना गराउनका लागि प्रोतसाहन मूलक कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक विद्यालय, घुम्ती विद्यालय, विशेष विद्यालय तथा खुला विद्यालय स्थापना वा सुरूवात गर्ने

- छात्रा, अपाङ्गता भएका, दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई बिद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित/ प्रोत्साहनमूलक कार्यक्रम  तर्जुमा गरी कार्यान्वयन गर्ने,
- स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठन लागि विद्यालय र शिक्षकहरूको सक्षमता विकास गर्ने साथै स्थानीय पाठ्यक्रमलाई दैनिक जीवन सँग मेलखाने गरी निर्माण गर्ने,
- विषयगत शिक्षक सञ्जाल ,मेन्टरिङ, कोचिङ ,दैनिक पाठयोजना ,कक्षा अवलोकन, स्वाध्ययन ,सहपाठी सहयोग जस्ता विधिको प्रयोग गरी स्वचालित रूपमा शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय,विद्यार्थी र अभिभावक बिच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालीको विकास गर्ने,
- विद्यालयको पठनपाठनलाई जीवनोपयोगी, व्यवहारकुशल सीपयुक्त, रमाईलो र प्रभावकारी बनाउन प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संचलान गरी सिकाइ उपलब्धि वृद्धि गर्ने,

निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ

२. सबै  विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरूको व्यवस्था भएको हुनेछ,

३. आधारभूत तहमा शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुनेछ,

**प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १-३ सम्म एकिकृत पाठ्यक्रमको लागु गरेका विद्यालय सङ्ख्या | ५ | १० | १५ | १६ | १६ |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय सङ्ख्या | ० | ५ | १० | १४ | १६ |
| ३ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | ५ | १० | १४ | १६ |
| ४ | न्यूनतम प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय सङ्ख्या | २ | ७ | १० | १३ | १६ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धी परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय सङ्ख्या | ५ | १० | १५ | १६ | १६ |
| ६ | शिक्षक पेसागत विकास र विद्यार्थी सिकाइ सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | ० | ५ | १० | १६ | १६ |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील विद्यालय सङ्ख्या | ० | ३ | ८ | १३ | १६ |

### ३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | - | - | - | - | १ | निरन्तर |
| २ | मापदण्डअनुसार शिक्षकको तलब भत्ता(कक्षा १-८) ( राहत, करार,अनुदान ) | जना | १६ | ० | १६ | | | | १६ | निरन्तर |
| ३ | नियमित विद्यालय आउने विद्यार्थी र पठाउने अभिभावकलाई सम्मान गर्ने, | जना | १०० | ० | १० | १० | १० | १० | ५० | ५० |

| क्.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ५ | सूचना प्रविधि अनुकुल शिक्षकको क्षमता विकास गर्ने | जना | ७५ | ० | २५ | २५ | २५ | ० | ७५ | निरन्तर |
| ६ | वि. व्य. स, शि. अ.सङ्घ, अभिभावक, विद्यार्थी र शिक्षकबिच अन्तरक्रिया गरी गुनासो व्यवस्थापन गर्ने | जना | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ७ | प्रयोगशाला तथा पुस्तकालय स्थापना गर्ने | विद्यालय | १६ | ० | ३ | ३ | ३ | ३ | १२ | ४ |
| ८ | कक्षा ८ को परिक्षालाई एस. इ. इ को स्तरअनुसार सञ्चालन गर्ने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयमा स्वास्थ्य, पोषण, सुरक्षा, | विद्यालय | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |

| क्.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| | सरसफाई, विपत् जोखिम न्यूनीकरण र किशोरिको लागि महिनावारी स्वच्छता शिक्षा सञ्चालन । | | | | | | | | | |
| १० | विद्यालय अनुदान एकमुष्ट रकम (SPI, सामाजिक परिक्षण, IEMIS Data, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, विद्यालय रिपोर्ट कार्ड, SMC लाई क्षमता अभिवृद्धि) | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | विद्यालको जग्गामा वा दानमा प्राप्त जग्गा/ जग्गा लिजमा लिएर | विद्यालय | १६ | ० | ५ | ५ | ३ | ३ | १६ | निरन्तर |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| | फलफुल बगैचा स्थापना गर्ने , | | | | | | | | | |
| १२ | विषयगत शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने | जना | ७५ | ० | २५ | २५ | २५ | ० | ७५ | निरन्तर |
| १३ | गरिब, विपन्न तथा पिछडिएको वर्गका बालबालिका लाई प्रोत्साहन स्वरूप छात्रवृत्ति तथा पाठ्यपुस्तक, पाठ्यसामाग्रि उपलब्ध गराउने | विद्यार्थी | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | निरन्तर |
| १४ | स्यानीटरी प्याड वितरण तथा फोहरमैला व्यवस्थापन गर्ने , | छात्रा विद्यार्थी | २४८९ | २४८९ | २७३९ | ३००० | ३३०० | ३५०० | २४८९ | निरन्तर |

| क्.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १५ | एक शिक्षक एक ल्यापटपको व्यवस्थापन गर्ने , | विद्यालय | ७५ | ० | २५ | २५ | २५ | ० | ७५ | |
| १६ | अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि विद्यालय, शिक्षक र अभिभावकको अन्तरक्रिया, बैठक तथा छलफलमा सक्रीयता वृद्धिगर्ने , | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| १७ | शिक्षकहरूलाई तालिम | जना | ७५ | ० | २५ | २५ | २५ | ० | ७५ | निरन्तर |
| १८ | विद्यालयमा सूचना,सञ्चार तथा प्रविधिमा सहयता गर्ने , | विद्यालय | १६ | ० | ५ | ५ | ५ | १ | १६ | निरन्तर |
| १९ | नमुना आधारभूत विद्यालय स्थापना गर्ने | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरीएतापनि अनुसूची ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ । नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट - २०२४ अनुसार कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४०६ ओटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू ३४४ ओटा गरी जम्मा ७५० ओटा माध्यमिक विद्यालय सञ्चालन भएका छन् । कक्षा ९-१२ मा अध्ययनरत ६९३०४ छात्रा र ६६५१४ छात्र गरी जम्मा १३५८१८ छात्रछात्र अध्ययनरत छन भने कक्षा १२ सम्मको सरभाइभल रेट ३६ प्रतिशत रहेको छ । प्रदेशभर माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १२३४ र ११-१२ मा ५४८ गरी जम्मा १७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन् ।

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रूची र क्षमताअनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नु,पर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यवहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रूचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाईन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु,पर्दछ । प्राविधिक र व्यवसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान

सीपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नु,पर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर सिंजा गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ । सोह्रौं योजनाले समेत साक्षरता र सीप विकासलाई जोडि माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उधम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने सरकारी गैरसरकारी सहकारी र निजि क्षेत्रको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाई प्रभावकारी बनाउने साथै माध्यमिक शिक्षा परिक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथिमक उपचार,सवारी अनुमति तथा सवारी नियम, आत्म सुरक्षा तथा अनुसासन कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार, राष्ट्रप्रेम, स्वयंम् सेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयनमा अनिवार्य अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकाले पनि माध्यमिक तहमा समतामूलक पहुँचको सुनिश्चित हुने छ ।

सिंजा गाउँपालिकाभित्र हाल कक्षा १-१० सञ्चालित ३ वटा, र कक्षा १-१२ सञ्चालित ३ वटा गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ६ ओटा रहेको छ । यस तहमा जम्मा १०३५ जना विद्यार्थीहरू अध्ययनरत छन् । जम्मा स्वीकृत दरबन्दी १२ राहत ९, गाउँपालिका अनुदान १३ गरी ३४ जना शिक्षकहरू माध्यमिक तहतर्फ कार्यरत छन् ।

३.३.२ उद्देश्य

- ✓ आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने,
- ✓ माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ,

- ✓ माध्यमिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरण द्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।

३.३.३ रणनीति

- ✓ आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने ,
- ✓ माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने,
- ✓ विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बनाउने ,
- ✓ विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू निर्मार्ण तथा पुन निर्माण गर्ने,
- ✓ विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ
- ✓ अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालय तथा स्रोत कक्षा सञ्चालनमा संख्यमा वृद्धि गरिनेछ ।
- ✓ शिक्षण प्रणलीलाई व्यवहारिक तथा सिर्जनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गर्ने,
- ✓ बनाउन आवश्यक तयारी गर्ने,
- ✓ सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।
- ✓ सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी सङ्ख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने ,
- ✓ बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र अभिभावक मैत्री सहित सामाजिक परिक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शी र सुशासन

कायम भएको  विद्यालयहरूलाई नमूना घोषणा गरी सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने,

- ✓ अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गर्ने र सोको लागि विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गर्ने,

३.३.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- ✓ निःशुल्क माध्यमिक शिक्षामा सबैको समतामूल पहुँच सुनिश्चत भएको हुने छ ।
- ✓ स्थानीय प्रदेश र सङ्घबिचको समन्वय र सहकार्यमा आर्थिक रूपले विपन्न, असहाय र दलित समुदायका वालबालिकाको लागि विशेष कार्यक्रम लागु गर्ने तथा सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षकको पेसागत विकास गरी माध्यमिक विद्यालयहरूलाई क्रमशः नमुना विद्यालयको नीति विकास गरिनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **प्रमुख नतिजा** | आधारवर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ -१० मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ५८८ | ६५० | ७०० | ८०० | ९०० |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ४४७ | ६०० | ७०० | ८०० | ९०० |
| ३ | माध्यमिक तह कक्षा ९- १० मा कूल भर्ना दर | ९२.४ | ९५ | ९८ | १०० | १०० |
| ४ | माध्यमिक तह कक्षा ९- १० को खूद भर्ना दर | ६८.० | ८८ | ९५ | ९७ | १०० |

| क्र.सं. | प्रमुख नतिजा | आधारवर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| ५ | माध्यमिक तह कक्षा ११-१२ को कूल भर्ना दर | ९७.० | ९८ | ९९ | १०० | १०० |
| ६ | माध्यमिक तह कक्षा ११-१२ को खूद भर्ना दर | ३९.५ | ६५ | ८५ | ९५ | १०० |
| ७ | माध्यमिक तह कक्षा ९- १२ को कूल भर्ना दर | ७०.८ | ८५ | ९० | ९५ | १०० |
| ८ | माध्यमिक तह कक्षा ९- १२ को खूद भर्ना दर | ५३.४ | ७५ | ८५ | ९५ | १०० |
| ९ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | ० | ३० | ५० | ७० |
| १० | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ |
| ११ | माध्यमिक शिक्षा ९-१२ मा खूद भर्नादर ६० प्रतिशतभन्दा माथि पुगेको विद्यालय सङ्ख्या | ० | ६ | ६ | ६ | ६ |
| १२ | आवासीय विद्यालय सञ्चालन भएका सङ्ख्या | ० | १ | १ | २ | २ |
| १३ | माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ |
| १४ | सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | ६ | ६ | ६ | ६ | ६ |

| **क्र.सं.** | **प्रमुख नतिजा** | आधारवर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| १५ | विद्यालयमा सबै विद्यार्थीहरूको पहचुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिनमा सुझाव पेटिका हेरी सुझाब कार्यान्वयन गर्ने विद्यालय | ० | ६ | ६ | ६ | ६ |

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **मुख्य क्रियाकलापहरू** | **एकाइ** | **लक्ष्य** | **परिमाणात्मक लक्ष्य ५ वर्ष** | | | | | | **भौतिक लक्ष्य १० वर्ष** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | **जम्मा** | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन कार्यविधि निर्देशिकाहरू तयारी | पटक | १ | ० | १ | - | - | - | १ | **निरन्तर** |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विध्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाभित्रका बालाबालिकाहरू भर्नाको सुनिश्चितताका लागी विद्यालयमा नक्साङ्कन पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | ६ | १ | ६ | ६ | ६ | ६ | ६ | |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन | विद्यालय | ६ | ० | २ | २ | २ | ० | ६ | निरन्तर |
| ५ | विषयगत शिक्षक व्यवस्थापन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ५ | **निरन्तर** |
| ६ | विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी विशेष विद्यालय तथा स्रोत कक्षा स्थापना | ओटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण । | समूह | ५६ | ० | १० | १५ | १५ | १० | ५० | ६ |
| ८ | सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण | विद्यालय | ६ | ० | ६ | ६ | ६ | ६ | ६ | निरन्तर |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| ९ | शिक्षक योग्यता र दरवन्दी निर्धाररणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने | पटक | ४ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | शिक्षक दरबन्दी मिलान गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १२ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा | विद्यालय | | ० | १ | १ | १ | १ | | १ |
| १३ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १४ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १५ | बालसमूह गठन, क्षमता विकास र परिचालन | ओटा | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १६ | ई-हाजिरीको व्यवस्थापन | विद्यालय | ६ | १ | ३ | ६ | ६ | ६ | ६ | ६ |
| १७ | सामाजिक परिक्षण गर्ने गरेका विद्यालय | विद्यालय | ६ | ० | ६ | | | | | निरन्तर |
| १८ | अवलोकन भ्रमण सञ्चालन गर्ने विद्यालय | ओटा | ६ | ० | १ | २ | २ | १ | ६ | ६ |
| १९ | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता निर्माण तथा कार्यान्वयन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २० | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण तथा शिक्षकलाई सहयोग | विद्यालय | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

करिब ७८ लाख निरक्षर नागरिकलाई साक्षर बनाउने उद्देश्य सहित नेपालमा आर्थिक वर्ष २०६५-६६ देखि साक्षरता अभियान सुरू भए तापनि अझै पाँच वर्षभन्दा माथिका ६४ लाख मानिस निरक्षर छन् । सबै लगानी र एक दशकभन्दा अगाडि देखिको सरकारको प्रयास भने अहिलेसम्म सफल हुनसकेको छैन । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को आह्वानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । 'प्रोमोटिङ लिटेरेसी फर अ वर्ल्ड इन ट्रान्जिसनः बिल्डिङ द फाउन्डेसन फर सस्टयानेबल एन्ड पिसफुल सोसाइटिज÷ मूल नाराका साथ यो दिवस मनाइँदैछ । नेपालमा पाँच वर्ष माथिको साक्षरता दर ७६ दशमलव दुई प्रतिशत छ । पन्ध्रदेखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत छ, ती मध्ये पुरूष ८३.६ प्रतिशत र महिला ६९.४ प्रतिशत साक्षर छन् । त्यस्तै १५ देखि २४ उमेर समूहका ९२ प्रतिशत, १५ देखि ६० उमेर समूहका ८५ प्रतिशत र १५ वर्षभन्दा माथिका ५८ प्रतिशत साक्षर छन् । नेपालमा पढ्न लेख्न जान्ने जनसङ्ख्या दुई करोड तीन लाख ७७ हजार ९८० रहेको छ ।

नेपाल सरकारले एक दशकअघि 'साक्षर नेपाल अभियान÷ कार्यक्रम सुरू गरेकामा अझै मधेस प्रदेशका आठसहित १२ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाकीबाकी रहेको छ । जिल्लाभित्र बसोबास गर्ने जनसङ्ख्याको ९५ प्रतिशत मानिस साक्षर भएमा पूर्ण साक्षर भनी घोषणा गर्न पाउने व्यवस्था युनेस्कोले परिभाषा गरिदिएको छ । सोही परिभाषाका आधारमा ७५३ स्थानीय तह मध्ये अझै १५२ स्थानीय तह साक्षर घोषणा हुन बाकीबाकी छन् । साक्षर नभएका स्थानीय तहमा मधेस प्रदेशका १३० र कर्णाली प्रदेशका २२ रहेका छन् । जिल्लागत रूपमा हेर्दा मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा कर्णाली प्रदेशका जुम्ला, हुम्ला, कालिकोट र डोल्पा जिल्ला साक्षर हुन सकेका छैनन् (श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र) ।

साक्षरताका लागि विभिन्न १२ सूचकहरू तोकिएका छन् । साक्षर हुनका लागि राष्ट्रभाषा वा मातृभाषामा वर्ण र अक्षर पढ्न र लेख्न जानेको हुनुपर्ने, नेपाली वा मातृभाषामा लेखिएका

मूल्य सूची र बिल पढ्न सक्ने, आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न ५० देखि ९ सम्मका अंक अक्षर लेख्न सक्ने, १ देखि १०० सम्म गणना गर्न सक्ने हुनुपर्छ ।
त्यस्तै लेनदेनका हरहिसाब राख्न सक्ने, सरल चित्र पोस्टर साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने, सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रीय सहभागिता देखाउन सक्ने, घडी हेरेर समय बताउन सक्ने, भित्ते पात्रो हेरी तिथि मिति बताउन सक्ने, बैंक भौचर भर्न र चेकको प्रयोग गर्न सक्ने भएपछि त्यो व्यक्ति साक्षर मानिने केन्द्रले सूचक तयार गरेको छ ।

न्यून सीपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबिचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०८० मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवन स्तर सर्वेक्षण २०२२/२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । नेपालको साक्षरता प्रतिवेदन -सन २०२३, अनुसार हालसम्म नेपालका ७७ जिल्लाहरू मध्ये ६५ जिल्लाहरू साक्षर जिल्लाका घोषणा भइसकेका छन्,जसमा वाग्मति गण्डकी र कोशी प्रदेशका जिल्लाहरू छन भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएकोमा हालका वर्षहरूमा सुचारू गरी साक्षर गाउँ/गाउँपालिका तथा जिल्ला घोषणा गर्ने कार्यले निरन्तरता पाएको छ । कर्णाली प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाकीबाकी पाँच ओटा जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको अवस्था छ । साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरीएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दे सहयोग र सहजीकरण गरिरहेको अवस्था छ । देशभर २१५१ ओटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई

काम गरिरहेका छन् भने गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्न माध्यमिक र माध्यमिक), खुला विश्व विद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

३.४.१ वर्तमान अवस्था

यस सिंजा गाउँपालिकाको जम्मा जनसङ्ख्या १२५५६ जना जसमध्य पुरूष ६,४१३ (५१.१ प्रतिशत) र महिला ६,१४३ (४८.९ प्रतिशत) रहेको छ भने जम्मा घरपरिवार सङ्ख्या २३५४ रहेको छ । सिंजा गाउँपालिकामा साक्षरता ६१.२ प्रतिशत (पुरूष ६८.६ प्रतिशत र महिला ५३.६ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको जनघन्त्व ८२ प्रति वर्गमिटर रहेको छ । जनगणना २०७८ को विवरण अनुसार यस गाउँपालिकामा १५ देखि ६० वर्ष उमेर समूहका ४१३५ (३६.३ प्रतिशत) जना निरक्षर रहेकोमा गाउँपालिकाका आवश्यक ठाँउमा प्रति कक्षा ३० जनाका दरले सहभागि गराई सरदर १३७ ओटा साक्षरता कक्षाहरू सञ्चालन गरी साक्षरता ९५ प्रतिशत पुर्याइ साक्षर गाउँपालिका घोषणा गरिएको छ भने अझै पनि साक्षर कार्यक्रमलाई निरन्तरता दिइ बाकि रहेका ७ प्रतिशत पनि साक्षर गराउनु पर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस पालिकामा पढ्न लेख्न सक्ने महिला सङ्ख्या ३०११ जना ५३.६ प्रतिशत पुरूष सङ्ख्या ३९६२ जना ६८.६ प्रतिशत रहेका छन, भने पढ्न मात्र सक्ने महिला ३० जना(०.५) प्रतिशत र पुरूष २१ जना (०.५) प्रतिशत रहेको छ, साथै पढ्न लेख्न नसक्ने जम्मा ४१३५ जना (३६.३)मा महिला सङ्ख्या २४६३ जना ४३.९ प्रतिशत र पुरूष सङ्ख्या १६७२ जना २८.९ प्रतिशत रहेका छन । सिंजा गाउँपालिकाको अपाङ्गता प्रतिशत १.८ रहेको छ जसमध्ये १.४ महिला र २.२ पुरूष रहेको छ । (स्रोत: राष्ट्रिय जनगणना - २०७८) सबै अवस्थालाई हेर्दा यस पालिकामा हाल १ ओटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सङ्ख्यालाई बढाउनु पर्ने तथा थप व्यवस्थित गर्नु,पर्ने देखिन्छ । विभिन्न सीपमूलक तालिमबाट निरक्षर रहेको प्रत्येक व्यक्तिलाई सीपमा जोड्न सके मात्र पालीकाको समुन्नती हुने देखिन्छ ।

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । मानिसहरू औपचारिक ,अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट केही न केही नया कुराहरूको सिकाइ जीवनमा भई नै रहेको हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै सिंजा गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवन पर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ । पढाइ लेखाई र सामान्य गणितीय सीपको सहयोगले कृषि, उद्यम, व्यापार लगायत धेरै प्रकारका पेसा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तर कै सामग्रीहरूको निर्माण गरी सिकाइका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवन पर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ ।

३.४.२ चुनौति तथा अवसर

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्नु,, समाजमा पठन संस्कृतिको विकास गर्नु,, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सीपसँग जोडेर प्रदान गर्नु,, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिवृद्धि गर्नु, आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरीदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।
गाउँपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पालिका स्तरबाट कृषि पशु रोजगार सहकारी महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ । शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस सिंजा बासीहरूको मागअनुसारको सीपमा जोडन कृषि तालिम प्रविधि विस्तार र प्रसार,

उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरूलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रूपमै पालीकाले योजना बनाएको छ ।

### ३.४.३ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु,,
- अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,,
- शिक्षाबाट बञ्चित भएका युवा तथा प्रौढहरूलाई शिक्षाको मूल धारमा ल्याउनु ।
- आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४ रणनीति

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने,
- सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने,
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवाद को रूपमा अगाडि बढाइनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने ,
- गाउँपालिकाभित्रका विद्यालयहरू मार्फत विद्यार्थी परिचालन द्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिने,
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार ,प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सङ्घसंस्थाहरूसँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने,

- विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परमपरावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यवहारिक बनाइने ।
- प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट बञ्चित भएका व्यक्तिहरूलाई छोटो अवधिको तालिमहरू दिई व्यवसायिक बनाइने ।
- सामुदायिक सिकाइ समूह मार्फत समूहको सदस्याहरूलाई परिचालन गरी सिकाइ र सीप विकास कार्यक्रमहरू विस्तार गरिने,
- जेष्ठ नागरिक सिकाइ केन्द्रहरूको स्थापना गरी सास्कृतिक कार्यक्रममार्फत सिकाइलाई जोड दिने ।

३.४.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरी रोजगारिको अवसर सिर्जना भएको हुने छ ।

गाउँपालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुने छन् ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र. सं.** | **प्रमुख नतिजा** | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रत्येक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | १ | २ | २ | १ | १ |
| २ | सिंजा गाउँपालिकामा साक्षरता दर बढाउने | ६१.२ | ६४ | ६८ | ७२ | ७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सामुदायिक पुस्तकालयको स्थापना गर्ने | ० | २ | २ | १ | १ |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने | ० | १ | २ | १ | १ |
| ५ | साक्षर, निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन भइ अद्यावधिक गर्ने | ० | १ | ० | १ | ० |
| ६ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा आय आर्जन कार्यक्रम सञ्चालन हुने | १ | १ | ३ | ५ | ६ |
| ७ | निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सीप प्राप्त गर्ने | ४१३५ | ३००० | २००० | १००० | ५०० |
| ८ | महिला तथा प्रौढहरूले शिप सिकि स्वरोजगार तथा उद्यमी बन्ने सङ्ख्या | ० | १०० | १५० | १५० | २५० |
| ९ | उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालिम सङ्ख्या (समूह) | ५ | ५ | ५ | ५ | ५ |
| १० | अनौपचारिक शिक्षाबाट लाभावन्वित नागरिकहरूको सङ्ख्या | ० | ५० | ५० | ५० | ५० |

३.४.६ प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना | ओटा | १० | ० | ३ | २ | २ | २ | ९ | १ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको तथा सहजकर्ताको क्षमता अभिवृद्धि तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्रौढहरूलाई सीपविकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ४ | निरन्तर |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रत्येक वडामा पुस्तकालय स्थापना | ओटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | छोटो अवधिको तालिम तथा लामो अवधिको तालिम सञ्चालन गर्ने | पटक | १० | १ | १ | २ | ३ | ४ | १० | निरन्तर |

## ३.५ प्राविधिक शिक्षा र व्यवसायिक तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा सीप विकास र आयआर्जनसँग जोडिएको हुन्छ । अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसँग जोडने काम गर्दछ । यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ । व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सीपयूक्त जनशक्तिको रूपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए., इन्जिनियर, कम्प्युटर लगायतका सीपयूक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा सँगसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ । हाल कृषि, भेटनरी, सब-ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरूमा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नु,पर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ ।

माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्ष डिजाइन गरिएको र कक्षा ११-१२ मा पुगेपछि विज्ञानको कोर्ष थप गरिएको कारण

कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरूको दर न्यून रहेको छ । यसै सन्दर्भमा यस सिंजा गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा यूवा तथा दक्ष जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेसा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी कार्यक्रमहरू समावेश गरिएको छ ।

३.५.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री भैरब मा.वि. सिंजा-३ मा कृषि प्राविधिक (वाली विज्ञान) १५ महिने विद्यार्थी अभाबका कारण र श्री मालिका मा.बि. धाँपामा सब - ओभरसियर र ओभरसियर कार्यक्रम सञ्चालनमा रहेको अवस्था छ भने पूर्णकालिन ७ जना र अल्पकालिन शिक्षक ३ जना गरी १० शिक्षकले २ ओटा प्राविधिक शिक्षा सञ्चालन गर्नु, पर्ने अवस्था रहेको छ । त्यसैले विद्यालयको भौतिक पूर्वाधारयुक्त माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको धार सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार  तथा अन्य सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरी समुदायको मागमा आधारित सीप विकासका अवसर प्रदान गर्नु,का साथै पालिका भित्र उपयुक्त, पहुँचयोग्य वातावरण भएका विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम विस्तार गर्नु,पर्ने आवश्यक्ता खड्किएको छ । यस सिंजा गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न, अनाथ र अपाङ्गता भएका विद्यार्थीहरूका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्नका लागि कार्यविधि र मापदण्ड निर्माण गरी वितरण गर्ने गरेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि बार्षिक CTEVT ले बार्षिक ७ लाख रूपैया समेत उपलब्ध गराउने गरेको छ  ।

३.५.२ चुनौती तथा अवसरहरुः

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुँदाहुँदै पनि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गर्न नसकिनु, उत्पादित जनशक्ति र श्रम

बजारको मागबिचको तालमेल मिलाउनु ,कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु,छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्नु,, प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यवहारिक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरूका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गर्नु,, प्राविधिक  तथा व्यवसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु,, प्राविधिक तथा व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु,, आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्नु,, प्राबिधिक र व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु,, स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु, जस्ता कुराहरू यस क्षेत्रका प्रमुख चुनौतिहरू हुन ।

यसैगरी विविध चुनौतीहरू सँगसंगै प्राविधिक शिक्षा तथा व्यवसायिक सीपको क्षेत्रमा गाउँपालिकाले लगानी गर्नु,, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति सरोकारवालहरूको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि यस गाउँपालिकाले वार्षिक रूपमा छात्रवृत्तिको व्यवस्था गर्नु,, प्राविधिक तथा व्यवसायिक शिक्षा सङ्घीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सीपमूलक र उद्यमशीलमा आधारित व्यवसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यवसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, सरकारले पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु, आदिलाई  यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ .

३.५.३ उद्देश्य

- ✓ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालनको अवसर तथा वातावरण तयार गरी एक घर एक प्राविधिक जनशक्ति तयार गर्ने ,

- ✓ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीका अवसरहरू उपलब्ध गराइ उधमशीलताको विकास गर्ने ,

३.४.३ रणनीति

- ✓ समय सापेक्ष रूपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको विस्तारका लागि आवश्यक पहल गर्ने ,
- ✓ माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको मागमा आधारित प्राविधिक तथा व्यवसायिक सीप विकासमा सहभागितामूलक पहुँच सुनिश्चित गर्ने ,
- ✓ स्वरोजगारका अवसरहरूको विस्तार तथा सुनिश्चितता गर्ने,
- ✓ प्राविधिक शिक्षा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने ,
- ✓ हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने ,
- ✓ प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरूलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बिचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने
- ✓ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने ,
- ✓ विद्यार्थीहरूलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गर्ने ,
- ✓ प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यवसायिक कार्यको सुरूवात गर्न ऋण तथा अनुदानको व्यवस्था गर्ने ,
- ✓ प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी छोटो अवधिको तालिम र सीप विकासको लागि समन्वय र सहकार्य गर्ने ,
- ✓ प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्ने ,

३.४.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- ✓ गाउँपालिकामा कम्तिमा एक प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गरी उत्पादन भएका  जनशक्तिबाट आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तरमा सुधार भएको  हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालयको सङ्ख्या | ० | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १६० | ३५ | ३५ | ३५ | ३५ |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी सङ्ख्या | ० | ३० | ५० | ७० | १०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरूको सङ्ख्या | ० | १० | १० | १० | २० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सीपहरूको सङ्ख्या | ० | ३ | ३ | ३ | ३ |
| ६ | प्रयोगात्मक कक्षा कोठा सहित प्रशिक्षण केन्द्रहरू स्थापना | ० | १ | १ | १ | १ |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क सङ्कलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका लागि आवश्यक नीति तथा मापदण्ड निर्धारण गरी स्थानीय स्तरमै रोगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ० | २ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | छोटो अवधिका सीपमूलक व्यवसायिक तालिम सञ्चालन | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | प्राविधिक शिक्षा पढ्न चाहने अति विपन्न, अपाङ्गता भएका, | जना | १५० | ० | ३० | ३० | ३० | ३० | १२० | ३० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| | लोपोन्मुख तथा अनाथ विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रदान गर्ने | | | | | | | | | |
| ८ | स्थानीय परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | गाउँपालिकाले उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | जना | १२५ | ० | २५ | २५ | २५ | २५ | १०० | २५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| ११ | शिक्षक व्यवस्थापनका लागि सङ्घ प्रदेश र अन्य सरोकारवालहरूसँग समन्वय सहकार्यगर्ने , | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## परिच्छेद- -४: अन्तर सम्बन्धित विषयवस्तुहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । अर्थात शिक्षण सिकाइको उपलब्धि, विषयबस्तु, सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया सहितको वृहत दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । कुनै पनि देशको विद्यालयहरूको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्छ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले निर्धारण गर्दछ । यति मात्र नभई पाठ्यक्रमले उक्त मार्गमा सिकारूलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत व्याख्या गर्दछ । पाठ्यक्रमले निर्देश गरेको मार्गमा सिकारू हिड्न सके, नसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित मार्गमा हिडेको भएमा सिकारूलाई पाठ्यक्रमले तोकेको मार्गमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ । पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरू परिपूर्ति गर्ने मुख्य साधनहरू पाठ्यपुस्तक शिक्षक निर्देशिका र सन्दर्भसामग्रीहरूलाई पाठ्यसामग्री भनिन्छ । पाठ्यसामग्रीको अभावमा पाठयक्रमका निर्दिष्ट उपलब्धिहरू विद्यार्थीहरूमा हाँसिल गराउन असम्भव हुन जान्छ । पाठ्यक्रमको कार्यान्वयनमा पाठ्यसामग्रीहरूले सघाउने भएकाले शिक्षण सिकाइमा पाठ्यसामग्रीहरू अपरिहार्य हुन आउँछन ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा, ज्ञान, सीप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व पिरवेश अनुकुल समायोजन हुन, रोजगरी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिने भएकोले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकीकरण सहित आत्मसात् गर्न, विभेद रहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन, सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नु,पर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाका रूचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका

ज्ञान सीप, तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाको रूपमा लिन आवश्यक छ । नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्दतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता संगै विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्र द्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू भयो । यसै क्रममा वि.स.२०७६ नया पाठ्यक्रम तयार भइ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नँया पाठ्यक्रम विकास गरी वि.स. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू भइ वि.स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूपको पाठ्यक्रममा कतिपय नया विषयक्षेत्र तथा विषयवस्तु समावेश गरी अनुपयोगी विषयवस्तुहरूलाई परिमार्जन तथा प्रतिस्थापन गरिएको छ । यस प्रारूप अनुरूपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयबस्तुमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ ।

यस खण्डमा सिंजा गाउँपालिकाको विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको कार्यान्वयन तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी बर्तमान अवस्थाको समीक्षा गर्ने प्रयास गरिएको छ । साथै सो सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ । पहिचान गरिएका चुनौती र अवसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कनलाई बढि सान्दर्भिक बनाउन, यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन सम्बन्धी उद्देश्य,

रणनीतिहरू, अपेक्षित मुख्य नतिजा र मुख्य कार्यक्रम तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था

यस सिंजा गाउँपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा शैक्षिक सत्रको सुरुवातमै राष्ट्रिय पाठ्यक्रम यो प्रारूप २०७६, अनुसारका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू उपलब्ध भई कार्यान्वयन हुँदै आएको छ । साथै प्रारूप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय समयमा विद्यालयका शिक्षकहरूका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ । यसैगरी विद्यालयमा सन्दर्भसामग्री तथा प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गर्न हरेक वर्ष विद्यार्थी सङ्ख्याको आधारमा अनुदान रकम पनि उपलब्ध गराउने योजना गरेको छ । सबै सामुदायिक विद्यालयहरूमा कक्षा १-३ को पठन तथा गणितीय सिकाइ विकासका सामग्रीहरू गाउँपालिकाले छपाइ गरी वितरण समेत गरेको छ । यस सिंजा गाउँपालिकाको आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम हाम्रो सिंजा पहिचान (कक्षा १-८) निर्माण गरी २५ वटै सामुदायिक विद्यालयहरूमा कार्यान्वयन भएको छ । उक्त स्थानीय पाठ्यक्रममा स्थानीय तहको भौगोलिक, राजनितिक, सामाजिक, आर्थिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक अवस्था, आर्थिक क्रियाकलाप, पेसा, व्यवसाय र प्रविधि, स्वास्थ्य, सरसफाइ, खेलकुद, योग, स्थानीय जडिबुटी, विपत् व्यवस्थापन, सामाजिक परम्परा र मानवीय मूल्य मान्यता, सामाजिक सङ्घसंस्था र व्यक्तित्व जस्ता विषयहरूलाई समावेश गरिएको छ । २०७४ मा कक्षा १-३ को पाठ्यक्रम सहित पाठ्यपुस्तक निर्माण भई कार्यान्वयन भैरहेको र २०८० मा कक्षा ४ देखि ८ सम्मको पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेको छ । यसैगरी यस पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेबमोजिम कक्षा कोठामा आधारित आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कनको प्रयोग हुँदै आएको छ । जसका लागि गाउँपालिकाले समय समयमा शिक्षकहरूको क्षमता विकास तालिम समेत सञ्चालन गर्दै आएको छ । गाउँपालिकाले पाठ्यक्रमको कार्यान्वयनको अवस्था, विद्यालर्थी मूल्याङ्कन पद्धति प्रयोगको अवस्था आदि विषयमा नियमित विद्यालय अनुगमन तथा निरीक्षण गर्दै आइरहेको छ । विद्यालयहरूमा पाठ्यक्रम लागु तथा मूल्याङ्कन पद्धतिमा परेका समस्या समाधान गर्न विषयगत विज्ञ समूह निर्माण गरिनुका साथै पालिकाको सम्बन्धित शाखाले स्वयम् सहजीकरण गर्दै आइरहेको छ ।

### ४.१.२ चुनौती तथा अवसरहरु

नेपाल सरकारले समयको परिवर्तन सँगसँगै नया किसिमका युग सुहाउँदो पाठ्यक्रमहरू विकास गरेतापनि सबै शिक्षकहरूलाई नया पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु,, शिक्षकहरू पाठ्यक्रम तथा पाठ्यसामाग्रीको प्रयोगमा उत्साहित नदेखिनु, पेसाप्रति प्रतिबद्ध र दक्ष विषयगत शिक्षकको व्यवस्था गर्नु,, विद्यालयमा आधारित शिक्षकको पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु,, गाउँपालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु,, अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु,, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजीटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चतता गर्नु,, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरणमा सूचना प्रविधिको प्रयोग गर्नु,, अनलाईन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सीप, प्रविधि र पहुँच बिस्तार गर्नु,, पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह र विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु, जस्ता तमाम चुनौतीहरू विद्यमान छन् ।

माथिका तमाम विद्यमान चुनौती सँगसँगै कक्षा १-१२ सम्म सबै विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु, बुक कर्नर तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु, नियमित रूपमा पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिनु, आधारभूत तथा माध्यमिक विद्यालयहरूमा पुस्तकालय स्थापना हुनु, पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा विद्यार्थीले कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्ष भन्दा सीप र सिर्जनालाई प्राथमिकता दिने कार्यको सुरूवात हुनु, मूल्याङ्कन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुँदै जानु ,स्थानीय ज्ञान सीप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन हुनु, पाठ्यपुस्तकको छपाई, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु,पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, विद्यालयहरूमा पाठ्यपुस्तकमा आधारित नभई शिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको

प्रकाशनमा वृद्धि हुँदै जानु, वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री इ-कपिहरू पढ्ने मिल्ने गरी उपलब्ध हुँदै जानु, स्थानीय स्तरका आवश्यकता तथा सम्भावनाहरूलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम निर्माण हुनु, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सहजीकरण सामाग्रीहरू निःशुल्क डिजिटल स्वरूपमा प्राप्त हुनु,जस्ता अवसरहरू पनि रहेका छन् ।

### ४.१.२ उद्देश्य

(१)पाठ्यक्रममा आधारित शिक्षण सिकाइ द्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारूमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,,

(२)स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,,

(३)विद्यार्थी सिकाइमा सुधारका लागि निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

### ४.१.३ रणनीति

- ✓ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदानुसारका पाठ्यक्रमको सफल कार्यान्वयन गर्ने,
- ✓ माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने ,
- ✓ वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत्, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको प्रभावकारी सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइको अवसरमा अभिवृद्धि गर्ने र विद्यालयहरूलाई यसको लागि सक्षम बनाउँदै लग्ने ।
- ✓ सबै विद्यालयहरूमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने साथै अनलाईन सिकाइ पोर्टल मार्फत यी सामग्रीहरूलाई सर्वसुलभ गराउने ।
- ✓ विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउँदै लग्ने

- ✓ प्रत्येक सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग थप ज्ञान, सीप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षण सिकाइको प्रयोग गर्ने वातावरणको सुनिश्चित गर्ने
- ✓ सिकारूको सिकाइ उपलब्धीप्रति शिक्षकलाई जिम्वेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने वातावरण सिर्जना गर्ने
- ✓ स्थानीय पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास गर्ने
- ✓ स्थानीय पाठ्यसामग्री विकासको प्रक्रियालाई बढि सहभागितामूलक बनाई कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गर्ने, विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका बारेमा सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गर्ने
- ✓ स्थानीय स्तरको पाठ्यक्रमको परिमार्जन एवम् पाठ्यपुस्तको विकास र प्रकाशन तथा कार्यान्वयनका लागि स्थानीयस्तरमा उपयुक्त अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने
- ✓ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गर्ने
- ✓ सिकारूले सिकेको प्रमाणित भैसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणाली विकास गरी विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित बनाउने
- ✓ विद्यालयमा सञ्चालन हुने अन्तिम परीक्षामा एकरूपता ल्याउने ।

### ४.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- ✓ पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा परिवर्तन भएको हुनेछ ।
- ✓ निरन्तर र स्तरीकृत विद्यार्थी मूल्याङ्कन पद्धतिमार्फत विद्यार्थीहरूको सिकाइस्तरमा सुधार भएको हुनेछ ।
- ✓ स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालयको सङ्ख्या | २२ | २७ | २७ | २७ | २७ |
| २ | समयमै पाठ्यपुस्तक उपलब्ध गराउने विद्यालयको सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ |
| ३ | पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सिकाइ सामाग्री उपलब्ध भएका विद्यालयको सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ |
| ४ | कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय सङ्ख्या | २२ | २५ | २७ | २७ | २७ |
| ५ | एकिकृत पाठ्यक्रम लागु गर्ने विद्यालको सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ |
| ६ | मातृभाषा वा स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अवरोधअवरोध गर्ने विद्यालय सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ |
| ८ | विशिष्टीकरण तालिका अनुसार स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | २० | २७ | २७ | २७ |

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| ९ | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १० | १५ | २० | २५ |
| १० | आवधिक परीक्षामा स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १५ | २० | २५ | २७ |
| ११ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | २२ | २५ | २५ | २५ | २५ |
| १२ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० |

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धिहरूको प्राप्तिका लागि आवश्यकतामा आधारित शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने | पटक | ५ | ४ | १ | १ | १ | १ | ४ | १ |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| | आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवरोधअवरोध गर्ने | | | | | | | | | |
| ४ | विद्यालयमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | समूह | ८१ | ० | १७ | १६ | १६ | १६ | ६५ | १६ |
| ५ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युग सुहाउँदो बनाउनका लागि शिक्षामा डिजिटल सामग्री एवम् सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | आधारभूत विद्यालयहरूमा क्रमस पुस्तकालयको स्थापना गर्ने | सङ्ख्या | १६ | ० | १० | ६ | | | १६ | निरन्तर |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरूका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने | विद्याल य | २२ | २२ | १२ | २७ | २७ | २७ | २७ | २७ |
| ९ | तहगत रूपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी त्यसको सफल कार्यान्वयन गर्ने | आ.वि १-३ | | १ | | १ | | १ | ३ | निरन्तर |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू हासिल गराउनका निमित्त विद्यार्थीहरूलाई सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउने महत्वपूर्ण व्यक्तित्वलाई शिक्षक भनिन्छ । शिक्षकले पाठ्यक्रम र विद्यार्थीलाई जोडने सेतुको रूपमा काम गरिरहेका हुन्छन । शिक्षाले देश विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुन्छ । शिक्षकको गुणस्तरको मात्रा भने शिक्षक तयारी, विकास र व्यवस्थापनसँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । हाम्रो पूर्वीय दर्शनमा शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । नेपालमा आधुनिक शिक्षा पद्धतिको विकास भएसँगै शिक्षक व्यवस्थापनका विविध पक्षमा विभिन्न कार्यहरू गर्दै आएको छ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढि विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ । देशमा ३५ हजार २ सय २२ विद्यालय रहेकोमा सामुदायिक विद्यालयको सङ्ख्या २९ हजार २ सय १९ छ, जसमा ७४ लाख ४६ हजार ९८ विद्यार्थी छन् । सामुदायिक विद्यालयमा हाल १ लाख ४७ हजार ३ सय ६ शिक्षक कार्यरत् छन् । देशभरमा हाल कक्षा १ देखि ५ सञ्चालन भएका सामुदायिक विद्यालयमध्ये एउटा पनि दरबन्दी वा राहत कोटा नपाएका विद्यालयको सङ्ख्या १ हजार ४ सय ८३ छ । निम्न माध्यमिक तहमा १ हजार ७१ र माध्यमिक विद्यालय हरू ५ सय ४ ओटामा एक जना पनि शिक्षक स्वीकृत तथा राहत दरबन्दी नभएको जानकारी दिइएको छ । बालविकास केन्द्र शिक्षक दरबन्दी बिना सञ्चालन भएको एवम् कक्षा ११ र १२ सीमित अनुदान कोटाको भरमा छ ।

कुनैपनि देशको शैक्षिक गुणस्तरलाई कस्तो बनाउने भन्ने कुरा शिक्षकमा निर्भर रहन्छ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन र विकासको महत्वपूर्ण भूमिका

रहेको हुन्छ । शिक्षकको क्रियाशीलतामा शिक्षण सिकाइले गति लिने गर्दछ । शिक्षक तयारी र विकास विभिन्न समयमा विभिन्न किसिमबाट भएका पाइन्छन् । शिक्षकको तयारी, विकास र व्यवस्थापन सम्बन्धित देशको चासोको विषय हो । देशका लागि आवश्यक जनशक्ति उत्पादनको जिम्मा शिक्षाको हो । देशलाई कति र कस्ता किसिमका जनशक्ति आवश्यक हुन्छ र सो आवश्यकतालाई कसरी पूर्ति गर्ने भन्न जिम्मेवारी शिक्षाको हो । शिक्षाको गुणस्तर व्यवस्थापन गर्ने जिम्मेवारी पनि शिक्षा क्षेत्रको नै हो । विद्यालयको कक्षा कोठाको तहमा यस्तो जिम्मेवारी निर्वाह गर्ने समूह शिक्षक हो ।

शिक्षकको गुणस्तरभन्दा माथि शिक्षाको गुणस्तर नहुने भएकाले देशको ध्यान शिक्षक तयारी, विकास तथा व्यवस्थापनमा केन्दिीत हुनु पर्छ । शिक्षकको विषयवस्तु सम्बन्धी ज्ञान,सीप, दक्षता, पेसाप्रतिको समर्पण र आकर्षक व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पारेको हुन्छ । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पश्चात शिक्षक नियुक्तिलाई व्यवस्थित गरिएको हो । यस योजनामा विद्यालयको तह अनुसार शिक्षकको योग्यता, तालिम तथा नियुक्तिको प्रक्रिया तोकिएको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना पूर्व शिक्षक नियुक्तिमा केही प्रावधान तोकिए पनि विद्यालय सहयोग समितिले विद्यालयको आवश्यकता अनुसार शिक्षक नियुक्त गर्थ्यो । कतिपय स्थानमा योग्यता प्राप्त शिक्षकको अभाव हुँदा थोरै योग्यता भएका व्यक्तिलाई पनि शिक्षकमा नियुक्ति गरिन्थ्यो । शिक्षक नियुक्ति गर्दा तोकिएको योग्यता वृद्धि गर्ने र तालिम लिने सर्त पनि राखिएको थियो ।

शिक्षक विकास तथा व्यवस्थापनका दुई भिन्न दृष्टिकोण पाइन्छ । पहिलो दृष्टिकोण अनुसार विद्यालयमा शिक्षण कार्य गर्न आवश्यक पर्ने शिक्षकको योग्यता तथा तालिम पूर्व निधारित हुने गर्छ । तोकिएको योग्यता तथा तालिम हासिल गरेको प्रतियोगी मध्ये उत्कृष्टताका आधारमा आवश्यक सङ्ख्या अनुसार सम्बन्धित निकायले नियुक्त गर्दछ । अर्को दृष्टिकोणअनुसार बजारमा उपलब्ध निम्नतम् योग्यता हासिल भएका व्यक्तिहरूबाट प्रतिस्पर्धात्मक प्रतियोगिताबाट उत्कृष्टताका आधारमा छनौट गरी आवश्यकता अनुसार शिक्षक विकास गर्नका लागि सेवा प्रवेश पश्चात कम्तिमा ६ महिना वा १ वर्षको सघन तालिम उपलब्ध गराइन्छ । योग्यता र तालिम लिएका तयारी शिक्षक भित्र्याउने कि योग्यता हासिल गरेका नियुक्ति गरेर आवश्यकतानुसार तालिम दिएर अपेक्षित शिक्षक

विकास गर्ने भन्ने दुई दृष्टिकोण नै बहुप्रचलित दृष्टिकोण हुन् । नेपालमा शिक्षा, नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०११ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छः शिक्षक नै शिक्षाको जग हो । गुरूले जस्तो पढाउँछ त्यस्तै चेलाले सिक्दछ । शिक्षण एउटा कला र विज्ञान हो । हरेक मानिस योग्य शिक्षक हुन सक्दैन । योग्य शिक्षक जन्मछन्, बनाईंदैनन् भन्ने कथन छ । कुनै मानिसमा पढाउने गुणको विशेषता पाइन्छ । साथसाथै त्यस्तो विशेष गुणको विकास तालिम द्वारा हुँदै जान्छ । आजभोलि शिक्षकहरूले व्यवसायिक तालिम लिनै पर्दछ भन्ने सिद्धान्तले मान्यता पाएको छ । पढाउने व्यवसाय लिएको व्यक्तिहरू मध्येबाट योग्य उम्मेदवार छान्न जरूरी छ तर तालिमबाट प्रभावशाली शिक्षकहरू बन्दछन् ।

शिक्षक नै शिक्षाको सफलता र असफलताको मुख्य कारण हो । उनले राम्रो शैक्षिक वातावरण उत्पन्न गरेको छ छैन, त्यस उपर नै शिक्षाको सफलता र असफलता निर्भर रहन्छ । शिक्षकले पढाउने व्यवसायमा पारङ्गत हुनु पर्दछ । शिक्षक आफैं आधार व्यवसाय सम्बन्धी शिल्पमा योग्य र त्यस्ता शिल्प सिकाउनमा दक्ष हुनु पर्दछ । शिक्षक व्यक्तिगत रूपमा राम्ररी विकसित हुनु पर्दछ र अविछिन्न रूपले आफूलाई विकास गर्न जान्ने कार्यविधिमा दक्ष हुनु पर्दछ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छ, तलब भत्ताको सन्तोषजनक स्केल र सामाजिक स्तर दिएर शिक्षण पेसाको उचित सम्मान, जसबाट यस पेसामा योग्य मानिसहरू प्राप्त हुन सकून् । उत्साहित नवयुवकहरूलाई शिक्षण व्यवसायमा लगाउन हाम्रा हाइ स्कुलहरूमा शिक्षक वृद्धि गर्नु, पर्दछ । भविष्यमा हाम्रा माध्यमिक विद्यालयहरूमा सिकाउन उत्सुक हुने सबैलाई बीएड उपाधि (डिग्री) को योग्यता अनिवार्य गराउनु पर्दछ ।
जबसम्म शिक्षकको आवश्यकता बढि मात्रामा रहिरहन्छ र राम्ररी तालिम पाएका शिक्षकहरूको आवश्यकता पुरा गर्न सकिन्न, तबसम्म तालिम नपाएका स्नातकहरू (ग्रयाजुएट) लाई आफू नियुक्त भएको मितिले ५ वर्षभित्र तालिम लिइसक्नुपर्ने सर्तमा काममा लगाउन सकिन्छ । पहिला तालिम प्राप्त शिक्षकहरूको निमित्त बराबर कार्यशाला अन्तर सेवा तालिम प्रसारको पाठ्यक्रमहरूको व्यवस्था गरिनु पर्दछ । कलेज अफ एजुकेसनमा प्रशिक्षार्थीहरूलाई बी एड को डिग्री प्राप्त गरेपछि शिक्षा सेवामा लिइने निश्चितता दिइनुपर्दछ । तिनीहरूको नियुक्तिको बन्दोबस्त पहिले नै गरिनु पर्दछ जसबाट निरूत्साहपूर्ण ढिलाई नहोस् र तिनीहरू अरू व्यवसायमा तानिने सम्भावना पनि नहोस् । कलेज अफ

एजुकेसन पाठ्यक्रमको विस्तारै विस्तारै नवीनीकरण गरिनु पर्दछ जसले कि मैथोडोलोजी (शिक्षण विधि) मा दिइएको ध्यानलाई कम नगरिकन विषयमा पनि ज्यादै जोड दिन सकियोस् ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षकहरू शिक्षा प्रणालीको केन्द्र हुन् । विद्यालयमा दक्ष शिक्षकहरू हुनुले दक्ष विद्यार्थीहरू तयार गर्न सहयोग गर्छ, र प्रेरणादायी, जानकार, योग्य र तालिम प्राप्त शिक्षक विद्यार्थीहरूको उपलब्धिमा प्रभाव पार्ने विद्यालयसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण कारक भएको देखिएको छ । त्यसैले यो खण्डमा प्रादेशिक र राष्ट्रिय स्तरमा लिङ्ग र विद्यालयका प्रकारहरूका आधारमा शिक्षक सम्बन्धी जानकारी समेटिएको छ । सामुदायिक विद्यालयहरूमा शिक्षकहरू मुख्य रूपमा तीन प्रकारका रोजगारीमा पर्छन्ः पहिलो, सङ्घीय सरकारले नियुक्त गरेका शिक्षकहरू, जसलाई स्थायी, अस्थायी र राहत शिक्षकको रूपमा वर्गीकृत गरिन्छ । दोस्रो, सङ्घ, प्रदेश वा स्थानीय तह सरकारले प्रदान गरेको अनुदानका आधारमा स्थानीय रूपमा नियुक्त गरिएका शिक्षकहरू ।तेस्रो, निजी स्रोतबाट वित्त पोषित शिक्षकहरू, जसलाई विद्यालयहरूले तलब दिन्छन् । संस्थागत विद्यालयहरूको सन्दर्भमा, सबै शिक्षकहरू निजी रूपमा नियुक्त गरिएका हुन्छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट २०२४ अनुसार कर्णाली प्रदेशमा १-५ मा स्थायी शिक्षक ५२९६ जना अस्थायी शिक्षक ६९८ जना राहत शिक्षक २१९६ जना रहेका छन, ६-८ मा स्थायी शिक्षक ९१० जना अस्थायी १२० जना र राहत शिक्षक ८३८ जना रहेका छन जसमा आधारभूत तह १-५ मा महिला शिक्षक २७२० र पुरूष शिक्षक ५४२० जना रहेका छन भने आधारभूत तह ६ -८ मा महिला शिक्षक ३४७ जना र पुरूष शिक्षका १५२१ जना रहेका छन साथै आधारभूत तम १ -८ मा महिला शिक्षक ३११७ जना र पुरूष शिक्षक ६९४१ जना रहेका छन् । निजि स्रोतबाट नियुक्त शिक्षक तह १-५ मा ४१ महिला र २०२ पुरूष गरी जम्मा जम्मा २४३ जना शिक्षक रहेका छन भने तह ६-८ मा १८२ महिला र ५०७ पुरूष गरी ६८९ जना शिक्षक रहेका छन् भने तह १-८ मा महिला २२३ जना र पुरूष ७०९ गरी ९३२ जना शिक्षक कार्यरत छन यसैगरी शिक्षण साहयता अनुदान साथै स्वयम सेवक शिक्षक सङ्घीय अनुदानबाट ३३ महिला र ११८ पुरूष गरी १५१ जना शिक्षक र प्रदेश अनुदानबाट ८ महिला ४० पुरूष गरी ४८ जना, स्थनिय तहबाट ७७ महिला र २८८ पुरूष गरी ३६५ जना शिक्षक कार्यरत

छन भने स्वयंम् सेवक शिक्षकको रूपमा ७ महिला तथा १७ पुरूष गरी जम्मा २६ जना शिक्षक कार्यरत छन । माध्यमिक तह ९-१० मा  स्थाय ५९८ जना अस्थायी ८९ र राहत ५४७ गरी शिक्षक कार्यरत  जसमा  नेपाल सरकार द्वारा स्वीकृत महिला शिक्षक १५० जना छन भने माध्यमिक तह ११ -१२ मा अस्थायी १९८ जना राहत ३८८ जना शिक्षक कार्यरत छन जसमा ६९ जना महिला  शिक्षक छन, माध्यमिक तह ९-१२ मा स्थायी ५९८ जना अस्थायी २८७ जना  र राहत ९३५ जना कार्यरत रहेका छन महिला शिक्षक २१९ जना कार्यरत छन । निजि स्रोतबाट नियुक्त शिक्षक तह ९-१० मा ४१ महिला २०२ पुरूष, तह ११-१२ मा ९ महिला र ४८ पुरूष, तह ९-१२ मा ५० महिला र २५० पुरूष शिक्षक कार्यरत रहेका छन । यसैगरी सङ्घीय अनुदानबाट ३५ महिला र १९२ पुरूष, प्रदेश अनुदानबाट १ महिला र ३२ पुरूष, स्थानीय तह ३९ महिला र १३५ पुरुष तथा स्वयंमसेवक शिक्षकका रूपमा २ महिला र १० पुरूष शिक्षक कार्यरत रहेका छन् ।

यस सिंजा गाउँपालिकामा हाल सबै किसिमका शिक्षकहरूको जम्मा सङ्ख्यालाई हेर्दा प्रारम्भिक बालविकास केन्द्रमा १९ जना बालविकास शिक्षकहरूको दरबन्दी रहेको छ भने प्राथमिक तहमा ६२ जना स्थायी, ३ जना अस्थायी, २४ जना राहत र ६ जना निजी स्रोत गरी जम्मा ९५ जना, निम्नमाध्यमिक तहमा ९ जना स्थायी, १ जना अस्थायी, १३ जना राहत, ४ जना शिक्षण अनुदान, १२ जना गाउँपालिका अनुदान र निजी १ जना गरी जम्मा ४० जना, माध्यमिक तह (९-१०) मा स्थायी १५ जना, १ जना अस्थायी, ५ जना राहत, ६ जना शिक्षण अनुदान र ४ जना गाउँपालिका अनुदान गरी जम्मा ३१ जना र  माध्यमिक तह (११-१२) मा अस्थायी ४ जना र अनुदान कोटा ४ जना गरी जम्मा ८ जना गरी कूल १७४ जनाको दरबन्दी रहेको छ ।  यसैगरी विषयगत दरबन्दीको हिसाबले निम्नमाध्यमिक तहमा नेपाली विषयका शिक्षक ६ जना, अंग्रेजी विषयका शिक्षक १० जना, गणित विषयका शिक्षक ९ जना, विज्ञान विषयका शिक्षक ११ जना र सामाजिक विषयका शिक्षक ४ जना, छन् भने माध्यमिक तह (कक्षा ९-१०) मा नेपाली विषयका शिक्षक ५ जना, अंग्रेजी विषयका शिक्षक ६ जना, गणित विषयका शिक्षक ६ जना, विज्ञान विषयका शिक्षक ४ जना र सामाजिक विषयका शिक्षक ५ जना, छन् । यसैगरी माध्यमिक तह (कक्षा ११ र १२) मा नेपाली विषयका शिक्षक ३ जना, अंग्रेजी विषयका शिक्षक २ जना, गणित विषयका शिक्षक १ जना र सामाजिक विषयका शिक्षक १ जना कार्यरत

रहेका छन् । यस पालिकाको शिक्षक विद्यार्थी अनुपात बालविकास केन्द्रमा १०:१, प्राथमिक तहमा १४:१, निम्नमाध्यमिक तहमा २३: १ र माध्यमिक तह (९-१०) मा १८:१, माध्यमिक तह (११-१२) मा ६९:१ र माध्यमिक तह (९-१२) मा २९:१ रहेको छ । जम्मा शिक्षक विद्यार्थी अनुपात १९:१ रहेको छ । जुन प्रदेशस्तरमा २८.० राष्ट्रिय रूपमा २४ रहेको छ । यस तथ्याङ्कलाई निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षकहरूको कमी रहेको देखिन्छ । यस पालिकाले माध्यमिक तहका ४ निम्नमाध्यमिक तहका १२ जना र बालविकास केन्द्रमा ४ जना गरी जम्मा २० जना पालिका अनुदान शिक्षकहरूको व्यवस्था गरी शिक्षकको अभावलाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

गाउँपालिकाले शिक्षक तयारी र नियुक्ति तथा शिक्षण पेसाप्रति आकर्षण, शिक्षकको व्यवस्थापन र विकास गर्नका लागि शिक्षक नियुक्ति सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्माण, पालिका अनुदानका शिक्षकहरूलाई नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम तलव स्केल, चाडपर्व खर्च र पोशाक भत्ताको व्यवस्था, शिक्षकको दरबन्दी मिलान तथा सरूवा सम्बन्धी कार्यविधि निर्माण जस्ता कार्यहरू गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरूको निरन्तर पेसागत विकास र क्षमता विकासका लागि छोटा अवधिका तालिमहरू सञ्चालन हुँदै आएका छन् । यसैगरी पालिकास्तरीय विज्ञ समूह गठन गरी शिक्षकका शिक्षण सिकाइसँग सम्बन्धित समस्या समाधानका लागि आवश्यक सहयोग गर्ने, मासिक प्रधानाध्यापक बैठकमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरू आदाप्रदान गर्ने तथा पालिकास्तरीय शिक्षा समूहमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरू आदाप्रदान गर्ने कार्य हुँदै आएको छ । साथै शिक्षकहरूको पेसागत विकासका लागि विद्यालयमा प्रधानाध्यापकद्वारा कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन तथा आवश्यक सहयोग हुँदै आएको छ । यस गाउँपालिकाले प्रधानाध्यापक बैठक मार्फत पनि शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक छलफल गर्ने, बेलाबेला पाठ्यक्रम अभिमुखीकरण तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने जस्ता विषयहरूमा छोटा तालिमहरू पनि प्रदान गर्दै आएको छ । यसैगरी कर्णाली प्रदेश सरकार मानव संसाधन विकास केन्द्रले सञ्चालन गर्ने शिक्षक पेसागत विकास तालिममा पनि यस पालिकाले शिक्षकहरूलाई पठाउने गरेको छ । यती हुदाँ दुँदै पनि हालको सन्दर्भमा शिक्षक कर्मचारीहरूलाई पाठ्यक्रम प्रवोधीकरण,सूचना प्रविधि, लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका शिक्षकको क्षमता तथा

पेसागत विकास सम्बन्धी विषयहरूमा थप क्षमता विकास तालिमको आवश्यकता महसुस गरिएको छ ।

४.२.२ चुनौती र अवसरहरुः

शिक्षकलाई शिक्षण सिकाइको महत्वपूर्ण खम्बाको रूपमा मानिएतापनि हाम्रा विद्यालयमा शिक्षक दरबन्दीको अभाब रहको हुँदा आवश्यकता तथा विषय अनुसार शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,, वर्तमान शिक्षकहरूको विषयवस्तु दक्षता कमजोर छ, शिक्षा शास्त्रबाट उत्पादित जनशक्तिको विषयवस्तुको दक्षता अझै कमजोर छ, शिक्षा शास्त्रको अभ्यास शिक्षण नाम मात्रको भएको छ, बजारमा गुणस्तरीय शिक्षकका लागि उम्मेदवारका लागि दक्ष व्यक्तिको अभाव छ, शिक्षक भएका र हुन चाहनेमा सकारात्मक भावनाको अभाव छ, शिक्षण पेसालाई सबै भन्दा छोडिएको पेसा मानिएको छ, देशका विभिन्न स्थानमा खुलेका शिक्षा शास्त्रका स्नातकमा विषयवस्तु र सीपको अभाव छ, शिक्षण पेसाको मर्यादा कायम गराउन कठिन भएको छ, विश्व विद्यालयका अब्बल विद्यार्थीलाई शिक्षकमा आकर्षण गर्न नसकिएको अवस्था छ, विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवारी बोध गर्ने शिक्षकको अभाव छ, शिक्षण पेसामा समर्पित शिक्षकको अभाव छ, शिक्षकको पठन पाठनभन्दा अन्य क्षेत्रमा चासो बढेको छ, अध्यापन अनुमतिपत्रको व्यवस्थापन कमजोर छ, विषयगत अध्यापन अनुमति पत्रको व्यवस्था छैन, अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको ज्ञान, सीप र प्रवृत्तिमा न्यूनता छ, शिक्षक तयारी र विकासमा हालको पद्धतिले एक्काईसौं शताब्दी र विश्व परिवेशका ग्रयाजुएट उत्पादन गर्न नसक्ने अवस्था छ, गुणस्तरीय शिक्षा प्राप्त हुन सकेको छैन, उपयुक्त शिक्षकको व्यवस्थापन हुन नसकेको अवस्था छ, प्राथमिक तहका शिक्षक मात्र भएका विद्यालयले निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय सञ्चालन गर्ने र नतिजा खस्कियो भनेर कोलाहाल गर्ने अवस्था छ ।

यहाँ शिक्षक व्यवस्थापन र पेसागत विकाससँग सम्बन्धित चुनौतिहरू मात्र छैनन यसमा थुप्रै अवसरहरू पनि छन् । शिक्षक सेवा आयोगले वर्षेनी स्थायी शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्नु,, नियमित बढुवाका कार्यक्रमहरू प्रभावकारी रूपमा अगाडि बढाउनु,शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि पारित हुनु, शिक्षकको पेसागत विकास प्रारूप अनुसार पेसागत विकासका कार्यहरू कार्यान्वयनमा आउनु, स्थानीय तहले विद्यालयको आवश्यकताका आधारमा शिक्षक दरवन्दी सिर्जना गर्नु,, मापदण्डका आधारमा शिक्षक समायोजन गर्नु,, शिक्षकका पेसागत विकासका तालिमहरू नियमित सञ्चालन गर्नु,, सबै

तहका सरकारहरूले शिक्षक व्यवस्थापनमा लगानी गर्नु,, शिक्षकका पेसागत सङ्घ संस्थाहरूले सक्रीय रूपमा कार्य गर्नु, आदिलाई शिक्षक व्यवस्थापन र विकासका अवसरहरू मान्न सकिन्छ ।

### ४.२.३ उद्देश्य

- ✓ तहगत, कक्षागत तथा विषयगत रूपमा प्रतिबद्ध र अभिप्रेरित शिक्षकको व्यवस्था गर्नु,
- ✓ विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,,
- ✓ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीति

- ✓ सङ्घीय सरकारले पहिचान गरेका आवश्यक दरबन्दीका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने
- ✓ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने
- ✓ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने
- ✓ विद्यालयमा नियुक्ति गरिने निजी स्रोतका शिक्षक कर्मचारीहरूको सेवा, सर्त र पारिश्रमिकमा मापदण्ड तोकी एकरूपता कायम गर्ने
- ✓ विद्यालय शिक्षा सम्बन्धी सञ्चालन हुने कार्यक्रममा शिक्षकको सहभागिता सुनिश्चित गर्ने
- ✓ शिक्षक दरबन्दीको अभावलाई तत्काल परिपूर्ति गर्न पालिका अनुदानका शिक्षकहरू नियुक्ति र परिचालनमा वृद्धि गर्ने
- ✓ शिक्षकको उत्प्रेरणा र मनोबललाई उच्च राख्न कार्यसम्पादन र नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने कार्यको थालनी गर्ने
- ✓ शिक्षकको निरन्तर पेसागत विकासका लागि मागमा आधारित शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिमको व्यवस्था गर्ने

- ✓ स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने
- ✓ सकारात्क सोच विकासका लागि प्रत्येक वर्षमा एकपटक पेसागत सीप विकास र उनोन्नयनमा लगाउने गरी अवलोकन भ्रमण कार्यक्रमको थानली गर्ने
- ✓ विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
- ✓ शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
- ✓ शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने

४.२.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- ✓ तहगत, कक्षागत तथा विषयगत रूपमा पेसाप्राति प्रतिवद्ध शिक्षकको व्यवस्थापन भएको हुने,
- ✓ शिक्षक तालिम र सक्षमता प्रारूपको कार्यान्वयनबाट सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने,
- ✓ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको प्राप्त भएको हुने,

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रमा कार्यरत तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता पुगेका शिक्षक सङ्ख्या | ७४ | ८० | ८५ | १०० | ११० |
| ३ | विषयगत शिक्षक उपलब्ध भएका आधारभूत विद्यालयको सङ्ख्या | १२ | ४ | १६ | १६ | १६ |
| ४ | माध्यमिक तहमा कार्यरत तालिमप्राप्त शिक्षक सङ्ख्या | ८ | १८ | २२ | ३० | ५० |
| ५ | विषयगत शिक्षक उपलब्ध भएका माध्यमिक विद्यालयको सङ्ख्या | २ | ६ | ६ | ६ | ६ |
| ६ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | ० | १ | ३ | ६ | १० |
| ७ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | ३० | ५० % | ७०% | ८०% | १००% |
| ८ | तालिम प्राप्त तहगत शिक्षकको प्रतिशत | ३० % | ५० % | ७० % | ९० % | १००% |
| ९ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालयको सङ्ख्या | ० | १० | १० | २ | २२ |
| १० | मापदण्ड अनुसार शिक्षक दरबन्दि व्यवस्थापन भएको विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |
| ११ | प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात | १:३६ | १:४० | १:४० | १:४० | १:४० |
| १२ | निम्नमाध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात | १:४२ | १:४० | १:४० | १:४० | १:४० |
| १३ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात | १:२१ | १:३० | १:४० | १:४० | १:४० |
| १४ | माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात | १:९८ | १:५० | १:४० | १:४० | १:४० |

४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १ | विद्यार्थी सङ्ख्या, आवश्यकता र विषयको आधारमा शिक्षक नियुक्ति, सरूवा तथा पूर्नवितरण गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | विद्यालयमा भएको शिक्षकको अपर्याप्ततालाई पूरा गर्न पालिका अनुदानका दरबन्दीको सिर्जना तथा पदपूर्ति गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | करार तथा विद्यालय स्रोतबाट नियुक्ति हुने शिक्षकहरूको | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| | व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार तथा संशोधन गर्ने | | | | | | | | | |
| ४ | शिक्षण पेसाप्रति दक्ष, क्षमतावान तथा व्यक्तिहरूको आकर्षणका लागि प्रोत्साहन मूलक कार्यक्रमहरूको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्न अन्तरक्रिया बैठक सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता | तालिम | ५ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| | अभिवृद्धि गर्ने क्रियाकलाप सञ्चालन गर्ने | | | | | | | | | |
| ७ | विद्यालयमा नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न तथा विद्यार्थीको नतिजालाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोडन उपयुक्त मापदण्डको विकास तथा अध्यावधिक गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सिकाइस्तर कमजोर भएका विद्यार्थीहरूका लागि विशेष सहयोगी कक्षाहरू सञ्चालन गर्ने | विद्यालय | २२ | १० | १२ | | | | | निरन्तर |
| ९ | शिक्षकको क्षमता विकास तथा शिक्षण प्रति उत्पेरणा जगाउनका लागि आवश्यक तालिमको प्रबन्ध गर्ने | तालिम | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १० | शिक्षण सिकाइमा देखापरेका समस्या समाधान तथा शिक्षकको पेसागत विकास र सहयोगका लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ११ | शिक्षकका पेसागत समस्या समाधान तथा अनुभव आदानप्रदान गर्नका लागि महिनामा १ पटक शिक्षक सिकाइ समूहको बैठक सञ्चालन गर्ने | पटक | ६० | १ | १२ | १२ | १२ | १२ | ४९ | ११ |
| १२ | स्थानीय स्तरका विज्ञहरू परिचालन गरी शिक्षण तथा सिकाइ सामग्री विकास तथा त्यसको प्रयोग गर्ने कार्यको थालनी गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १३ | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकहरूलाई पुरस्कृत तथा सम्मान गर्ने | शिक्षक | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | निरन्तर |
| १४ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयमा वृद्धि गर्नका लागि अनिवार्य रूपमा योजना बनाइ कार्यान्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि अनुगमन नियमन तथा पृष्ठपोषण पद्दतिलाई मजबुत बनाउन कार्यविधि तथा सूचिको निर्माण तथा अध्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.३ शिक्षामा समता र समावेशीकरण

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, शैक्षिक, आर्थिक समानता, सामाजिक न्यायसहितको समावेशी समाजको निर्माण गर्ने संकल्प गरेको छ । आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्रशासनिक, शैक्षिक तथा राजनीतिक दृष्टिकोणले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय तथा समूह (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पछाडि परेका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गअपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न र सीमान्तकृत आय भएका) नागरिकहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र निर्देशिका तथा कानुनी संरक्षण समेत प्रदान गरेको छ । भने सोह्रौं योजनामा बालविवाह, बहुविवाह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको जबरजस्ती विवाह, छाउपडी, दाइजो, छुवाछूत, बोक्सीप्रथा जस्ता परम्परागत कुरीति र कुप्रथाको अन्त्य गर्न; पुनरावृत्त भइरहेका हिंसा, विभेद र शोषणलाई प्रश्रय दिने सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचको अन्त्य गर्नु,पर्छ । स्वास्थ्य, शिक्षा, खाद्यान्न, आवास, रोजगारीजस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्न; आर्थिक स्रोत साधनमा पहुँचको असमानता तथा निर्णय तहमा प्रभाव पार्न सक्ने क्षमता र अवसरको अभावका कारण सीमान्तकृत वर्ग र समुदायको सशक्तीकरण तथा सामाजिक-आर्थिक परिचालनमा देखिएका अवरोध हटाउन; लक्षित वर्ग, समुदाय तथा लैङ्गिक र यौनिक अल्पसङ्ख्यकको पहिचान र वर्गीकरणलाई व्यवस्थित बनाउन; लैङ्गिक समानता तथा सामाजिक न्यायसम्बन्धी समावेशी र न्यायसङ्गत प्रणालीको एकीकृत व्यवस्थापन र सूचना प्रणालीलाई संस्थागत गर्न नसक्दा अत्यावश्यक वर्ग र समूह कम समेटिने अवस्थाको अन्त्य गर्न आवश्यक छ । पछिल्ला बाह्र महिनामा महिनावारीका कारण विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिलाहरूको प्रतिशत ९ रहेको जस्लाई ४ प्रतिशतमा झार्ने रहेको छ । विवरण सङ्कलन र प्रोत्साहन गर्न आवश्यक छ । महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालयको ८० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ साथै अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि समग्र विश्वव्यापी शिक्षाको सिद्धान्तबाट अध्ययन

अध्यापन गराउने; प्रभावकारी शिक्षालाई शिक्षण प्रचलनमा समायोजन गर्ने; अपाङ्गता रोकथाम र पुनःस्थापना कार्यक्रमलाई प्रत्येक प्रदेशमा विस्तार गर्न; सञ्चार, सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्दै सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरी अपाङ्गता समन्वय कार्यक्रम सञ्चालन गर्ने कुरामा जोड दिएको छ ।

संविधानले प्रत्येक व्यक्तिलाई आत्म सम्मानपूर्वक जीवनयापन गर्न पाउने हक, नागरिक स्वतन्त्रता, मौलिक अधिकार तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै तह र निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ । यसै आधारमा, हालसम्मका उपलब्धिलाई संस्थागत गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यलाई सुदृढ बनाई, वञ्चित वर्ग र समुदायको सामाजिक, आर्थिक, राजनीतिक अवरोधलाई हटाउँदै स्वास्थ्य, शिक्षा, आवास, सीप विकास, रोजगारीका अवसर तथा स्रोत साधनमा अग्राधिकार दिँदै नागरिकहरूको सशक्तीकरण र सर्वाङ्गीण विकासमा परिचालन गर्नु, योजनाको प्राथमिकता हुनेछ ।

सबै बालबालिकाहरू सिक्न सक्छन् र सबै बालबालिकाको सिकाइको आफ्नै क्षमता हुन्छ । उनीहरूको क्षमता पहिचान गरी सिकाइको वातावरण निर्माण गर्नु, नै शैक्षिक समता हो । विद्यालयमा आउने बालबालिकाहरूको समुदाय, भाषा, संस्कृती तथा रहनसहन अलग अलग हुन्छ । शैक्षिक क्रियाकलापमा बालबालिकालाई समुदाय, भाषा, संस्कृती, लिङ्ग आदिका आधारमा भेदभाव रहित तवरमा उनीहरूको क्षमता, रूची, चाहना अनुसार सिक्ने अवसर सृर्जना गर्नु, पर्दछ । समावेशीकरण सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसास्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने प्रक्रिया हो । समावेशी शिक्षाले बालबालिकाहरूमा भएको विभिन्नतालाई सम्मान गर्दै उनीहरूको सिक्न पाउने संबैधानिक अधिकारको प्रत्याभूति दिने कुरामा जोड दिन्छ । समाजमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, अनाथ, वालश्रमिक धेरैजसो बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित भइरहेको हालको सन्दर्भमा शिक्षामा समावेशीकरण एकदमै नया अवधारणा हो । नेपालको संविधान,२०७२ को धारा ३१, ३८, ३९, ४०, ४१, ५१ (ज) ले नागरिकको शिक्षा प्राप्त गर्ने हकलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय,

पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । साथै यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ । यसैगरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २९ ले समेत शिक्षा पाउने अधिकारलाई स्वीकार्य भनी उल्लेख गरेको छ भने नेपाल यस घोषणापत्रको पक्षमा उभिँदै आएको छ ।

यसैगरी नेपालले सबैका लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउदै अपाङ्गता भएका बालबालिकाहरूलाई शैक्षिक मूलप्रबाहमा समावेश गरी शिक्षाको अधिकार सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ । नेपालमा समावेशी शिक्षाको अभ्यासको इतिहास खासै लामो देखिँदैन । समावेशी शिक्षा भन्दा पनि विशेष शिक्षाको अवधारणाले नेपालामा लेबोरेटरी हाइस्कुल २०२१ मा, केन्द्रीय बहिरा विद्यालय नक्शाल २०२३ मा, खगेन्द्र नवजीवन स्कुल जोरपाटी २०२६ मा तथा निर्मल बालविकास केन्द्र २०३७ मा खुलेका थिए ।

यस खण्डमा अपाङ्गता भएका तथा आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडि परेका वर्गको शिक्षामा पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि सिंजा गाउँपालिकाको समाबेशी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.३.१ वर्तमान अवस्था

यस गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा छात्रा १८११ अध्ययनरत छन् । त्यसैगरी २५९ दलित छात्रा, ४३६ जनजाति छात्रा र ८९ जना मधेशी छात्रा गरी जम्मा ६४५ जनजाती, ५८० छात्र र ९२७ छात्रा गरी जम्मा २३९० जना छात्रा रहेका छन । पालिकामा अध्ययन गर्ने विद्यार्थीहरूको मातृभाषा नेपाली र लामा भाषा रहेको छ । विद्यालयमा उपस्थित विद्यार्थीहरूमा छात्र र छात्राको सङ्ख्यात्मक उपस्थिति बराबर नजिक

रहेको पाइन्छ । अपाङ्गताभएका जम्मा १५९ जना विद्यार्थीहरूमध्ये ६० जना छात्रा अपाङ्गता रहेका छन् । यस गाउँपालिकामा जम्मा ४.५ प्रतिशत अपाङ्गता भएका विद्यार्थीहरूमा ३.८ प्रतिशत महिला र ५.२ प्रतिशत पुरूष अपाङ्गताको अवस्थामा रहेका छन् । अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा टिकाउन र सिकाउन कानुन सम्मत प्राप्त गर्ने सेवा सुविधाका साथै यस पालिकाले आवश्यक शैक्षिक सामाग्री सहायता प्रदान गर्दै आइरहेको छ । यस पालिकामा जनगणना २०७८ अनुसार ५ देखि २५ वर्षसम्मका बालबालिका मध्ये २.१ प्रतिशत बालबालिका विद्यालयमा अनुपस्थित रहेको देखिन्छ । पालिकाभित्र जोखिममारहेका बालबालिकाको सङ्ख्या १७ जना रहेक छन् । उनीहरू नियमित विद्यालय उपस्थिति नहुने, सिकाइ क्रियाकलापमा सक्रीय सहभागिताको कमि रहेको पाईन्छ । जोखिममा रहेका बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चितता र शिक्षामा समावेशीकरण गर्नका लागि पालिकाले विभिन्न सहायता तथा छात्रवृत्तीहरू वितरण गर्दै आइरहेको छ । पालिकाले नेपाल सरकाले तोकेको मापदण्डअनुसार सबै विद्यार्थीहरूलाई निःशूल्क पाठ्यपुस्तक, छात्रवृत्ती प्रदान गर्दै आइरहेको छ भने विद्यालयलाई आवश्यक पाठ्यक्रम, शैक्षिक सामाग्रीहरू पनि वितरण गर्दै आइरहेको छ । यहाँका २९ सामुदायिक विद्यालयमा रहेका कूल १७४ शिक्षककमा ४६ जना महिला शिक्षक, ९ जना दलित, १४ जना जनजाति शिक्षक रहनुभएको छ भने ३१ ओटै बालविकासमा महिला बालविकास शिक्षक रहनु भएको छ ।

### ४.३.२ चुनौती तथा अवसर

आर्थिक, सामाजिक र अवसरका रूपमा पछाडि परेका वर्गको समतामूलक पहुँच तथा समावेशी शिक्षाका लागि आवश्यक  अपाङ्गतामैत्री पूर्वाधारको विस्तार गर्नु,, शिक्षण पेसामा महिला शिक्षकको सङ्ख्या वृद्धि गर्न नसकिनु, समावेशी शिक्षाका लागि घरपरिवार, समुदाय र विद्यालयहरूबाट उचित सहयोग र सकारात्मक सोचको विकास गर्नु,, विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धी हासिल गर्नु,, अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुँच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरूको स्थापना र सञ्चालन गर्नु,, दृष्टिविहीन बालबालिकाहरूका निम्ति आवश्यक पर्ने सन्दर्भ सामग्री एवम सुस्त श्रवण भएका बालबालिकाहरूका निम्ति साङ्केतिक

भाषाको सीप भएका शिक्षकहरूको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु,, विविध प्रकारका बालबालिकाको तथ्याङ्क तथा सूचनालाई अद्यावधिक गर्नु,, समावेशी र विशेष शिक्षा अनुकुल मूल्याङ्कन परीक्षा प्रणालीको विकास गर्नु,,  समाजमा विद्यमान कतिपय कुरिति र कुप्रथा भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु,, जोखिममा रहेका बालबालिकालाई विद्यालयमा नियमित गराउन नसक्नु जस्ता चुनौतीहरू आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा देखिएका विद्यमान समस्या र चुनौतीहरू हुन् ।

यसैगरी विद्यालयमा छात्रा विद्यार्थीकोलागि छात्रवृत्ती वितरण गरिनु, छात्र र छात्रा विद्यार्थीहरूको सङ्ख्या बराबर हुनु, अभिभावक शिक्षा सञ्चालन गरिनु, छात्रा तथा जोखिममा रहेका बालबालिकाको लागि उत्प्रेरित गर्ने क्रियाकलाप सञ्चालन गरिनु, आधारभूत तह कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनु, शिक्षा ऐन एवम् शिक्षक सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु, शिक्षा र शिक्षक तालिम कार्यक्रम मार्फत अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि अन्य बालबालिकाहरूसँगै समावेशी किसिमबाट शिक्षण सिकाइ गर्ने कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिनु, विपन्न तथा विविध किसिमले पछि परेका समुदायका बालबालिकाहरूलाई विभिन्न प्रकारका आरक्षण कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्ने प्रयास हुनु, जस्ता अवसरहरू आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको समतामूलक सहभागिता तथा समावेशीकरण क्षेत्रमा देखा परेका मुख्य अवसरहरू हुन ।

४.३.२ उद्देश्य

- ✓ लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,

- ✓ विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता, सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु, ।

### ४.३.३ रणनीति

- ✓ विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने र सिकाइ क्रियाकलापमा समान सहभागिताको वातावरण निर्माण गर्ने ,
- ✓ छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधा विहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने,
- ✓ कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
- ✓ अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
- ✓ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- ✓ विद्यालयहरूमा सुझाव पेटिका राख्ने व्यवस्था गरी गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइने छ ।
- ✓ विद्यालयका सबै क्रियाकलापमा समतामूलक सहभागिता सुनिश्चित गर्दै विद्यार्थीको सिकाइमा समान अवसर प्रदान गर्ने,

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- ✓ लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच भएको हुने छ ।
- ✓ विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितत भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता, सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण निर्माण भएको हुनेछ ।

४.३.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह १-५ मा विद्यालय बाहिर रहेका बालिकाको सङ्ख्या | ६ | ४ | ३ | २ | |
| २ | आधारभूत तह ६-८ मा विद्यालय बाहिर रहेका बालिकाको सङ्ख्या | १० | ५ | ४ | २ | १ |
| २ | माध्यमिक तह ९-१० उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिकाको सङ्ख्या | ७ | ५ | ०४ | ३ | ० |
| ३ | माध्यमिक तह ११-१२ उमेर समूहका विद्यालय वाहिर रहेका बालिकाको प्रतिशत | ०.० | ० | ० | ० | ० |
| ४ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०५ | १.०४ | १.३ | १.२ | १.० |
| ५ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०४ | १.३ | १.२ | १.१ | १.० |
| ६ | महिला शिक्षक विद्यालय अनुपात | | | | | |
| ७ | विद्यार्थी, अभिभावक तथा समुदायमा सचेतना मूलक कार्यक्रम | २ | ३ | ४ | ६ | १० |

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **लक्ष्य** | **भौतिक लक्ष्य (पाँच वर्ष)** | | | | | **भौतिक लक्ष्य १० वर्ष** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | |
| १ | नियमित विद्यालय उपस्थिति हुन भोग्नु परेका समस्याहरूको पहिचान तथा न्यूनीकरणका उपायहरूको अवलम्बन | पटक | ५ | १ | १ | १ | १ | १ | १ |
| २ | लक्षित वर्गका लागि आवश्यकताका आधारमा कार्यक्रमको निर्माण तथा कार्यान्वयन | पटक | ५ | ० | १ | १ | १ | १ | १ |
| ३ | बालबालिकाको परिक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | विद्याल य | २२ | १० | २२ | २२ | २२ | २२ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | पटक | ५ | १ | १ | १ | १ | १ | निरन्तर |
| ५ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्था बिच जवाफदेहीता सहितको कार्यगत एकता गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | निरन्तर |
| ६ | जेहेन्दार, अनाथ, विपन्न, बाल श्रमिक बालबालिकाहरूको लागि शैक्षिक सहायता सामाग्री वितरण | विद्यार्थी | १५० | १० | १० | १० | १० | १० | १०० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य मानिसको पहिलो धन हो । शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाका लागि मानव स्वस्थ शरीर महत्वपूर्ण आधार हो । बालबालिकाहरू स्वस्थ नभएसम्म उनीहरूले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् किनकि स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ वास्तविक र ध्रुवसत्य कुरा हो । विगतको दुई दशकमा बालबालिकामा न्यून पोषणको दर उल्लेखनीय रूपमा घटेको छ । सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन (उमेर अनुसारको उचाई नहुनु) को सङ्ख्या सन् २०१६ मा घटेर ३६ प्रतिशत पुगेको छ । सोहि समयावधिमा न्यून वजन (उमेर अनुसारको वजन नहुनु) ४२ प्रतिशत बाट घटेर २७ प्रतिशत पुगेको छ र ख्याउटेपन (उचाई अनुसारको वजन नहुनु) १५ प्रतिशत बाट घटेर १० प्रतिशत पुगेको छ । विगतको दुई दशकमा बालबालिकामा न्यून पोषणको दर उल्लेखनीय रूपमा घटेको छ । सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन (उमेर अनुसारको उचाई नहुनु) को सङ्ख्या सन् २०१६ मा घटेर ३६ प्रतिशत पुगेको छ । सोहि समयावधिमा न्यून वजन (उमेर अनुसारको वजन नहुनु) ४२ प्रतिशत बाट घटेर २७ प्रतिशत पुगेको छ र ख्याउटेपन (उचाई अनुसारको वजन नहुनु) १५ प्रतिशत बाट घटेर १० प्रतिशत पुगेको छ ।बालबालिकाहरूको गुणस्तरीय र सहज सिकाइका लागि विद्यालयले स्वच्छ खानेपानि खाजा सफा शौचालयको व्यवस्था गर्नु,पर्दछ । अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरूमा बजारमा पाइने प्याकेटमा राखिएका रेडिमेट खाद्यपदार्थ र पेय पदार्थहरू खाने बानी हो । यी पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि हुन्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषणसम्वन्धि कार्यक्रमहरू सञ्चालन गर्नु,पर्दछ ।

सरकारले देशभरका सबै विद्यार्थीहरूलाई प्रारम्भिक बालविकास र शिक्षादेखि कक्षा ५ सम्म मध्याह्न भोजन प्रदान गरेको छ । यो कार्यक्रम केवल समुदायिक विद्यालयहरूको लागि लागू छ, जहाँ विद्यालयहरूले प्रयोग गर्नका लागि मेनुको चयनको विकल्प पाएका छन्, जसमा CEHRD द्वारा प्रदान गरिएको मेनु, स्थानीय सरकार द्वारा प्रदान गरिएको मेनु, वा

विद्यालय आफैंले डिजाइन गरेको मेनु समावेश छ । कूल ५०.२ प्रतिशत आधारभूत (कक्षा १-८) विद्यालयहरूले आफ्नै मेनु प्रयोग गरेका छन् भने ५०.० प्रतिशत आधारभूत (कक्षा १-५) विद्यालयहरूले पनि त्यस्तै गरेका छन् । विद्यालयहरूले स्थानीय रूपमा तयार गरिएको आफ्नै मेनु प्रयोग गर्दैछन्, स्थानीय सरकारले प्रदान गरेको मेनुको सट्टा सरकार र सङ्घीय सरकारद्वारा प्रदान गरिएको मेनुको प्रयोग सबैभन्दा कम छ, किनकि केवल १४.७ प्रतिशत आधारभूत (कक्षा १-८) विद्यालयहरू र १३.१ प्रतिशत आधारभूत (कक्षा १-५) विद्यालयहरूले मध्याह्न भोजनको लागि यो मेनु प्रयोग गरेका छन् । मध्याह्न भोजनको व्यवस्थापनको सन्दर्भमा, ५४.२ प्रतिशत आधारभूत (कक्षा १-५) विद्यालयहरूले आफ्नै सुविधाहरू प्रयोग गरेर मध्याह्न भोजन कार्यक्रमलाई व्यवस्थापन गरेका छन्, जबकि आधारभूत (कक्षा १-८) विद्यालयहरूको लागि यो प्रतिशत ५९.१ प्रतिशत छ । अभिभावकहरूले पनि मध्याह्न भोजन व्यवस्थापनमा सहयोग पुर्याइरहेका छन्, जसको प्रतिशत आधारभूत (कक्षा १-५) विद्यालयहरूमा १२.९ र आधारभूत (कक्षा १-८) विद्यालयहरूमा १४.५ प्रतिशत रहेको छ । क्यान्टिनको व्यवस्था विद्यालयहरूको तेस्रो विकल्प हो, जसमा १७.४ प्रतिशत आधारभूत (कक्षा १-५) र ११.४ प्रतिशत आधारभूत (कक्षा १-८) विद्यालयहरूले मध्याह्न भोजन व्यवस्थापनको लागि यो पद्धतिलाई प्रयोग गरेका छन् ।

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो । राम्रो पोषण पाएका बालबालिकाहरू राम्ररी सिक्न र हुर्कन सक्छन्, समुदायमा सहभागी हुन र योगदान दिन, तथा रोग, विपत्ति र अन्य विश्वव्यापी सङ्कटहरूसँग लड्न समर्थ हुन्छन् । तर कुपोषणबाट पिडित लाखौं बालबालिकाको लागि वास्तविकता निकै तितो छ । बालबालिका चरम कुपोषणका कारण पुड्का हुन जान्छन् जसको उपचार सम्भव छैन । यसले बालबालिकाको शारीरिक र मानसिक विकासलाई वास्तविक रूपमै छोटयाउने गर्दछ । बालबालिकाको बौद्धिक विकासको लागि पोषणको आवश्यकता पर्दछ । हाल नेपाल सरकारबाट बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ । विद्यालयहरूले स्थानीय स्तरमा उपलब्ध खाद्य सामाग्रीको प्रयोग गरी दिवा खाजा वितरण गर्दै आइरहेका छन् । विद्यालयले तोकिए बमोजिम खाजा समिति वा अन्य व्यवस्थापन गरी दिवा खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्दै आइरहेका छन् ।

साथै स्थानीय तहमा महिनावारी स्वच्छता सम्वन्धी विद्यालय तहमा १०-१९ वर्षसम्मका किशोरीहरूलाई २ चरण रक्त अल्पता कम गर्ने आइरन/ फोलिक चक्की वितरण भइरहेको छ । धेरै विद्यालयहरूले स्वास्थ्य चौकी तथा आफ्नै खर्चमा प्राथमिक उपचारको व्यवस्थापन पनि गर्दै आएका छन् । पालिकामा सञ्चालित विद्यालयहरूमा विद्यार्थीको विभिन्न क्लव तथा समूहहरू गठन गरी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरू नियमित गरिरहेका छन् । सम्पूर्ण सामुदायिक विद्यालयहरूमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरूलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन समेत भएको छ । केहि विद्यालयहरूमा सरसफाई सम्वन्धी हातधुने पानी तथा अपाङ्गमैत्री र छात्रछात्रामैत्री छुट्टाछुट्टै शौचालय रहेको छ ।

### ४.४.२ चुनौती तथा अवसर

विद्यालयमा पोषण तथा सरसफाई एक महत्वपूर्ण पक्ष हो । दिवा खाजा कार्यक्रमको कार्यान्वयनमा सरोकारवालाहरूको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु,, बालबालिकाको खाद्य तथा पोषणलाई कानुनी अधिकारको रूपमा स्थापित गराउनु, सबै विद्यालयहरूमा स्वच्छ खानेपानी तथा शौचालयको प्रबन्ध गर्नु,, विद्यालयमा नियमित स्वास्थ्य जाच गर्ने कार्यलाई विद्यालयमा कार्यान्वयन गर्नु, र हाल विद्यालयहरूमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरूलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरेतापनि प्रयोग गरिएका सेनिटरी प्याडहरूलाई व्यवस्थापन गर्नु,, विद्यालय तहमा सबै कक्षामा दिवा खाजा उपलव्ध गराउनु, दिवा खाजालाई पोषणसँग जोड्नु चुनौति रहेको छ । सबै सामुदायिक विद्यालयहरूमा ई.सि.डि. देखि ५ कक्षासम्मका सम्पूर्ण बालबालिकाहरूलाई दिवा खाजाका लागि ससर्त अनुदानको व्यवस्था गरिनु, स्थानीय स्तरमा उत्पादित खाद्यानका आधारमा विद्यालय खाजा मेनुको निर्माण गरिनु, विद्यालयमा अध्ययनरत किशोरीहरूलाई निःशुल्क आइरन फोलिक एसिड र सेनिटरी प्याड वितरण गरिनु, बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु जस्ता कुराहरूलाई यस क्षेत्रको प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चित गर्नु,

२. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतासम्वन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलव्धिमा सुधार गर्नु,
३. स्वच्छ सरसफाइयुक्त विद्यालय निर्माण गर्नु,,

४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमश विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलव्ध गराउने र अभिभावकको सक्रीयता बढाउने ।
२. स्थानीय स्तरमा प्राप्त खाद्यवस्तुको सन्तुलित मिश्रणबाट पोषणयुक्त खाजा तयारी र वितरण सुनिश्चित गर्ने,
३. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने
४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानी कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गर्ने,
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
६. माध्यमिक तहका विद्यालयहरूमा नर्सिङ्ग कार्यक्रम सञ्चालन गर्ने,
७. समय- समयमा सबै विद्यालयहरूमा पोषण सरसफाई सम्वन्धि स्वास्थ्य शिक्षा सञ्चालन गर्ने,
८. विद्यालयमा प्राथमिक उपचार किट बालबालिकाको आवधिक स्वास्थ्य जाच जुकाको औषधि भिटामिन ए तथा आइरन  फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि सेनिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ,

४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा

**उपलब्धिः**

स्वच्छ, सफा, वातावरण मैत्री विद्यालय निर्माण हुने साथै बालबालिकामा कुपोषणको दरमा कमि हुने  ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र विद्यालय भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ६ | ७ | ८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको सङ्ख्या | - | २२ | २२ | २२ | २२ |
| ५ | प्राथमिक स्वास्थ्य सेवा पहुँच पुगेका विद्यालय | - | २२ | २२ | २२ | २२ |
| ६ | नर्सिङ्ग सेवा सुविधा पुगेका विद्यालय सङ्ख्या | - | - | १ | २ | २ |
| ७ | स्थानीय स्तरमा प्राप्त खाद्यवस्तुको प्रयोगबाट दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने विद्यालयको सङ्ख्या | १० | १५ | २० | २२ | २२ |

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणत्मक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| १ | दिवा खाजाको लागि आवश्यक सामग्रीको प्रबन्ध | ओटा | २२ | ४ | ४ | ४ | ५ | ५ | २२ | २९ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको व्यवस्थापन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समूहलाई तालिम तथा सहयोग | ओटा | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने | विद्यालय | २२ | ५ | १० | १५ | २० | २२ | २२ | निरन्तर |
| ५ | कक्षा ६-१२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | निरन्तर |
| ६ | आवधिक स्वास्थ्य जाच जुकाको औषधि तथा आइरन फोलिक एसिड प्रदान | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा व्यवस्थापन | ओटा | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता

प्राकृतिक वा मानवीय कारणले गर्दा उत्पन्न हुने जोखिमपूर्ण अवस्था विपत् हो । यसका असरहरूबाट बच्न गरिने सम्पूर्ण क्रियाकलापको समष्टि नै विपत् न्यूनीकरण हो । हरेक बालबालिकाहरूले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरूले सबै भन्दा बढि समय विताउने स्थान भनेको विद्यालय हो । नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन् । परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन् ।

विद्यालय सुरक्षाका निमित्त विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्र सङ्घीय विपत् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ । यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपत् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीनओटा आधारस्तम्भ रहेकाछन् । नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधारस्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपत् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु, आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरूरी छ ।

### ४.५.१ वर्तमान अवस्था

भौगोलिक रूपमा विकट मानिने यस सिंजा गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरू बालमैत्री विद्यालय कार्यढाँचाको मापदण्ड अनुसार सञ्चालित छैनन् । यसैगरी यस

गाउँपालिका अन्तर्गतका कुनैपनि विद्यालयमा हाल विपत् उत्थानशील वातावरण तयार पार्न सकिएको छैन । विश्वव्यापी महामारीको रूपमा  फैलिएको कोभिड–१९ ले नेपालमा  पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पु¥यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस गाउँपालिकाका २७ बालविकास केन्द्रहरू, २२ विद्यालयहरू तथा ती बालविकास केन्द्रमा र विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि १२ सम्म ४५०० जना बालबालिकाहरू र १९३ शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अबरूद्ध भएको थियो । जसका कारण  सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे । यतीमात्र होइन कोभिड-१९  को दोस्रो लहरका कारण पुनः बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावित भएको थियो । यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरूबाट बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । हाल कोभिड-१९  बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ । दुबै चरणका कोभिड महामारीका समयमा यस गाउँपालिकाकाले वैकल्पिक सिकाइ सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाहरूको महामारीमा पनि सिकाइलाई निरन्तरता दिइ उनीहरूको पढन पाउने अधिकारलाई सुरक्षित गरेको थियो । हालको समयमा पनि धेरैजसो विद्यालयमा पुराना स्वरूपका भवन विस्थापित गर्न नसकिएकाले हावाहुरी तथा वर्षाका कारण अध्यापन कार्य प्रभावित हुँदै आइरहेको छ ।

### ४.५.२ चुनौती र अवसरहरू

विपद्का कारण उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु,, विपत् सम्भावित घटना हुन नदिन पूर्व सावधानी अपनाउनु, यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु,, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु,, विपत् व्यवस्थापनका लागि

स्रोत, समय सीमा, जिम्मेवारी सम्बन्धमा भरपर्दो वातावरणको निर्माण गर्नु,, विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु,, विपत् पछिको क्षति न्यूनीकरणका लागि आवश्यक मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्नु,, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी देखिएका वर्तमान मुख्य समस्या तथा चुनौतीहरू हुन।

यसैगरी भवन निर्माणसम्बन्धी आचारसंहिता कार्यान्वयन हुनु, पालिकास्तरमा विपत् व्यवस्थापन समिति र कोष निर्माण तथा परिचालन हुनु, विभेद, दुव्र्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरूमा हस्ताक्षर गर्नु,, सुरक्षित विद्यालय व्यवस्थापनका लागि विभिन्न सङ्घसंस्थाहरूले पालिकासँग सहकार्य र सहलगानी गर्नु,, नागरिक समाज, सरकार तथा सङ्घसंस्थाहरू हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख हुनु, महामारी र प्रकोपको अवधिमा सरकार,सङ्घसंस्था तथा व्यक्तिहरूले समेत उल्लेख्य योगदान गर्नु,, गाउँपालिकाले विपत् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्नु, जस्ता महत्वपूर्ण अवसरहरू यस क्षेत्रमा छन् ।

### ४.५.२ उद्देश्य

- विपत् न्यूनीकरणका लागि विपत् पूर्व र विपत् पश्चातका लागि आवश्यक तयारी गर्नु,
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलताका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,,
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिधित गर्नु,

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यबस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
- विद्यालयस्तरमा विपत् सम्पर्क व्यक्ति  तोक्ने

- विद्यालस्तरमा सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षकहरूलाई विपत् व्यवस्थापनसँग सम्बन्धित क्षमता विकास तालिम सञ्चालन गर्ने
- कोभिड-१९ लगायतका अन्य महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने
- विद्यालयमा नया संरचना निर्माण गर्दा भवन मापदण्डअनुसार संरचना निर्माण गर्ने
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तया त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरी कार्यान्वयग गर्ने
- स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
- विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
- सम्पूर्ण विद्यालयहरूमा विपत् व्यवस्थापन कोषलाई अनिवार्य कार्यान्वयन गर्ने
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति  र स्थानीय तहमा स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
- विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने
- गाउँपालिकाले बनाएको स्थानीय पाठ्यक्रममा विपद्का स्वरूप र यसबाट बच्ने उपायहरू समावेश गर्ने,

४.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।
-

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ५ | १० | ५ | ५ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | १० | १५ | २० | २२ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २२ | २२ | २२ | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | विपत् प्रतिरोधात्कम संरचना निर्माण भएको विद्यालय सङ्ख्या | ० | ५ | ५ | १० | ९ |
| ५ | विपत् व्यवस्थापन तथा उत्थानशीलता सम्बन्धी तालिम प्राप्त गरेका शिक्षक सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |
| ६ | विपत् व्यवस्थापन कोषको स्थापना भएको विद्यालय सङ्ख्या | ० | ५ | १० | १६ | २२ |
| ७ | भौतिक जोखिममा रहेका विद्यालयको सङ्ख्या | १० | ५ | ४ | ० | ० |

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | [illegible] |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा | पटक | ५ | ० | १ | १ | १ | [illegible] |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मापदण्ड निर्माण र पनुरावलोकन तथा गर्ने | | | | | | | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ |
| ३ | विद्यालयहरूमा विपत् व्यवस्थापन सामग्री व्यवस्थापन तथा जडान गर्ने | विद्यालय | २२ | ० | १० | १२ | | |
| ४ | स्वास्थ्य संस्था र विद्यालयको समन्वयमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | १५ | ० | ३ | ३ | ३ | ३ |
| ५ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ |
| ६ | शिक्षक,वि.व्य.स. तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारिहरूलाई तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ |
| ७ | विद्यालयम आसपास तथा वरीपरी Bio-engineering गर्ने | विद्यालय | २२ | ० | १० | १० | २ | |
| ८ | सम्पूर्ण विद्यालयहरूमा आपतकालीन फोन नम्बरको सूचि राख्रे | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयको भौतिक पूर्वाधार बालबालिकाहरूको सिकाइको पहिलो सर्त हो । विद्यालय शिक्षालाई समतामूलक, पहुँचयोग्य, गुणस्तरीय, व्यवहारीक बनाउन सर्वप्रथम सुरक्षित स्थानको आवश्यकता पर्दछ त्यसका लागि विद्यालयको भौतिक संरचना अनिवार्य तत्व हो । विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसापिसाब गर्नका लागि सफा शौचालय र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । नेपालको सन्दर्भमा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० बमोजिम आधारभूत तह कक्षा १-८ सम्मको लागि प्रति विद्यार्थी न्यूनन्यूनतम १ वर्ग मिटर र माध्यमिक तह कक्षा ९-१२ सम्मका लागि प्रति विद्यार्थी १.२० वर्ग मिटर बराबर क्षेत्रफलको मापदण्ड तोकिएको छ । शिक्षा नियमावली २०५९ (संशोधन सहित) ले बालबालिकाको बसाइ व्यवस्थापन गर्न प्रारम्भिक बालविकास तथा प्राथमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत (कक्षा ६-८) तह तथा माध्यमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिदिइको छ । सोह्रौं पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) ले बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशालको स्थापन गरी शैक्षिक संस्थालाई स्मार्ट बनाइ डिजिटल संयन्त्र मार्फत शिक्षण सिकाइलाई सहज, प्रयोगात्मक बनाउने, शैक्षिक संस्थामा भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वास्थ्य, शौचालय तथा सरसफाइको उचित प्रबन्ध गरी सिकाइ अनुकूल वातावरण सिर्जना गर्ने, भूकम्प लगायत प्राकृतिक प्रकोपले क्षति पुगेका र जीर्ण भएका शिक्षण संस्थाका भवनहरूको पुनर्निर्माण तथा प्रवलीकरण गर्ने रणनीति लिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिका अन्तर्गत २२ ओटा सामुदायिक विद्यालहरू सञ्चालनमा रहेका छन् । जस मध्ये १२ ओटा विद्यालयमा कम्तिमा एक ओटा पक्कि भवन रहेको छ भने १० ओटा विद्यालयमा कच्चि भवन रहेको छ । विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठा पुगेको देखिन्छ । गाउँपालिकाभित्र रहेका १२ वटै माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान

प्रयोगशाला, ICT Lab निर्माण गरी प्रयोगमा आएको छ । १२ ओटा आधारभूत तह मध्ये १२ ओटामा पुस्तकालय, ६ ओटामा ICT Lab र २ ओटामा Digital Library स्थापना गरी सञ्चालनमा रहेको छ । सबै विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला तथा कार्यालय प्रयोजनका लागि छुट्टा छुट्टै कोठाको व्यवस्थापन भएको छ । कच्चि भवनमा सञ्चालित विद्यालयको भौतिक संरचनालाई पक्कीमा रूपान्तरण गर्नु,का साथै ५ ओटा विद्यालय मर्मत गर्नु,पर्ने अवस्थामा रहेका छन् । माध्यमिक विद्यालहरूमा छात्र र छात्राका लागि छुट्टा छुट्टै साथै ६ ओटा माध्यमिक विद्यालयमा छात्राको लागि महिनावारी स्वच्छता सहितको शौचालयको निर्माण गरिकएको छ ।

### ४.६.२ चुनौती तथा अवसर

विद्यालयलाई आवश्यक प्रयाप्त जग्गा नहुनु, भौगोलिक विकटता तथा दुरीका कारण भौतिक संरचनाहरू निर्माण गर्न लागत वढन गई तोकीएको अनुसार निर्माण गर्न नसकिनु, जग्गा प्राप्तिको प्रक्रिया झन्झटिलो हुनु, यातायात पूर्वाधारको अभावले पनि प्रत्यक्ष वा अप्रत्यक्ष भौतिक संरचना निर्माण गर्न असर गर्नु,, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, सरकारी कार्यालय तथा विभागको फरक फरक मापदण्डका कारण संरचनामा एकरूपता गराउन नसकिनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र नमूना विकास गर्नु,, नियमित भौतिक संरचनाको मर्मत सम्भार गर्न आर्थिक अभाव हुनु आदि मुख्य चुनौती रहेका छन् ।

विद्यालय संरचना निर्माणका लागि विभिन्न निकायले सहयोग गर्नु,, स्थानीय स्रोतको उपलब्धता हुनु, स्थानीय स्तरमा दक्ष तथा अदक्ष कामदारहरू उपलब्ध हुनु, पालिका, निर्माण हुने पूर्वाधारहरूलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु, विद्यालय र व्यवस्थापन बिच समन्वयमा वृद्धि हुनु, अधिकांश विद्यालयहरूका पूर्वाधार विगतको तुलनामा सुधार हुँदै गएको देखिनु, स्थानीय सरकारले वस्तुस्थिति बुझेर भूगोल अनुसारको संरचना निर्माणमा अग्रसरता लिन सक्नु आदि अवसरहरू रहेका छन् ।

### ४.६.२ उद्देश्य

- ✓ विद्यालय शिक्षाका लागि आवश्यक भौतिक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

- ✓ सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु,
- ✓ समुदायमा देखिने विभिन्न किसिमका प्राकृतिक प्रकोप/विपत् प्रति उत्थानशिलता सुनिश्चित गर्नु,,

४.६.३ रणनीति

- ✓ भौतिक पूर्वाधार विकासका लागि विद्यालयको सञ्चालित तह, विद्यार्थी सङ्ख्याको आकलन, प्राकृतिक प्रकोपको जोखिमता र  भौगोलिक क्षेत्रको वस्तुस्थितिका आधारमा मापदण्ड विकास गर्ने,
- ✓ मापदण्डलाई अनिवार्य कार्यान्वयन गर्ने र सो मापदण्ड कार्यान्वयन गर्न पुग्ने बजेट बमोजिमको संरचनामात्र निर्माण गर्ने अनुमति प्रदान गर्ने,
- ✓ भौतिक संरचना निर्माण गर्दा आवश्यकता र प्रयोजनका आधारमा मापदण्ड बनाइ लागु गर्ने,
- ✓ शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारको विपत् प्रति सम्बेदनशील, अपाङ्गमैत्री र बालमैत्री बनाउनु,
- ✓ विद्यार्थीलाई प्रयाप्त मात्रामा सिकाइ क्रियाकलाप सञ्चालन गर्न पुग्ने र विपतमा सुरक्षित हुने संरचना निर्माण गर्ने,
- ✓ विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत संम्भार गर्ने,
- ✓ भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने ।
- ✓ प्राकृतिक प्रकोप / विपतबाट बच्नका लागि विपत पूर्वको तयारी गर्ने र सोहि अनुसारको संरचना निर्माण गर्ने  ।

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- ✓ सबै विद्यालयमा तोकिएको मापदण्ड अनुसारका पर्याप्त भौतिक संरचना निर्माण हुने
- ✓ विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री, सुरक्षित र सिकाइका लागि उपयुक्त वातावरणीय हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.स | सूचक | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालको भौतिक संरचना निर्माण सम्बन्धी मापदण्ड निर्माण | ० | | १ | | |
| २ | भूकम्प प्रतिरोधी विद्यालय | १ | ३ | ५ | ७ | १० |
| ३ | नया निर्माण गर्नु,पर्ने विद्यालय भवन सङ्ख्या | ० | २ | २ | २ | २ |
| ४ | सबलीकरण गर्नु,पर्ने कक्षाकोठा सङ्ख्या | २० | २० | २० | २० | २० |
| ५ | नया निर्माण गर्नु,पर्ने शौचालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ |
| ६ | आगलागी, हावा, चटयाङ्ग र पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु,पर्ने विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | प्राकृतिक प्रकोप न्यूनीकरण सम्बन्धी पूर्व तयारी अभ्यास | ० | २२ | २२ | २२ | २२ |
| ८ | प्रयाप्त मात्रामा खुला ठाउँ रहेको विद्यालयको सङ्ख्या | ५ | १२ | २० | २२ | २२ |

४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य :

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | बहुउपयोगी सुरक्षित भौतिक संरचना निर्माण सम्बन्धी मापदण्ड निर्माण, कार्यान्वयन तथा अध्यावधिक गर्ने | सङ्ख्या | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | पक्कि विद्यालय भवन निर्माण | पटक | ९ | १ | २ | २ | २ | २ | ९ | निरन्तर |
| ३ | विद्यालयको सबलीकरण | सङ्ख्या | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ४ | विद्यालयमा बनेका संरचनाको नियमित चेक जाच गर्ने | विद्यालय | २२ | ० | २२ | | | | २२ | निरन्तर |
| ५ | विद्यालयका फर्निचर मर्मत तथा नया निर्माण | विद्यालय | २२ | ० | ७ | ५ | ५ | ५ | २२ | निरन्तर |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी, | विद्यालय | २२ | ० | ११ | ११ | | | २२ | निरन्तर |

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| | महिनावारी स्वच्छता तथा सरसफाइको प्रबन्ध | | | | | | | | | |
| ७ | प्रारम्भिक बालविकासका लागि सहजै पहुँच योग्य पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | २२ | ० | ७ | ५ | ५ | ५ | २२ | |
| ८ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | २२ | ० | ७ | ५ | ५ | ५ | २२ | निरन्तर |
| ९ | बालमैत्री खानेपानी संरचना निर्माण गर्ने | विद्यालय | २२ | ० | ११ | ११ | | | २२ | निरन्तर |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

अहिलको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको माग र परिवर्तनसँगै सूचना तथा सञ्चार प्रविधि मानवीय जीवनको अभिन्न अङ्गको रूपमा विकास हुँदै गएकाले शिक्षा क्षेत्रमा यसको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । विद्यालय शिक्षामा कम्प्युटर, रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेट, टेलिभिजन, स्मार्टबोर्ड जस्ता साधनहरूको प्रयोग गर्नु,लाई शिक्षामा सूचना प्रविधिको प्रयोगका रूपमा लिन सकिन्छ । पुरानो चक एण्ड टक विधिले अहिलेको समयको आवश्यकता अनुसारको शिक्षा र जनशक्ति दिन नसक्ने हुँदा विद्यालय तहदेखि माथिल्लो तहसम्मको शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको महत्वलाई बढावा दिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइलाई रोचक तथा सान्दर्भिक बनाउन, सिकाइ प्रति विद्यार्थीलाई अभिप्रेरित गर्न, शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न र युगसुहाउदो शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ । यतिमात्र होइन सूचना तथा संचार प्रविधिको मद्दतले सिकाइ सुधार हुने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन सहज हुने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने भएकाले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनको रूपमा लिइन्छ । नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने तथा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने नीति लिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । जसमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । यसैगरी हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीहरूको सिकाइका लागि इ लर्निङ्ग पोर्टल अर्थात सिकाइ चौतारी तयार पारेको छ । जसलाई हामीले शिक्षामा सूचना प्रविधिको प्रयोगसँग जोड्न सकिन्छ । साथै पाठ्यक्रम विकास केन्द्रले पनि इ लाईबेरी मार्फत सिकाइका सामग्रीहरू विद्यार्थीहरू माझ ल्याउने जमर्को गरेको छ । साथै २०७१ सालदेखि विद्यालय शिक्षाको तथ्याङ्की, यव्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक गराउने कार्यको थालनी भएको छ ।

नेपालको पछिल्लो समयमा सन २०१९ को अन्त्यतिर विश्वव्यापी महामारिको रूपमा देखा परेको कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकतालाई महसुस गराएको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाईन तथा अफलाईन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन् । यस खण्डमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

सिंजा गाउँपालिकाका २२ ओटा सामुदायिक विद्यालयहरूमध्ये सबै विद्यालयहरूमा विद्युतको विस्तार भएतापनि केहि विद्यालयहरूमा भौगोलिक विकटताका कारण विद्युत विस्तार हुन सकेको छैन । विद्युतको सुविधा नभएकामध्ये २२ ओटा विद्यालयमा सौर्य उर्जाको माध्यमबाट विद्युतको अभाव पूर्ति गर्ने प्रयास गरिएको छ । यसैगरी यस गाउँपालिकाका ६ माध्यमिक विद्यालयहरूमा इन्टरनेट सेवाको जडान भई त्यसको सामान्य रूपमा शिक्षण सिकाइमा प्रयोग हुदैं आइरहेको पाइन्छ भने बाकीबाकी ६ ओटा आधारभूत विद्यालयहरूमा इन्टरनेट जडानका लागि अनुदानको व्यवस्था गरिएको छ । विद्युत सेवाको विस्तार नहुँदा र वैकल्पिक उर्जाको व्यवस्थापन नहुँदा इन्टरनेट जडानका लागि अनुदान निकासा भएतापनि जडान हुन सकेको छैन । यस गाउँपालिकाका ६ ओटा माध्यमिक र ६ ओटा आधारभूत विद्यालयहरूमा कनेक्टिभिटी सुविद्या सहितको ICT प्रयोगशाला स्थापना गरिएको छ भने ६ ओटा विद्यालयहरूमा कम्प्युटरका सामग्रीहरू जडान गरिएका छन । श्री सीता जनसहयोग माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना र सञ्चालन भएको छ । यसैगरी श्री पीपल चौतारा माध्यमिक विद्यालयमा स्मार्टबोर्डको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापका लागि ३० कार्य घण्टा निर्धारण गरिएको छ । कोभिड-१९ को प्रभावसंगै हाल शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको खाँचो महसुस भएको छ । यससँगै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको ( E -Learning portal ) का बारेमा सबैलाई सुसुचित गर्न सकिएको छैन् । शिक्षामा सूचना प्रविधिको प्रयोग स्वरूप विद्यालय तहका सम्पुर्ण शैक्षिक सूचनाहरूलाई व्यवस्थित गर्नका लागि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको भयतापनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन् ।

४.७.२ चुनौती तथा अवसरहरुः

अहिलेको युग सूचना र प्रविधिको युग हो । समयको परिवर्तनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य भयतापनि सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्थापन गर्नु,, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी साधनहरूको सञ्चालन र प्रयोगका लागि शिक्षकहरूको क्षमता विकास गर्नु,, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु,, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु,, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु,, सूचना र सञ्चारको प्राणिको रूपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु,, सूचना र सञ्चार प्रविधिको दुरूपयोगलाई न्यूनीकरण गर्नु,, विद्यालयमा सूचना प्रविधि सम्वन्धी दक्ष जनशक्तिको अभाव केहि विद्यालयहरूमा विद्युत जडान नभएको, सबै विद्यालयमा आई.सि.टिको पहुँच नभएको, आई.सि.टिको पहुँच भएका विद्यालयहरूमा मर्मत सम्भार नहुनु, सबै विद्यालयमा इन्टरनेटको पहुँच नहुनुकोअभाव, आई.सि.टि.सम्वन्धी तालिम प्राप्त शिक्षकको अभाव जस्ता कुराहरूले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा चुनौती खडा गरेका छन् ।

यसैगरी COVID १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरूलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाईनबाट हुने शिक्षण सिकाइका सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु,, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रूपमा विकास हुनु, विद्यार्थीहरूमा अनलाईन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरूमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरू प्रतिष्पर्धात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै सङ्घसंस्थाहरूले अनलाईनमा पढ्ने मिल्ने गरी पाठ्यसामग्रीको विकास गर्नु, ,सबै अभिभावकसँग मोबाइल फोन हुनु जस्ता कुराहरूलाई शिक्षाको क्षेत्रको सूचना तथा सञ्चार प्रविधिमा देखिएका अवसरहरू मान्न सकिन्छ ।

४.७.३ उद्देश्य

- ✓ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,,
- ✓ सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
- ✓ शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

४.७.४ रणनीति

- ✓ पालिकाका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ,
- ✓ सूचना तथा सञ्चार प्रविधिमा आधारित रही सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
- ✓ शिक्षकको पेसागत विकास तथा शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- ✓ विद्यालयका शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
- ✓ शिक्षाका विभिन्न सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- ✓ सामूदायिक अध्ययन केन्द्रहरूमा सूचना र सञ्चार प्रविधिका संरचनाहरूको स्थापना, सञ्चालन गर्ने,
- ✓ कम्प्युटर लाईब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने,

४.७.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संङ्ख्या | १२ | २२ | २२ | २२ | २२ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १६ | २२ | २२ | २२ | २२ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६ | १२ | १८ | २२ | २२ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १२ | १० | २२ | २२ | २२ |
| ५ | विद्युत पहुँच पुगेको विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने | १ | १ | १ | १ | १ |
| ७ | कम्प्युटर ल्याव र विद्यार्थी अनुपात | ६ | १२ | २० | २२ | २२ |
| ८ | ई-हाजिरको व्यवस्था भएका विद्यालको सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |

४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (१० वर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | विद्यालयमा आई.सि.टि. संरचना विस्तार गरी इ लाईब्रेरी स्थापना | ओटा | २२ | २ | ३ | ५ | ५ | ३ | १८ | ४ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटिको व्यवस्था | ओटा | २२ | १२ | १० | | | | २२ | निरन्तर |
| ३ | शिक्षकको क्षमता विकास कार्यक्रम | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरूमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने | ओटा | ३ | १ | १ | १ | | | ३ | ३ |
| ५ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलव्धता | विद्यालय | २२ | २ | २ | ४ | ५ | ६ | १९ | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | IEMIS व्यवस्थापन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ७ | एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने | जना | ३०० | ० | ५० | ५० | ५० | ५० | २०० | १०० |
| ८ | विद्यालयमा विद्यार्थीलाई कम्प्युटरको प्रयोगतात्मक सिकाइ कक्षाको सञ्चालन गर्ने | विद्यार्थी | ८०० | ५० | १०० | १५० | १५० | २०० | ६५० | २०० |

# परिच्छेद ५: अन्य उप-क्षेत्र

## ५.१ मातृभाषामा शिक्षा

### ५.१.१ परिचय

हाम्रो देश भाषिक अल्पसङ्ख्यकको देश हो । यस यथार्थले नै हाम्रो देश बहुभाषी रहेको प्रस्ट्याउँछ । सबैभन्दा पछिल्लो राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८ ले हाम्रो देशमा १२४ मातृभाषा बोलिँदै गरेको देखाएको छ । भाषा आयोगको २०७८ को प्रतिवेदनमा नेपालमा बोलिने भाषाको सङ्ख्या १३१ रहेको कुरा उल्लेख गरेको छ । नेपाल भाषिक विविधता भएको मुलुक भएर पनि अहिलेसम्म केही भाषाबाहेक आधिकारिक रूपमा भाषावैज्ञानिक र समाज भाषिक अध्ययन भएको पाइदैन । क्योटो सम्मेलनमा बार्बरा अफ ग्राइसले सन् २००० मा प्रस्तुत गरेको भाषाहरूको सूचीमा नेपालमा १२८ ओटा भाषाहरू रहेको देखाइएको पाइन्छ । नेपालले भाषिक विविधताको सम्बोधनका लागि अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८), बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (सन् २००७) जस्ता आदि सन्धिसम्झौतामा प्रतिबद्धता जनाएको पाइन्छ । त्यसैगरी राष्ट्रिय रूपमा नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा ३१ को उपधारा ५ को शिक्षासम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने रत्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (पृ.१४) भनेर व्यवस्था गरेको छ ।

नेपालमा २०४७ फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकार समक्ष प्रतिवेदन पेश गरेको थियो (पाविके, २०७६, पृ.५४) । यस प्रतिवेदनले बहुभाषिक समुदायका बालबालिकालाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्ने र नेपाली

मातृभाषा नभएका अन्य राष्ट्रिय भााषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमको रूपमा राष्ट्रिय भाषाको प्रयोग गर्न सकिने र नेपाली बाहेक नेपाली बोलिने अन्य भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्ता पाठ्यसामग्री उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशनआदि कार्य मातृभाषामा गर्ने भनेर स्पष्ट पारेको थियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा को ११ (२) (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन नियमनसम्बन्धी व्यवस्था गरी मातृभाषाको पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । भाषा आयोगको प्रतिवेदनले विद्यालय तहमा सामुदायिक एवम् संस्थागत विद्यालयमा मातृभाषाको माध्यमबाट शिक्षा उपलब्ध गराउन, मातृभाषा विषयका रूपमा पठनपाठन अनिवार्य हुने र माथिल्लो तहसम्म सन्तुलन कायम गर्न मौजुदा पाठ्यक्रमको प्रावधान कार्यान्वयनमा ल्याउन सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपालका संस्थागत तथा सामुदायिक विद्यालयमा नैतिक शिक्षा र सामाजिक शिक्षा विषयलाई माध्यमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउने व्यवस्था मिलाउन, मातृभाषामा आवश्यकताका आधारमा बालकेन्द्रित सिन्के सामग्री विकास गर्न तथा विदेशी भाषामा विदेशमै बनेका यस्ता सामग्रीबाट मातृभाषामा हुने भाषिक र सांस्कृतिक अतिक्रमण रोक्न नेपाल सरकारले नीतिगत निर्णय गर्न लगायतका काम गर्न सिफारिस गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा कक्षा १ देखि ३ सम्म ५ पाठ्यभार र कक्षा ४ देखि ८ सम्म ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा तथा अन्य स्थानीय विषय समावेश गरिनुपर्ने र माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा विभिन्न भाषाका पाठ्यक्रमहरू रहने व्यवस्था गरेको छ । आधारभूत तहसम्मको शिक्षाका लागि मातृभाषा माध्यमको रूपमा प्रयोग गर्न सकिने व्यवस्था पनि यस प्रारूपमा गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले स्थानीय/मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय स्तरबाटै निर्माण गर्न सकिने व्यवस्था गरेकाले जिल्लागत तथा क्षेत्रगत रूपमा विभिन्न भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरेर पठन पाठन भइरहेको पाइन्छ । यस कार्यमा पाठ्यक्रम विकास केन्द्रले सहयोग पुर्याइरहेको देखिन्छ ।

### ५.१.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ लागु भएपछि पनि मातृभाषा शिक्षालाई विषयका रूपमा सीमित गरिएको छ तर त्यो विषयका रूपमा पनि मातृभाषा विषय समूह अन्तर्गत राखिएको छैन । आधारभूत शिक्षाको पाठ्यक्रम प्रारूपमा मातृभाषा वा स्थानीय विषय राखिएको छ । त्यसै गरी माध्यमिक तहमा रहेको पाठ्यक्रममा कक्षा ९ र १० मा भाषा विषय र गैरभाषा विषयलाई एकअर्काको विकल्पका रूपमा राखिएको छ । त्यसैले विद्यार्थीले चाहँदा पनि गणित, अर्थशास्त्र, कम्प्युटर जस्ता विषयको उपयोगीतालाई प्राथमिकतामा राख्दै भाषा विषय प्राथमिकताबाहिर परेको छ । कक्षा ११ र १२ मा पनि ऐच्छिक विषयका रूपमा कतिपय मातृभाषाको पाठ्यक्रम त बनेको छ तर तलैबाट नेपालीतर मातृभाषा शिक्षामा उदासीन शासकीय मानसिकताको उपजका रूपमा मातृभाषा विषयमा विद्यार्थीको निरन्तरता नरहेकाले त्यस्ता पाठ्यक्रम हात्तीका दाँत साबित भएका छन् । उच्च शिक्षामा मातृभाषा विषयका विद्यार्थी नै नहुने भएपछि आधारभूत र माध्यमिक तहमा चाहिने शिक्षकको आपूर्ति पनि सम्भव देखिँदैन ।

जनगणना २०७८ का अनुसार सिंजा गापालिकामा तल उल्लेखित ९ किसिमका भाषाभाषीको बसोवास रहेको छ । पालिकामा नेपालीभाषीको बाहुल्यता रहेता पनि अन्य भाषिक अल्पतामा रहेका खस (१७.४ प्रतिशत), भोटे (१०.७ प्रतिशत), मगर खाम (६.१ प्रतिशत) लायतका मातृभाषा भएका बालबालिकाहरूका लागि नेपाली विषयमा दिइने पूर्वप्राथमिक र प्राथमिक शिक्षा प्रभावकारी हुन नसकि विद्यालय नजाने, विद्यालयबाट बाहिरिने तथा शैक्षिक उपलब्धी कमजोर हुने अवस्था रहेको छ ।

गाउँपालिकाका भाषाहरूको वर्तमान वक्ता स्थिति

| क्र.सं. | भाषाको किसिम | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | ६४.८ | मुख्य भाषा |
| २ | खस | १७.४ | |
| ३ | भोटे | १०.७ | |
| ४ | मगर खाम | ६.१ | |
| ५ | अन्य | ०.३ | |
| ६ | डोटेली | ०.२ | |
| ७ | तामाङ्ग | ०.१ | |
| ८ | चिलिङ्ग | ०.१ | |
| ९ | मगर | ०.१ | सीमान्तकृत भाषा |

**यस पालिकामा विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरूको विवरण (सङ्ख्या)**

| **कक्षा** | **बालबालिकाको सङ्ख्या** | | | **जात / जाति** | | |
|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **मधेसी** | **मुस्लिम** | **जनजाति** |
| **प्रारम्भिक बालविकास र शिक्षा** | २५३ | २८५ | ५३८ | ५ | | |
| आधारभूत तह | १३०३ | ११८६ | २४८९ | | | ९ |
| माध्यमिक तह | ५०८ | ५२७ | १०३५ | १५ | | ६ |

स्रोत; शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०२४

### ५.१.३ चुनौति र अवसर

प्रारम्भिक कक्षामा बालबालिकाले परिचित भाषामा सिक्न नपाउँदा उनीहरूको सिकाइ उपलब्धि तुलनात्मक रूपमा कमजोर भएको मात्र नभई अल्पसङ्ख्यक भाषा बोल्ने परिवारका बालबालिका विद्यालय जान नमान्ने र टिक्ने अनि सलक्ने गर्न नसकेको अवशथा

रहेको छ । पालिकामा मातृभाषाको काठ्यक्रम कढाओ नहुने साथै बहुभाषिक शिक्षण पद्दतीमा तालिमप्राप्त शैक्षक जनशक्तिको पनि अभाव रहेको छ

भाषा आयोगले संवैधानिक व्यवस्था बमोजिम सातै प्रदेशका लागि सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सकिने नेपाली इतरका ११ ओटा प्रदेशगत भाषाहरू सिफारिस गरिसकेको र सोही बमोजिम बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोगमा समेत ल्याइसकिएको तथ्यगत कारणबाट समेत मातृभाषामा शिक्षाको महत्व बढेर गएको छ । शिक्षाको तहगत कार्यान्वयनको दृष्टिकोणले नेपालको संविधानको अनुसूची-८ को क्रसं ८ मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको जिम्मामा छ । पाठ्यक्रम विकास केन्द्र नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत छ । त्यसैले सङ्घ, प्रदेश र स्थानीय तहका बिचमा भाषा आयोगको मध्यस्थतासमेत रहने गरी शिक्षाको पाठ्यक्रम प्रारूप बनाउने संयन्त्र निर्माण हुनु आवश्यक छ ।

५.१.२ लक्ष्य

- प्राथमिक तह देखि माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्रदान गरी गुणस्तरि, सान्दर्भिक र समुदायको सहभागिता सहित परिणाम मुखि शिक्षा लागु गर्ने,
- बाल्य अवस्थामा मातृभाषाको विकासका लागि मौखिक तथा मनोरञ्जनमा आधारित अवधारणा तथा सबै चरणहरूमा बोल्ने र अभ्यास गर्ने नियमित अवसरहरू सिर्जना गर्ने ,
- अल्पसङ्ख्यक तथा आदिवासीहरूको मातृभाषाका माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा पाउने अधिकारलाई सुनिश्चित

५.१.३ उद्धेश्य

- घर, समुदाय र विद्यालयको वातावरणका बिचको सांस्कृतिक सेतुलाई समर्थन गर्दै सबै समुदायसँग घर र विद्यालयको सम्बन्ध जोड्ने ।

- बालबालिकालाई मातृभाषा / परिचित (विशेषतः प्रारम्भिक कक्षाका) भाषामा सिकाइलाई सुरक्षित गराउने ।
- पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन गर्नु,,
- विद्यार्थीको भावी सिकाइ उपलब्धि मा पर्नसक्ने दीर्घकालीन असरलाई कम गर्ने,
- बालबालिकालाई अतिरिक्त विषयवस्तुलाई आफ्नै मातृभाषा/परिचित भाषामा स्वतस्फूर्त रूपमा अभिव्यक्ति गर्न सक्षम गराउने ।
- बालबालिकालाई गुणस्तरीय शिक्षा दिने कार्यमा विद्यालयलाई सक्षम बनाउने ,
- विद्यार्थीहरूलाई निश्चित भाषाका अलवा उनीहरूले जानेको ,ज्ञान भएको र बोध भएको भाषामा पनि शिक्षण वा मूल्याङ्कन हुने वातावरणको सिर्जना गर्ने ।
- दुई वा दुईभन्दा बढि भाषा को मिश्रणबाट शिक्षण गरिएका विद्यार्थीको सिकाइ र कक्षामा सहभागिता बढाउने ।
- भाषा नबुझेकै कारण विद्यालय छाड्ने दरलाई कम गर्न,
- मातृभाषी तथा बहुभाषी बालबालिकाको विद्यालयमा पहुँच तथा सहभागिता सुनिश्चित गर्ने
- शिक्षक र विद्यार्थीले कक्षा कोठामा हुने भाषिक अभ्यास सरल, गतिशिल र फराकिलो दायरामा शिक्षण सिकाइ गराउने ।
- बालबालिकाको समग्र सिकाइ, सहभागिता र सिकाइ उपलब्धि कायम राख्ने ।

५.१.४ रणानीति

- मातृभाषा तथा अङ्ग्रेजी (मातृभाषाका लागि भाषा सहायक समेत) का शिक्षकको उपलब्धता सम्बन्धी सम्भाव्यतालाई विचार गरी शिक्षकको क्षमता अभिवृद्धिका लागि उपायहरूको अवरोधअवरोध गर्ने
- मातृभाषा शिक्षणका लागि आवश्यक नीति ,निर्देशिका, कार्यविधि सहित मापदण्डको विकास र पुनरवलोकन ।
- साक्षरता सिकाइका लागि शिक्षणको माध्यमका रूपमा पूर्ण रूपमा मातृभाषाको प्रयोग गर्न नमिल्ने

- अवस्थामा नेपाली तथा अङ्ग्रेजीको सिकाइ वा यी भाषाका माध्यमबाट हुने सिकाइलाई सहज बनाउन
- नेपाली मातृभाषा नभएका विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गर्दा अपनाइने सुव्यवस्थित पद्धतिहरूको स्पष्ट उल्लेख गर्ने
- मातृभाषाको मौखिक प्रयोग गर्ने कुरालाई सशक्त र औपचारिक बनाउने अवधारणालाई समाविष्ट गर्ने
- सङ्घको व्यवस्थामा नबाझिने गरी मातृभाषाको पाठ्यक्रम निर्माण पुनरावलोकन सहित पाठ्यभार निर्धारण गर्ने ,
- शिक्षकको छनौट नियुक्ति, शिक्षकको वृत्ति विकास, पाठ्यक्रम पाठ्यसामग्रीको विकास, सूचना तथा सञ्चार प्रविधि र मूल्याङ्कन पद्धतिको प्रयोग गर्ने कुरालाई सम्बोधन गर्ने ,
- शिक्षण माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा,स्थानीय भाषा, बहुभाषाको प्रयोग गर्ने ,
- मातृभाषामा  शिक्षण तथा मूल्याङ्कन निर्देशिका निमार्ण तथा पुनरावलोकन गर्ने ,
- पाठ्यक्रममा स्थानीय भाषा, सस्कृति, भूगोल वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सीपलाई बढोत्तरि दिने खालका विषयवस्तु समावेश गरी सिकाइलाई व्यवहारिक गराउने ।
- शिक्षणको माध्यम र शिक्षाका भाषा सम्बन्धी नीतिले पर्याप्त सल्लाह, प्रभावकारी परामर्श र संवाद तथा निरन्तर अनुगमनलाई सुनिश्चित गर्न शिक्षाका प्रत्येक तहको क्षमता र संस्थागत संरचनामा ध्यान दिनुपर्ने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रिको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
- प्राथमिक तथा आधारभूत तहमा मातृभाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अबस प्रदान गर्न प्राथमिकता दिने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउन समुदायको आवस्यक्ता सम्बोधन गर्ने गरी विविधता कायम गरी समावेशी तथा बालमैत्री वातावरण सिर्जना गर्ने,
- स्थानीय भाषी, मातृभाषी र बहुभाषी विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गरी प्रभावकारी शिक्षण सिकाइ हुने वातावरणको सिर्जना गर्ने,

- सम्भावित मातृभाषामा आधारित द्विभाषिक शिक्षाका अवधारणाहरूलाई कक्षा दोहोर्याउने र बीचैमा विद्यालय छोड्ने प्रवृत्तलाई घटाउने र प्रभावकारी सिकाइलाई सुनिश्चित गर्ने दृष्टिकोणबाट हेरिनुपर्ने

५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- स्थानीय भाषी,मातृभाषी, बहुभाषी बालबालिकाको शिक्षामा पहुँच र सक्रीय सहभागिता सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
- सबै समुदायका फरक भाषीहरूको शिक्षामा सहभागिता वृद्धि भई सर्वसुलभ शिक्षा प्राप्तगर्न सबै बालबालिका सक्षम भएका हुनेछन ।

**५.१.६ नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आधारवर्ष २०८१/२०८२** | **२०८२/ २०८३** | **२०८३/ २०८४** | **२०८४/ २०८५** | **२०८५/ २०८६** |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म मातृभाषा, बहुभाषा तथा स्थानीय भाषामा शिक्षण हुने विद्यालय | ० | १ | ५ | १० | १५ |
| २ | मातृभाषामा शिक्षणका लागि पाठ्यपुस्तक पाठ्यसामाग्रि उपलब्ध भएका विद्यालय | ० | १ | २ | ५ | १० |
| ३ | मातृभाषा, बहुभाषिक विद्यार्थीको सङ्ख्या | १.८ | | | | |
| ४ | मातृभाषा, बहुभाषिक शिक्षकहरूको उपलब्धता | ० | १ | २ | ३ | ४ |
| ५ | मातृभाषी, बहुभाषिक शिक्षा समिति वा उपसमिति गठनभएका विद्यालयहरू | ० | १ | २ | ५ | १० |
| ६ | विद्यालय सुधार योजनामा मातृभाषा वा बहुभाषामा भाषा | ० | १ | २ | ५ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | योजना उल्लेख भएका विद्यालय | | | | | |
| ७ | मातृभाषा तथा बहुभाषामा शिक्षणका लागि नीति, निर्देशिका तथा कार्यविधि निर्माण गरेका विद्यालयहरू | ० | १ | २ | ५ | १० |
| ८ | विद्यालयमा शिक्षणको माध्यम र शिक्षाका भाषा सम्बन्धी नीतिले पर्याप्त सल्लाह, प्रभावकारी परामर्श र संवाद तथा निरन्तर अनुगमन | ० | १ | १ | १ | १ |

५.१.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | लक्ष्य | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | | |
| १ | मातृभाषामा शिक्षणका लागि कक्षाकोठाको व्यवस्थापन | ओटा | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |
| २ | स्थानीय भाषी, मातृभाषी, बहु भाषी शिक्षकको व्यवस्था | पटक | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |
| ३ | स्थानीय भाषी, मातृभाषी, बहुभाषी विद्यालयको नक्साङ्कन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | पाठ्यपुस्तक पाठ्य सामाग्रीको प्रकाशन तथा वितरण | विद्यालय | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |
| ५ | मातृभाषी, बहुभाषी शिक्षा समिति गठन निर्देशिका निर्माण तथा अध्यावधिक गर्ने | विद्यालय | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |

| क.सं. | प्रमुख क्रियाकलाप | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | लक्ष्य | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | | |
| ६ | विद्यालयस्तरमा निर्देशिका अनुसारको मातृभाषी, बहुभाषी शिक्षा समिति गठन | सङ्ख्या | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |
| ६ | मातृभाषी, बहुभाषी तथा स्थानीय भाषी विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था | जना | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ७ | विद्यालयमा मातृभाषामा शिक्षाका लागि आवश्यक शैक्षेणिक तथा शैक्षिक सामग्रिको व्यवस्थापन तथा वितरण | विद्यालय | २२ | १ | २ | ५ | १० | २२ | २२ | २२ |
| ८ | घर, समुदाय र विद्यालयको वातावरणका बिचको सांस्कृतिक सेतुलाई सम्वर्द्ध गर्न विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन | ओटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.सं. | प्रमुख क्रियाकलाप | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | लक्ष्य | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | | |
| ९ | स्थानीय भाषी, मातृभाषी र बहुभाषी विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गरी प्रभावकारी शिक्षण सिकाइ हुने वातावरणको सिर्जना गर्ने | ओटा | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |

## परिच्छेद- ६: सुशासन तथा व्यवस्थापन

"सुशासन" र "व्यवस्थापन" यी दुई अवधारणाहरू महत्त्वपूर्ण छन् । विशेष गरी कुनै पनि संस्था, सरकार, वा संगठनको प्रभावकारी सञ्चालनमा यसको उल्लेखनीय भूमिका रहेको हुन्छ। "सुशासन" भन्नाले संस्थागत, सरकार र समाजको बिचमा राम्रो व्यवस्थापन र पारदर्शिता, उत्तरदायित्व, प्रभावकारिता, न्याय र सहभागिता सुनिश्चित गर्ने प्रक्रिया हो र यो कायमय हुन विभिन्न तत्वहरूको उत्तिकै महत्व रहेको हुन्छ जस्तै: पारदर्शिता, उत्तरदायित्व, भागिदार, न्याय र समानता, कानुनी शासन र दिगो विकास कायम रहेको अवस्थामा मात्र सुशासन कायम रहेको मान्न सकिन्छ । सुशासनले लोकतान्त्रिक प्रक्रियाहरूलाई बलियो बनाउँछ र सबै नागरिकलाई समान अवसर र अधिकार सुनिश्चित गर्न मद्दत गर्दछ र समुदायमा विश्वासको निर्माण हुन्छ जसले गर्दा समाज, पर्यावरण र अर्थतन्त्रको सन्तुलित विकासमा मद्दत पुर्याउँछ ।

व्यवस्थापन भन्नाले कुनै संस्थाको उद्देश्य पूरा गर्नका लागि स्रोत र गतिविधिहरूको प्रभावकारी, दक्ष, र योजनाबद्ध तरिकामा व्यवस्थापन गर्ने प्रक्रिया हो । व्यवस्थापन गर्नका लागि तपशिलमा उल्लेख गरिएका तत्वहरू: योजनाको निर्माण गर्ने, संगठन, नेतृत्व र नियन्त्रणको महत्वपूर्ण भूभिका रहेको हुन्छ । यसैगरी व्यवस्थापनका महत्वपूर्ण सिद्धान्तहरू रहेका हुन्छन जस्तै; स्पष्ट उद्देश्य र लक्ष्य राखु । कुनै पनि संस्थाको सफलताका लागि त्यसको दीर्घकालीन दृष्टिकोण र योजना निर्माण गर्नु, रहेको छ । यसैगरी यसमा मानवीय, वित्तीय र भौतिक स्रोतहरूको प्रभावकारी व्यवस्थापन गर्ने प्रक्रियामा अर्को सिद्धान्त रहेकोछ भने समयलाई प्रभावकारी र दक्ष तरिकामा प्रयोग गर्नका लागि रणनीति र प्राथमिकताका आधारमा कार्यहरू निर्धारण गर्नु, रहेको छ । यसैगरी व्यस्थापनको महत्व पनि रहेको छ कुनै पनि संस्थालाई व्यवस्थित बनाउनका लागि सञ्चालनको दक्षता, व्यवस्थापनले सीमित स्रोतहरूको प्रभावकारी उपयोगमा मद्दत पुर्याउँछ, जसले संस्थाको आर्थिक स्थायीत्वमा मद्दत पुर्याउँछ, उत्पादनशीलता र प्रतिस्पर्धात्मकता निर्माण गर्छ । यसरि हेर्दा सुशासन र व्यवस्थापन बिच गहिरो सम्बन्ध रहेको छ भन्न सकिन्छ किनकि सुशासानले सरकारी र सार्वजनिक संस्थाहरूमा लागुहुन्छ र यसको उद्धेश्य

पारदर्शिता, न्याय र उत्तरदायित्व र समावेशीता सुनिश्चित गर्नु, हो भने व्यवस्थापन भनेको कुनै पनि संस्थाहरूको दैनिक कार्यहरू निर्माण प्रक्रिया र संसाधन उपयोग गर्ने प्रक्रियाहरूको समन्वय हो । व्यवस्थापनले संस्थालाई कार्यात्मक बनाउछ भने सुशासनले ती कार्यहरूको नैतिकता, पारदर्शिता र जबाफदेहिता सुनिश्चित गर्दछ । यी दुवै तत्व मिलेर संस्था र सरकारको कार्यप्रणालीलाई प्रभावकारि बनाउछ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा क्षेत्रको व्यवस्थापन भनेको कुनै पनि शैक्षिक संस्थाको कार्यक्षमता, लक्ष्य प्राप्ति, र स्रोतहरूको प्रभावकारी प्रयोग गर्नका लागि आवश्यक प्रक्रिया, संरचना र विधिहरूको समुचित सञ्चालन हो । यसको उद्देश्य शिक्षा संस्थाको दीर्घकालीन सफलता र प्रभावशीलता सुनिश्चित गर्नु, हो । संस्थागत क्षमता विकास भनेको शैक्षिक संस्थाहरूको सञ्चालन, व्यवस्थापन, र सेवा प्रदान गर्ने क्षमता सुधार गर्ने प्रक्रिया हो, जसले संस्थामा कार्यरत कर्मचारी, व्यवस्थापक र अन्य सरोकारवालाहरूसँग सम्बन्धित दायित्व र कार्यक्षमता सुधार्न मद्दत पुर्याउँछ । यी दुवै पहलुहरू शैक्षिक संस्थाहरूको सफलता र समाजमा शिक्षा प्रगतिको प्रमुख आधार हुन्। शिक्षा व्यवस्थापन भन्नाले शैक्षिक संस्थाहरूको उद्देश्यहरू, स्रोतहरू, र प्रक्रिया व्यवस्थापन गर्नका लागि उठाइने कदमहरूको समूहलाई जनाउँछ । यसमा विभिन्न स्तरमा योजना, निगरानी, अनुगमन, र सुधारका प्रक्रिया समावेश हुन्छ।

शिक्षा व्यवस्थापनले सबै सन्दर्भमा शैक्षिक संस्थाको कार्यशैली र परिणामलाई असर पुर्याउँछ । जब शिक्षण संस्थाहरू राम्रोसँग व्यवस्थापन गरिन्छन्, यसले विद्यार्थीहरूको शैक्षिक स्तर र शिक्षकहरूको कार्यसम्पादन सुधार गर्दछ । संस्थागत क्षमता विकासले शैक्षिक संस्थाको संरचनामा सुधार, मानव संसाधनको क्षमता अभिवृद्धि, र शैक्षिक प्रक्रियामा सुधार गर्दछ । यसमा विद्यालय वा अन्य शैक्षिक संस्थाका कर्मचारीहरूको क्षमता वृद्धिका लागि तालिम र संसाधनको व्यवस्थापन पनि महत्त्वपूर्ण छ ।

प्रभावकारी व्यवस्थापन र संस्थागत क्षमता विकासले शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ल्याउँछ । शिक्षक र विद्यार्थीहरूको क्षमता विकास गर्दा शिक्षण र अध्ययनमा सुधार हुनुको साथै समाजमा दिगो र समावेशी विकासमा मद्दत पुर्याउँछ । शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयनले समाजमा समानता र समृद्धि सुनिश्चित गर्छ भने विद्यालयको व्यवस्थापन र क्षमता वृद्धि गर्दा विद्यार्थी, शिक्षक, र अभिभावकहरूको बिचमा विश्वास र भागीदारी बढ्छ। यसले संस्थाको समग्र प्रगति र शिक्षा क्षेत्रमा थप सुधार ल्याउँनुको साथै

शिक्षा व्यवस्थापन र संस्थागत क्षमता विकासले शैक्षिक संस्थाको कार्यशैली र परिणामलाई सकारात्मक ढङ्गले प्रभावित गर्छ। शिक्षाशास्त्रमा सुधार ल्याउन, विद्यालयको संरचना र स्रोतहरूको प्रभावकारी प्रयोग गर्न, र शिक्षक र प्रशासनिक कर्मचारीहरूको क्षमता बढाउन संस्थागत क्षमता विकास आवश्यक छ । यस प्रक्रियाले शिक्षा प्रणालीलाई समावेशी, दिगो र गुणस्तरीय बनाउने दिशामा योगदान पुर्याउँछ ।

### ६.१.२ वर्तमान अवस्था

सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकाको दैनिक शैक्षिक प्रशासन सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू गर्नका लागि छुट्टै शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ । जसको संगठन संरचनालाई हेर्दा उक्त शाखामा १ जना अधिकृतस्तर सातौं र १ जना प्राविधिक सहायक पाँचौं । त्यसैगरी स्थानीय तहको शिक्षा ऐन, २०७५ मा शिक्षा अधिकृत र प्राविधिक सहायकको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ तर हाल यस पालिकाको शिक्षा ऐन निर्माण प्रक्रियामा रहेको र विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको व्यवस्था गर्ने कुरामा अन्यौलता देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको तर शिक्षा ऐन निर्माणको चरणमा शिक्षा शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न सकेको छैन । शाखामा विद्यमान कर्मचारीहरूलाई क्षमता विकासका तालिमहरूको व्यवस्थापन नहुदाँ दैनिकजसो असहजता सिर्जना हुने गरेको छ । विद्यालय शिक्षासँग सम्बन्धित शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको रकम निकासा एवंम् वितरण देखि लिएर आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षा गरेबमोजिम व्यवस्थित हुन सकेको छैन । साथै शाखामा विद्यमान जनशक्तिले प्रशासनिक कार्यमा बढि समय बिताउनुपर्ने बाध्यता भएकाले विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन ।

यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम पास गर्ने कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस, प्राप्त बजेटको बाँडफाँड, शिक्षासम्बन्धी महत्वपूर्ण निर्णयहरू गर्ने, विद्यालय अनुगमन तथा

सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धी कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरूमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न नसक्दा शैक्षिक क्षेत्रमा अपेक्षित प्रगति प्राप्त गर्न नसकेको देखिन्छ ।

६.१.३ समस्या चुनौती र अवसरहरुः

सिंजा गाउँपालिका जुम्लाको शिक्षा क्षेत्रको सुशासन र व्यवस्थापनमा विभिन्न समस्याहरू र चुनौतीहरू छन्, तर ती समस्याहरूको समाधानका लागि धेरै अवसरहरू पनि उपलब्ध छन् । शिक्षा क्षेत्रमा सुधारका लागि स्थानीय सरकार, समुदाय र अन्य सरोकारवालाहरूको सक्रीय सहभागिता र सहयोग अत्यन्त महत्त्वपूर्ण छ । यसको माध्यमबाट विद्यालयको संरचना, व्यवस्थापन, शिक्षकहरूको क्षमता र शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ । थप रूपमा, प्रविधिको समावेश र सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यले शिक्षा क्षेत्रमा दिगो परिवर्तन ल्याउन सहयोग पुर्याउँछ । समग्रमा यस गाउँपालिकाको समस्या, चुनौति र अवसरहरू तपशिल अनुसार देख्न सकिन्छ ।

**१.२ समस्या**

- शिक्षा व्यवस्थापनमा धेरै समस्याहरू देखा पर्दछन्, जस्तै स्रोतको अभाव, विद्यालयहरूको भौतिक संरचनामा कमजोरी, र व्यवस्थापनका प्रक्रियाहरूमा असमर्थता। विद्यालयका कागजी कामकाज र प्रशासनिक कामको प्रभावकारी प्रणालीको अभावले शिक्षण कार्यलाई असर पुर्याउँछ ।
- शिक्षक र प्रशासनिक कर्मचारीहरूको दक्षता र क्षमता सुधार गर्नका लागि पर्याप्त तालिम र कार्यशाला कार्यक्रमको अभाव छ । यसले विद्यालयको शैक्षिक गुणस्तरमा असर पुर्याउँछ, जसको परिणामस्वरूप विद्यार्थीहरूको प्रदर्शन कमजोर पर्छ ।

- पानी, शौचालय, पुस्तकालय र अन्य आधारभूत सुविधाहरूको अभावले शिक्षण र अध्ययनको वातावरणलाई प्रत्यक्ष असर पार्दछ । यी सुविधाहरूको कमीले विद्यार्थी र शिक्षकहरूको कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्न सक्छ ।
- शिक्षा क्षेत्रको लागि वित्तीय स्रोतको अभाव छ, जसका कारण विद्यालयका शैक्षिक सामग्री, नया प्रविधि र भौतिक संरचनामा सुधार गर्न कठिनाइहरू छन् । शिक्षकहरूको तलब र सुविधामा पनि असमानता हुन सक्छ ।
- शिक्षा प्रशासनमा विभिन्न स्तरमा भ्रष्टाचार, बेवास्ता र प्रभावकारी निगरानीको अभावले सुशासन र व्यवस्थापनलाई प्रभावित गर्न सक्छ । यसले विद्यालयहरूको सुदृढीकरणमा समस्याहरू उत्पन्न गर्दछ ।

**२. चुनौतीहरू :**

विद्यालयहरूको शैक्षिक कार्यक्रम र नीतिहरूलाई क्षेत्रीय र स्थानीय आवश्यकतासँग मेल खाने गरी समायोजन गर्नु, चुनौतीपूर्ण छ । सिंजा गाउँपालिका जाजरकोटमा शिक्षा प्रणालीलाई परिमार्जन गर्ने काम अझै अधुरो छ, जहाँ केही समुदायमा परम्परागत शिक्षाका ढाँचाहरूको प्रभाव अझै बढि छ, शिक्षकहरूको प्रोत्साहन र समर्पणको कमी छ, विशेष गरी ग्रामीण इलाकामा । तिनीहरूको तलब र सुविधामा असमानता र प्रशिक्षित शिक्षकहरूको अभावले गर्दा शिक्षाको गुणस्तरमा कमी देखिएको छ, शिक्षाको गुणस्तर सुधार गर्नका लागि उपयुक्त नीति र रणनीतिहरूको अभाव छ । शिक्षक र विद्यार्थीको कार्यशैली सुधार्न र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अझै धेरै काम गर्न बाकी रहेको अवस्था छ भने समाजका विभिन्न वर्गहरूमा शैक्षिक पहुँचमा असमानता र विभाजन देखिन्छ। उच्च जाति र निम्न जाति, पुरूष र महिला, र शहर र गाउँका बिचको शैक्षिक भिन्नताले सशक्त समावेशी शिक्षा प्रणाली बनाउन चुनौतीपूर्ण देखिन्छ यसका बावजुद शिक्षा संस्थाहरूका भौतिक संरचनाहरू (जस्तै, भवन, शौचालय, पानी, पुस्तकालय) पर्याप्त र राम्रो अवस्थामा छैनन्। यसले विद्यार्थीहरूको पढाइ र शिक्षकहरूको कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्दछ ।

**३ अवसरहरू :**

शिक्षा क्षेत्रमा नया नीतिहरू र योजनाहरूको निर्माण तथा कार्यान्वयनले यस गाउँपालिकाको शिक्षा क्षेत्रमा सुधार ल्याउन ठूलो अवसर प्रदान गर्दछ । यसले सिंजा गाउँपालिकामा सुशासन र व्यवस्थापनको स्तरलाई सुधार गर्न मद्दत पुर्याउँछ । स्थानीय निकायहरूको सशक्त भूमिका र योजनाबद्ध कार्ययोजना निर्माणमा बढोत्तरी गर्न सकिन्छ भने प्रविधिको प्रयोगले शैक्षिक व्यवस्थापन र शिक्षणमा सुधार ल्याउन ठूलो अवसर छ । डिजिटल शिक्षण सामग्री र अनलाईन कक्षाहरूको प्रयोगले शिक्षामा गुणस्तरीय सुधार ल्याउन मद्दत पुर्याउने अवस्थाको सिर्जना भएको छ, स्थानीय समुदायको सक्रीय सहभागिता र सहयोगले शिक्षा क्षेत्रमा ठूलो सुधार ल्याउन सक्छ । अभिभावक र समुदायको सहयोगबाट विद्यालयको गुणस्तर सुधार गर्न, र विद्यार्थीहरूको मनोबल बढाउन सकिने अवस्था रहेको छ भने महिला शिक्षा र लैङ्गिक समानता प्रवर्धन गर्नमा सुधारका अवसरहरू छन् । सिंजा गाउँपालिकामा महिला र पुरूषको समान शिक्षा सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्न सकिन्छ। सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्य र साझेदारीले शिक्षामा सुधार ल्याउन ठूलो अवसर ल्याउँछ । यसले विद्यालयहरूको संसाधन, तालिम र बिभिन्न शैक्षिक कार्यक्रमको समन्वयमा मद्दत पुर्याउँछ ।

### ६.१.४ उद्देश्य

- शिक्षामा गुणस्तरीय सुधार ल्याउन, शिक्षकहरूको दक्षता र विधि सुधार गर्न, र विद्यार्थीहरूको शैक्षिक परिणाममा सुधार ल्याउने ।
- शैक्षिक व्यवस्थापन अधिक प्रभावकारी र पारदर्शी बनाउनका लागि स्थानीय तह र विद्यालयका प्रशासनिक संरचनामा सुधार ल्याउने ।
- विद्यालय र शिक्षासम्बन्धी स्रोतहरू जस्तै शिक्षण सामग्री, वित्तीय स्रोत, शिक्षकहरूको तालिम र विद्यालय भवनको राम्रो व्यवस्थापन गर्न,
- शिक्षामा सबै वर्ग र समुदायका विद्यार्थीहरूको समावेशीकरण सुनिश्चित गर्ने, जसले लैङ्गिक समानता, जातीय समानता र समृद्धिको वातावरण स्थापना गर्न,
- विद्यालयमा प्रशासनिक सुधार ल्याउने, जसले शिक्षामा अधिक पारदर्शिता र प्रभावकारिता ल्याउनका लागि सार्वजनिक सेवाको गुणस्तर सुधार गर्ने,
- शिक्षामा अभिभावक र स्थानीय समुदायको सक्रीय भूमिका र सहभागिता सुनिश्चित गर्ने, ताकि विद्यालयहरूको शैक्षिक सुधारका प्रक्रियामा उनीहरूको सहकार्यमा बढोत्तरी होस् ।

६.१.५ रणनीतिहरू

- शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानुन निमार्ण गर्ने,
- शिक्षकहरूको क्षमता र दक्षता सुधारका लागि आधुनिक शिक्षण विधिहरूको नियमित तालिम र कार्यशालाबाट क्षमता विकास गर्ने,
- शिक्षकहरूको कार्यप्रदर्शनको मूल्याङ्कन प्रणाली लागू गर्ने, जसले शिक्षकहरूको उत्तरदायित्व र सहभागिता बढाउँछ ।
- विद्यालयमा प्रविधिको प्रयोगको लागि उपयुक्त प्रविधि उपकरणहरूको उपलब्धता सुनिश्चित गरी शैक्षिक सामग्रीको अभावलाई पूरा गर्न, डिजिटल शिक्षण सामग्री र संसाधनहरूलाई विद्यालयमा समावेश गर्ने,
- विद्यालयको भौतिक संरचनामा सुधार गर्दै पुस्तकालय, शौचालय र पानीको व्यवस्थापन गर्ने
- शिक्षक र कर्मचारीको कार्यसम्पादनको नियमित मूल्याङ्कन र फीडब्याक प्रणाली लागू गर्ने,
- विद्यालय व्यवस्थापनको पारदर्शिता र जिम्मेवारी सुनिश्चित गर्ने, जसका लागि कार्य योजनामा सुधार गर्ने र नियमित निगरानी गर्ने,
- विद्यालयका अभिलेख र कागजी काममा डिजिटल प्रणालीको समावेश गर्ने, जसले कार्यको गति र पारदर्शिता बढाउँछ ।
- अभिभावक र स्थानीय समुदायको सक्रीय सहभागिता बढाउने,
- स्कूल बोर्ड र स्थानीय शिक्षा समितिहरूको गठन र सामूहिक निर्णय प्रक्रियामा अभिभावक र समुदायको समावेशीकरण सुनिश्चित गर्ने,
- विद्यालयहरूको शैक्षिक कार्यक्रम र परियोजनामा स्थानीय नेतृत्व र सामाजिक संस्थाहरूको साझेदारी गराउने ।
- विद्यालयका शिक्षक र विद्यार्थीलाई डिजिटल शिक्षा र सूचना प्रविधिको प्रयोगमा तालिम दिने।
- अनलाईन शैक्षिक कार्यक्रमहरूको प्रयोग बढाउने,
- विद्यालयका व्यवस्थापन र प्रशासनमा पनि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन दिने ।

- सबै विद्यार्थीलाई समान शैक्षिक अवसर उपलब्ध गराउन, विशेषगरी महिला र अल्पसङ्ख्यक समूहका लागि विशेष कार्यक्रमहरू तयार गर्ने,
- विद्यालयमा लैङ्गिक समानता र समावेशी शिक्षा प्रवर्धन गर्ने, जसले शिक्षा प्रणालीमा समानता ल्याउँछ ।
- शिक्षा प्रणालीको प्रभावकारिता र कार्यसम्पादनको निगरानी गर्ने प्रभावकारी प्रणालीको स्थापना गर्ने,
- विद्यालयको प्रगति र सुधारका लागि नियमित मूल्याङ्कन र समिक्षा बैठकहरू आयोजना गर्ने,
- विद्यालयका योजना र कार्यक्रमहरूको प्रभावकारिता र उपलब्धिलाई स्थिर मूल्याङ्कन प्रणालीमार्फत मापन गर्ने,

### ६.१.६ उपलब्धि तथा प्रमुख नतिजा

**उपलब्धि**

- शिक्षा क्षेत्रमा सुशासन र व्यवस्थापनको प्रभावकारी कार्यान्वयनले सिंजा गाउँपालिका जाजरकोटमा शैक्षिक गुणस्तरमा सुधार ल्याएको छ, जसका कारण शिक्षकहरूको क्षमता र विद्यालय प्रशासनमा सुधार भएको हुने छ ।
- विद्यालयहरूको भौतिक संरचनामा सुधार, स्रोतको प्रभावकारी प्रयोग र सूचना प्रविधिको समावेशीकरणले शिक्षाको वातावरणलाई थप प्रभावकारी बनाउने छ ।
- समुदाय र अभिभावकहरूको सक्रीय सहभागिता, लैङ्गिक समानता र समावेशी शिक्षाको प्रवर्धनले सबै वर्गका विद्यार्थीहरूको शैक्षिक परिणाममा सकारात्मक सुधार ल्याएको हुनेछ

नतिजा तथा परिमाणात्मक लक्ष्य

| **प्रमुख नतिजा** | **आधारवर्ष** | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|

| | २०८१/२०८२ | | | | |
|---|---|---|---|---|---|
| शिक्षकहरूको क्षमता र दक्षतामा सुधारकोलागि शिक्षकहरूको सहभागीता ( प्रतिशतमा ) । | २२ | २२ | २२ | २२ | २२ |
| प्रत्येक शैक्षिक वर्षमा १००० विद्यार्थीहरूको परीक्षा परिणाममा २० प्रतिशत सुधारका लागि शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्ने | ० | १ | १ | १ | १ |
| वार्षिक प्रशासनिक मूल्याङ्कन र पृष्ठपोषण प्रक्रिया लागू गर्ने विदायलयहरू | ० | १० | २२ | २२ | २२ |
| विद्यालयमा ५० प्रतिशत महिला विद्यार्थीको उपस्थिति; १० प्रतिशत अल्पसङ्ख्यक र दलित समुदायका विद्यार्थीहरूको सहभागिताका लागि विशेष शैक्षिक योजना कार्यान्वयन गर्ने विद्यालय | ० | १० | १५ | २० | २२ |
| वार्षिक ४ अभिभावक बैठक आयोजना गर्ने; समुदायको ६० प्रतिशत सक्रीय सहभागिता सुनिश्चित गरेका विद्यालय | ० | २२ | २२ | २२ | २२ |
| विद्यालय प्रशासन र शिक्षण प्रक्रियामा दक्षता र कार्यप्रवाहको सुधारका लागि डिजिटल शिक्षा प्रणालीको प्रयोग गर्ने १०० प्रतिशत शिक्षकहरूको तालिम; ८० प्रतिशत विद्यालयमा ई-लर्निङ सामग्रीको समावेश गरेका विद्यालयहरू | ० | १० | २० | २२ | २२ |
| विद्यालयको ९० प्रतिशत बजेट शिक्षा र शैक्षिक स्रोतको सही उपयोगमा खर्च गर्ने र प्रत्येक विद्यालयमा ८५ प्रतिशत | ० | १० | २२ | २२ | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षण सामग्रीको उपयोग गरेका विद्यालयहरू | | | | | |
| दीर्घकालीन शिक्षा सुधारका लागि १०० प्रतिशत वार्षिक कार्य योजना लागू गरेका विद्यालयहरू | २२ | २२ | २२ | २२ | २२ |

६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| **क्र.स** | **प्रमुख क्रियाकलापहरू** | **एकाइ** | **लक्ष्य** | **परिमाणात्मक लक्ष्य ५ वर्ष** | | | | | | **भौतिक लक्ष्य १० वर्ष** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | **जम्मा** | |
| १ | प्रत्येक शिक्षकको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षकहरूको कार्यप्रदर्शनको मूल्याङ्कन प्रणाली लागू गरी प्रत्येक शिक्षकको बार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | विद्यालयका शिक्षण विधिहरूलाई प्रविधि र नया शैक्षिक अभ्याससँग समायोजन गर्न तालिम दिनु | विद्यालय | २२ | ० | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ४ | प्रत्येक विद्यालयमा मासिक रूपमा अभ्यास परीक्षा सञ्चालन र परिमाणामा विद्यार्थीहरूलाई नियमित पृष्ठपोषण प्रदान गर्नु, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.स | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ५ | विद्यालयको प्रशासनिक कार्यहरूमा वार्षिक मूल्याङ्कन प्रणाली लागू गरी प्रतिवेदन सार्वजनिक गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | प्रत्येक विद्यालयमा पारदर्शिता सुनिश्चित गर्न अनलाईन शैक्षिक नतिजा र गतिविधिहरूको सार्वजनिक रिपोर्टिङ गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालय व्यवस्थापन र प्रशासनिक कामकाजी प्रक्रियामा सूचना प्रविधिको समावेश गरी प्रत्येक विद्यालयमा कर्मचारीहरूको कार्य समीक्षा र मूल्याङ्कन प्रणाली बनाइ कार्यान्वयन गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.स | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ८ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विशेष कार्यक्रमहरू सञ्चालन गरेर महिला र अल्पसङ्ख्यक वर्गका विद्यार्थीहरूको लागि समान अवसर सुनिश्चित गर्न मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने, | विद्यालय | २२ | १० | २२ | २२ | २२ | २२ | २२ | २२ |
| १० | विद्यालयमा विशेष कार्यक्रम र क्रियाकालापहरू आयोजना गरेर प्रत्येक वर्गको समावेशीकरण सुनिश्चितता गर्न विद्यालयमा समुदायका प्रमुख सदस्यहरूको सहभागितामा विद्यालय समितिहरूको गठन गर्ने, | विद्यालय | २२ | ० | २२ | २२ | २२ | २२ | २२ | २२ |

| क्र.स | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ११ | विद्यालयमा अभिभावकहरूको सहभागिता बढाउन समुदायमा सचेतनामूलक अभियान सञ्चालन गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | १ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | अभिभावक र समुदायको साथमा विद्यालयका शैक्षिक सुधारका योजना तर्जुमा तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | विद्यालयमा डिजिटल शिक्षा सामग्री र अनलाईन पाठ्यक्रमको प्रयोगमा क्षमता विकास गरी प्रत्येक विद्यालयमा ८० प्रतिशत शिक्षकलाई डिजिटल शिक्षण विधिमा प्रशिक्षीत गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | १ | निरन्तर |
| १४ | विद्यालयका कर्मचारीलाई सूचना प्रविधिको उपयोगमा तालिम दिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.स | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| | र अनलाईन शिक्षा व्यवस्थापन प्रणाली/ मापदण्डको निर्माण गर्ने | | | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध एक सुनियोजित र सँगठित प्रक्रिया हो जसले शिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रक्रिया र संरचनालाई परिभाषित गर्दछ । यस अवधारणामा स्थानीय तह (जस्तै नगरपालिका वा गाउँपालिका) को शिक्षा नीति, उद्देश्य, र योजनाहरूलाई वास्तविक रूपाम कार्यान्वयन गर्नका लागि ठीक ढङ्गले समन्वय गरी सुनिश्चित गरिन्छ । स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धको अवधारणा स्थानीय तहको शैक्षिक सुधारको सफलताका लागि एक निर्णायक उपकरण हो, जसले स्थानीय स्तरमा शिक्षा प्रणालीलाई दिगो र गुणस्तरीय बनाउने उद्देश्य राख्दछ । यो प्रक्रियाले स्थानीय तहका नेतृत्व, विद्यालय प्रशासन, शिक्षक र समुदायलाई एक साथ मिलाएर शिक्षा सुधारका योजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्ने दिशामा मार्गदर्शन गर्दछ । यो योजना र प्रबन्ध कार्यान्वयनले शिक्षा व्यवस्थामा सुधार ल्याउन, स्रोतको प्रभावकारी प्रयोग र शैक्षिक स्तरमा समग्र प्रगति सुनिश्चित गर्ने कार्य गर्दछ ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको उद्देश्य भनेको स्थानीय स्तरमा शिक्षा सुधारलाई सुनिश्चित गर्दै सबै विद्यार्थीलाई गुणस्तरीय र समावेशी शिक्षा प्रदान गर्नु, हो साथै  विद्यालय स्तरमा शैक्षिक गुणस्तर सुधार गर्न तालिम र संसाधनहरू वितरण गर्ने, सबै वर्गका विद्यार्थीलाई समान अवसर र शिक्षा सुनिश्चित गर्ने र  विद्यालय प्रशासन र शिक्षण विधिहरूको गुणस्तरीय सुधारका लागि

आवश्यक व्यवस्थापन गर्दै शिक्षा प्रक्रियामा समुदाय र अभिभावकको समावेशी भूमिका सुनिश्चित गर्नु, हो । विद्यालय र शैक्षिक गतिविधिहरूको नियमित मूल्याङ्कन गर्दै, स्थानीय शिक्षा योजनाको प्रभावकारिता मापन गर्ने भएमा यसले पूर्णता प्राप्त गर्दछ ।

### ६.२.२ वर्तमान अवस्था

सिंजा गाउँपालिका, जुम्लाको शिक्षा क्षेत्रको वर्तमान अवस्था सुधार र विकासको प्रक्रियामा छ, तर यस क्षेत्रको कार्यान्वयनमा केही चुनौतीहरू र सुधारका अवसरहरू पनि छन् । गाउँपालिका, जुम्लाले शिक्षा क्षेत्रमा सुधारका लागि सङ्कल्प गरेपछि, यसको कार्यान्वयनमा कडा निर्णय र सहकार्य आवश्यक छ । नेपालको शिक्षा प्रणालीमा नया रणनीतिहरू लागू गरिएका छन्, जस्तै समावेशी शिक्षा, डिजिटल शिक्षण र पाठ्यक्रम सुधार। यसले सिंजा गाउँपालिका स्तरमा शिक्षा क्षेत्रको नेतृत्व गर्ने प्रमुख व्यक्तिहरू, जनप्रतिनिधिहरू, र अन्य सरोकारवाला पक्षहरूले योजना बद्ध र दीर्घकालिक सुधारका लागि योगदान पुर्याउने अवसर रहेको छ भने यस गाउँपालिका स्थित शिक्षा प्रणालीमा सुधारको आवश्यकता रहेको छ, र योजनाबद्ध रूपमा कार्यान्वयन गर्नका लागि केही प्रमुख पक्षहरू छन् । गाउँपालिका शिक्षा क्षेत्रका योजनाहरूको प्रभावकारी कार्यान्वयनमा स्रोत र बजेटको कमी एक प्रमुख चुनौती हो । शैक्षिक योजनाहरूको कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोतहरूको अभावले विद्यालयहरूको पूर्वाधारमा सुधार र शिक्षक तालिममा लगानीमा कठिनाइ आएको छ । शिक्षकहरूको प्रशिक्षण र क्षमता विकासका लागि पर्याप्त र नियमित तालिमको अभाव छ । यसले शिक्षण गुणस्तरमा कमी ल्याउँछ र विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रतिकूल प्रभाव पार्दछ । विद्यालयका भवनहरू र अन्य शैक्षिक सामग्रीहरूको अभावले विद्यार्थीहरूको शिक्षामा असर पारेको छ । प्राविधिक र डिजिटल उपकरणहरूको प्रयोगमा पनि कमी छ, जसले शिक्षण प्रक्रियामा रचनात्मकता र द्रुत विकासमा अवरोध पुर्याउँछ । शिक्षा व्यवस्थामा समुदाय र अभिभावकको सक्रीय सहभागिता अपेक्षाकृत कम छ । यसले विद्यालय व्यवस्थापन र शिक्षामा आवश्यक सुधारका लागि स्थानीय स्तरमा सहयोगको कमी निम्त्याउँछ । विद्यालयहरूको कार्यान्वयन र शिक्षकहरूको मूल्याङ्कनको प्रभावकारी प्रक्रिया छैन, जसले

कार्यसम्पादन सुधार र परिणामको मूल्याङ्कनमा कमी ल्याउँछ । यतिधेरै समस्यार चुनौति हुँदाहुँदै पनि केहि अवसरहरू रहेका छन् । अभिभावक र समुदायको सक्रीय सहभागिता बढाएर, विद्यालय व्यवस्थापन र शिक्षा क्षेत्रको सुधारमा अधिकतम सहयोग जुटाउन सकिन्छ । स्थानीय समुदायका साझा निर्णय प्रक्रियामा समावेश गर्नाले, योजना कार्यान्वयनमा प्रगति ल्याउन मद्दत पुर्याउन सक्छ । शिक्षककहरूको तालिमको दायरा र गुणस्तर बढाएर, तिनीहरूको शैक्षिक सुधारमा महत्त्वपूर्ण भूमिका थप्न सकिन्छ। साथै, शिक्षकलाई नया शैक्षिक विधिहरू र डिजिटल शिक्षण उपकरणहरूको प्रयोगमा प्रशिक्षित गर्नु, आवश्यक छ । विद्यालयका भवनहरूको मर्मत, खेलकुद क्षेत्रको निर्माण, पुस्तकालय र विज्ञान प्रयोगशालाको सुदृढीकरण, र डिजिटल उपकरणहरूको स्थापना गर्नाले शैक्षिक वातावरण सुधार गर्न सकिन्छ सिंजा गाउँपालिकामा शिक्षा योजनाको कार्यान्वयनमा केही चुनौतीहरू रहेका छन्, तर यसमा सुधारका अपार अवसरहरू पनि छन् । यदि सही योजनाबद्ध प्रक्रिया, बजेट व्यवस्थापन, शिक्षक क्षमता विकास, र समुदायको सक्रीय सहभागिता सुनिश्चित गर्न सकिन्छ भने, भविष्यमा स्थानीय शिक्षा व्यवस्थामा सकारात्मक परिवर्तन ल्याउन सम्भव छ । विगतमा तर्जुमा गरिएका शिक्षा नीतिको कार्यान्वयन पक्ष कम्जोर हुँदा औपचारिकता लागी मात्र तर्जुमा भएको देखिन्छ । तसर्थ यस सिंजा गाउँपालिकाको शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आँकलन गरी योजना बनाइएको हुँदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने आधारमात्रको रूपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ट परिवेश, सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरूपको रणनीति र कार्यनीति तयार गरिएको हुँदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनेछ । विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरूले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागीएको हो । यस योजनासाँग सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठन गरिनेछ । उक्त समितीको सदस्य सचिवमा पालिकाको शिक्षा-

शाखाप्रमुखलाई तोकिने छ । साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरूपमा यही समितिले गर्नेछ । यो समितीको कार्य निम्न बमोजिम हुनेछ ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने,
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरूप बार्षिक रूपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य सङ्घ संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू-बिच समन्वय गर्नेगराउने,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमको अनगुमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकार्यहरूबिच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धी अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

६.२.२ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु,,
- यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागि आवश्यक सहजीकरण गर्नु,

- शिक्षा क्षेत्र योजनाका उपक्षेत्र अन्तरगत तर्जुमा गरिएका-कार्यक्रमको कार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु,
- बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धी गर्न पालिकाको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
- बार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्दतिलाई दिशानिर्देशन गर्नु,,

६.२.३ रणनीतिहरू

- नीति तर्जुमा आधारित अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने,
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत सङ्लग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्ने,

- विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रध्यानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागुगर्ने,
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने।
- समुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारूहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने,

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुने छ ।

**उपलब्धि तथा प्रमुख नतिजा**

| **क्र.सं.** | **प्रमुख नतिजा** | **आधारवर्ष २०८१/२०८२** | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षकहरूको क्षमता विकास भएसँगै शिक्षा प्रक्रियामा गुणस्तरीय सुधार | १ | १ | १ | १ | १ |

| क्र.सं. | प्रमुख नतिजा | आधारवर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| | हुनेछ जसले गर्दा विद्यार्थीहरूको परीक्षा परिणाममा १०-१५ प्रतिशत सुधार भएको हुने छ । | | | | | |
| २ | शिक्षा क्षेत्रमा समानता र सामाजिक समावेशीता सुनिश्चित भइ विशेष आवश्यकता भएका विद्यार्थीहरूको सङ्ख्या र समान अवसरको लाभ उठाउने विद्यार्थीहरूको प्रतिशतमा १०-१५ प्रतिशत वृद्धि भएको हुने छ । | १ | १ | १ | १ | १ |
| ३ | विद्यालय प्रशासनको सुधारले शिक्षा क्षेत्रको व्यवस्थापनलाई प्रभावकारी बनाउनेछ जसले गर्दा शिक्षकहरूको वार्षिक तालिममा ९० प्रतिशत सहभागिता, विद्यालय व्यवस्थापनको कार्यसम्पादनमा ८० प्रतिशत सुधार भएको हुनेछ । | १ | १ | १ | १ | १ |
| ४ | विद्यालय भवनहरूको मर्मत र सुधार, विज्ञान प्रयोगशालाहरू, पुस्तकालय, र खेलकुद | १ | १ | १ | १ | १ |

| क्र.सं. | प्रमुख नतिजा | आधारवर्ष २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|
| | क्षेत्रको स्थापना र सुधारले प्रत्येक विद्यालयमा १-२ नया शैक्षिक सुविधाको स्थापना, विद्यालयहरूको भौतिक पूर्वाधारमा ५०-६० प्रतिशत सुधार भएको हुनेछ | | | | | |
| ५ | विद्यालयमा समुदाय र अभिभावकहरूको शिक्षा प्रक्रियामा सक्रियता बढेका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |
| ६ | शैक्षिक निर्णयमा पारदर्शिता र सरकारी निकायमा उत्तरदायित्व बढेका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |
| ७ | प्रत्येक विद्यालय र शिक्षकहरूको नियमित मूल्याङ्कन र निगरानीले कार्यसम्पादन सुधार भएका र शिक्षा व्यवस्थामा पारदर्शिता ल्याएका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ |
| ८ | विद्यालय शिक्षकहरूको क्षमता विकास भएसँगै शिक्षा प्रक्रियामा गुणस्तरीय सुधार हुनेछ जसले गर्दा विद्यार्थीहरूको परीक्षा | १ | १ | १ | १ | १ |

| क्र.सं. | प्रमुख नतिजा | आधारवर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ |
|---|---|---|---|---|---|---|
| | परिणाममा १०-१५ प्रतिशत सुधार भएको हुने छ । | | | | | |
| ९ | नमूना विद्यालयको विकास, प्रधानाध्यापकको छुट्टै दरबन्दी व्यवस्था,शिक्षक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालय, दूर शिक्षा कार्यक्रम, स्वयमसेवक परिचालन जस्ता कार्यक्रमहरू सञ्चालन | १ | १ | १ | १ | १ |
| १० | अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ |
| ११ | सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्वस्थापन तथा विद्यालयको आय व्ययको वित्तीय अनुशासन कायम राख्नका लागि निरन्तर अनुगमन, सुपरीवेक्षण एवम् नियमन निरन्तर रूपमा गर्नु, | १ | १ | १ | १ | १ |

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| **क्र. सं.** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **लक्ष्य** | **परिमाणात्मक लक्ष्य ५ वर्षमा** | | | | | **जम्मा** | **भौतिक लक्ष्य १० वर्ष** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२ /२०८३ | २०८/ २०८४ | २०८/ २०८५ | २०८/ २०८६ | | |
| १ | शिक्षा सम्बन्धी नीति कानुन, निर्देशिका, कार्यविधि , मापदण्ड, निर्देशिका तथा कार्यविधि, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन् | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | निर्दिष्ट सूचकहरू तयार गरी आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाई पुरस्कृत गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२ /२०८३ | २०८/ २०८४ | २०८/ २०८५ | २०८/ २०८६ | | |
| ३ | पुराना शिक्षकलाई नया पाठ्यक्रम अनुरूप समायोजन गराउन तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| ४ | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावकसँगको सहकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई कार्यान्वयनमा सहजीकरण भएको हुनेछ | ओटा | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | निरन्तर |
| ५ | सामुदायिक र निजी विद्यालयमा देखिएको लैङ्गिक असमानता कम गर्न स्थानीय सरकारले | भेला | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२ /२०८३ | २०८/ २०८४ | २०८/ २०८५ | २०८/ २०८६ | | |
| | जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, | | | | | | | | | |
| ६ | उपलब्ध शिक्षा क्षत्रेगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | लगानीको लागी स्थानीय गैससहरूसँग साझेदारी तथा समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ८ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ९ | सम्बद्ध सबै संस्थाहरूको लागी सामाजीक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | अभिभावक तथा सरोकारवालाहरूसँग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२ /२०८३ | २०८/ २०८४ | २०८/ २०८५ | २०८/ २०८६ | | |
| | अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना | | | | | | | | | |
| ११ | समुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारूहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सीप विकासका कार्यक्रम हरू सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १२ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास | विद्यालय | २२ | १० | २२ | २२ | २२ | २२ | २२ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२ /२०८३ | २०८/ २०८४ | २०८/ २०८५ | २०८/ २०८६ | | |
| १३ | घोक्ने भन्दा सोच्ने, शिक्षण भन्दा सिकाइ, पाठ्यपुस्तक भन्दा सन्दर्भ सामग्री, एकल भन्दा सामुहिक, कक्षाकोठा भन्दा कक्षा बाहिर, विचारलाई स्विकार गर्ने भन्दा आलोचना गर्ने, लेक्चर भन्दा छलफल जस्ता अभ्यासका क्रियाकलाप सञ्चालन गर्ने | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | निरन्तर |
| १४ | विद्यालयको पारदर्शिता र सूचना प्रणालीलाई प्रभावकारी बनाउन परमपरागत अभ्यासलाई कार्यान्वयन गर्ने जस्तै; कटुवाल प्रथा, चोहो प्रणाली (तामाङ्ग), रोधि आदी | विद्यालय | २२ | ५ | १० | १५ | २२ | २२ | २२ | निरन्तर |

# परिच्छेद- - ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

बालबालिकालाई भविष्यको कर्णधार भन्ने गरिन्छ । अहिलेका बालबालिकामा गरिएको लगानीले हाम्रो भावी समाजको विकासको परिकल्पना गर्न सकिन्छ । समुन्नत राष्ट्र उन्नत समाज निर्माणका लागि हरेक देशका सरकारहरू, समुदाय, अभिभावकहरूले बालबालिकाको शिक्षाको क्षेत्रमा लगानी गर्ने गरेका हुन्छन् ।  गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षाको क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्न आवश्यक हुन्छ । बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति समाज र राष्ट्रको दीर्घकालीन विकासका साथै दीर्घकालीन सोचलाई पूरा गर्न मद्दत गर्दछ । नेपालको संविधान २०७२ ले मौलिक हकको रूपमा स्थापित गरेको छ । उक्त मौलिक हकको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ जारी गरेको र उक्त ऐनको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ स्वीकृत गरेको अवस्थामा विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु, हरेक सरकारको दायित्व रहन्छ । यसका लागि आवश्यक स्रोतहरूको खोजी, क्रियाकलापहरूको प्राथमिकीकरण, उपलब्ध स्रोतहरूको उचित विनियोजन तथा प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन जस्ता कुराहरूको व्यवस्थापन गर्नु, पर्दछ । विद्यालय शिक्षा सञ्चालनका लागि संविधानमा भएको व्यवस्था बमोजिम हरेक स्थानीय तहहरूले शिक्षाका साझा सूचीमा भएका विषयहरूको कार्यान्वयनका सन्दर्भमा हरेक स्थानीय तहहरूको मुख्य जिम्मेवारी रहेको भएता पनि शिक्षाका लागि वित्तीय व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रका साझेदार निकायहरू संयुक्त लगानी आवश्यक हुन्छ । सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेसंगै सङ्घीय सरकार तथा  प्रदेश सरकारले  ससर्त अनुदान, समपुरक अनुदान तथा वित्तीय समानीकरण अनुदानका रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्दै आएका छन । त्यसरी हस्तान्तरण भई आएका अनुदानहरूलाई स्थानीय तहले शिक्षक कर्मचारी व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, निःशुल्क छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन तथा

सञ्चालन तथा शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा खर्च गर्ने गरेका छन् । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ ओटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरिक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नु,पर्नेछ । वित्तीय व्यवस्थापन अन्तर्गत दुईओटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नु,पर्नेछ ।

## ७.२ वर्तमान अवस्था

शिक्षालाई विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कूल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्न सिफारिस गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले निरन्तरता पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नु,पर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ । विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कूल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ । ससर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशतभन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी

सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त यस पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ३३६८४ हजार रहेको छ ।

गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहेका छन् भने अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहेको छ । यस योजनाको कार्यान्वयनका लागि श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क.सं. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | | | |
| २ | प्रदेश सरकार | | | |
| ३ | स्थानीय सरकार | | | |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |
| | जम्मा | | | |

## ७.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने

## ७.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु, ।

## ७.५ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- वार्षिक रूपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवरोधअवरोध गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई  वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।
-

**प्रमुख नतिजाः**

- विद्यालय शिक्षाका कार्यक्रमहरूको कार्यान्वयनका लागि उपलब्ध हुने स्रोतको अनुमान र विश्लेषण हुने,
- विभिन्न स्रोत र निकायबाट प्राप्त बजेटको प्राथमिकताक्रम निर्धारण गरिएका क्षेत्रमा लगानी हुने,
- लगानी भएको बजेटका आधारमा विद्यालय शिक्षाको गुणस्तर सुधार भएको हुने,

- शिक्षा क्षेत्रमा कूल बजेटको २० प्रतिशत रकम विनियोजन भएको हुने,
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने,
- विभिन्न साझेदार निकायहरूसँग साझेदारी गरिएको हुने,

**७.८ प्रमुख क्रियाकलाप र लक्ष्यः**

सिंजा गाउँपालिकाको शिक्षा योजनाको कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेटलाई शिक्षाका उपक्षेत्रगत रुपमा देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छः

शिक्षाका उप-क्षेत्रहरुका क्रियाकलापहरु सञ्चालनका लागि योजना अवधिको लागत र श्रोत आँकलन तालिका

| क्र.सं. | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजनाको पाँच वर्षको कुल लागत | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| क) | **प्रारम्भिक बालविकास र शिक्षा** | ३८०३९२६४ | ७१९६००० | ७४४७८६० | ७७०८५३५ | ७९७८३३४ | ७७०८५३५ |
| | ELDS Report Card को प्रयोग | | ३३० | ३६३ | ३९९ | ४३९ | ४८० |
| | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | | २५० | २७५ | ३०३ | ३३३ | ३६६ |
| | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | | १५० | १६५ | १८२ | २०० | २२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा कोठा व्यवस्थापन | | ७०० | ७७० | ८४७ | ९३२ | १०२५ |
| | बहुभाषिक कक्षा सञ्चालन | | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा भत्ता | | ७१९४२७० | ७४४५९८७ | ७७०६५०४ | ७९७६१३० | ७७०६१४४ |
| **ख)** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | **२९१४८७५५८** | **५४३५७०००** | **५६२५९४९५** | **५८२२८५७७** | **६०२६६५७८** | **६२३७५९०८** |
| | कक्षा कोठा व्यवस्थापन | ३८९५१ | ६३८० | ७०१८ | ७७२० | ८४९२ | ९३४१ |
| | | ९१५८ | १५०० | १६५० | १८१५ | १९९७ | २१९६ |
| | घुम्ती शिक्षक बैठक | ३०० | ४० | ५० | ६० | ७० | ८० |
| | शिक्षण सिकाई आपुरण (कक्षा १-८) | ३४६२ | ५६७ | ६२४ | ६८६ | ७५५ | ८३० |
| | विद्यालयमा खानेपानी तथा सरसफाई | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | बहुभाषिक कक्षा सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | आधारभूत तहका शिक्षकको पारिश्रमिक तथा भत्ता | २९१४३३१८७ | ५४३४८०१३ | ५६२४९६५३ | ५८२१७७९६ | ६०२५४७६४ | ६२३६२९६१ |
| **ग)** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | **११०१४५०४९** | **२०५४००००** | **२१२५८९००** | **२२००२९६२** | **२२७७३०६५** | **२३५७०१२२** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा कोठा व्यवस्थापन | ४८८४ | ८०० | ८८० | ९६८ | १०६५ | ११७१ |
| | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ९७७ | १६० | १७६ | १९४ | २१३ | २३४ |
| | घुम्ती शिक्षक बैठक | १२२ | २० | २२ | २४ | २७ | २९ |
| | शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | ६२२७ | १०२० | ११२२ | १२३४ | १३५८ | १४९३ |
| | विद्यालयमा खानेपानी तथा सरसफाई | २४४२ | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ |
| | माध्यामिक तहका शिक्षकको पारिश्रमिक तथा भत्ता | ११०१३०३९७ | २०५३७६०० | २१२५६२६० | २२०००५८ | २२७६९८७० | २३५६६६०९ |
| **घ)** | **पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन** | **१४८०५७१९** | **२४६००००** | **२७०६०००** | **२९७६६००** | **३२७४२६०** | **३३८८८५९** |
| **ङ)** | **शिक्षक व्यवस्थापन र विकास** | **२४०७८६३०४** | **०** | **५७१२६८२५** | **५९१२६२६४** | **६११९५६८३** | **६३३३७५३२** |
| **च)** | **अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ** | **१४२७६७४** | **२५००००** | **२५८७५०** | **२८३७५०** | **३१२१२५** | **३२३०४९** |
| | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी क्रियाकलाप सञ्चालन | | २४७३०५ | २५५४०५ | २८००९८ | ३०८२६६ | ३१८९७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | ९१५ | १५० | १६५ | १८५ | २०० | २१५ |
| | सामुदायिक सिकाई केन्द्र सञ्चालन | ६६०० | ९०० | १२०० | १४०० | १५०० | १६०० |
| | रूपान्तरण कक्षा संचालन | २१०६ | ३४५ | ३८० | ४१७ | ४५९ | ५०५ |
| | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | १५०० | | ३०० | ३५० | ४०० | ४५० |
| | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| | किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | २५० | ५० | ५० | ५० | ५० | ५० |
| **छ)** | **प्राविधिक तथा व्यवसायिक शिक्षा** | ८४२६०१९ | १४००००० | १५४०००० | १६९४००० | १८६३४०० | १९२८६१९ |
| **ज)** | **शैक्षिक समता तथा समावेशीकरण** | १५०१४९०४ | २८००००० | २८९८००० | २९९९४३० | ३१०४४१० | ३२१३०६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिभावक क्षिक्षा | ९१६ | १५० | १६५ | १८२ | २०० | २२० |
| | अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| | SATC सवलीकरण | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| | मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० |
| | छात्रवृत्ति तथा प्रोत्साहन | १५०१४९०४ | २७९९२५० | २८९७२२५ | २९९८६२७ | ३१०३५७७ | ३२१०२५६ |
| **झ)** | **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | **५१२९१९८६** | **९५६५०००** | **९८९९७७५** | **१०२४६२६७** | **१०६०४८८६** | **१०९७६०५८** |
| **ञ)** | **आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | **७१६२२६२** | **१२५७०००** | **१२९७२००** | **१४२२९००** | **१५६५१९०** | **१६१९९७२** |
| | विपतका समयमा सिकाइ निरन्तरताकालागि सिकाइ आपूरण द्रुत सिकइ योजना संचालन | **७१५८८१२** | **१२५६४००** | **१२९६७५०** | **१४२२४५०** | **१५६४७४०** | **१६१८४७२** |
| | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | १६०० | २०० | २०० | २०० | २०० | ८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एवम् अद्यावधिक | ६५० | २५० | १०० | १०० | १०० | १०० |
| | जलवायु परिवर्तन अनुकुलन सहयोग | १२०० | १५० | १५० | १५० | १५० | ६०० |
| **ट)** | **विद्यालय भौतिक पूर्वाधार विकास** | **२८६५९४५०** | **५००००००** | **५२०००००** | **५७०००००** | **६२७००००** | **६४८९४५०** |
| | निर्माण कार्य | २६१५९४५० | ४७००००० | ४८००००० | ५२००००० | ५६७०००० | ५७८९४५० |
| | फर्निचर, उपकरण तथा जडान सामग्री | २५००००० | ३००००० | ४००००० | ५००००० | ६००००० | ७००००० |
| **ठ)** | **शिक्षामा सूचना प्रविधि** | **५४५८४२४** | **९६६०००** | **९८६१००** | **१०८२७००** | **११९०९७०** | **१२३२६५४** |
| ड) | संस्थागत संरचना र क्षमता विकास | **२१७५०७७५** | **३८२६११०** | **३९३८५५०** | **४३१९५००** | **४७५०१७२** | **४९१६४४३** |
| ढ) | स्थानीय शिक्षा योजना कार्यान्वयन | ११९०९ | ९४५ | १५७५ | २५०० | ३३८९ | ३५०० |
| ण) | अनुगमन तथा मूल्याङ्कन | ११९०९ | ९४५ | १५७५ | २५०० | ३३८९ | ३५०० |
| | **कुल जम्मा** | **८४९२८४९२६** | **११२०७९०००** | **१७३५२६६०५** | **१८०७७३०८५** | **१८८४३०१११** | **१९४४७६१२५** |

## ७.९ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया

सिंजा गाउँपालिकाले बार्षिक रूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिम नै शिक्षा क्षेत्रको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अवरोध गर्नेछ । यसका लागि सङ्घ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरू तय गरी अन्य सरोकारवालाहरूसँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम बार्षिक योजनामा रहेका क्रियाकलापहरूलाई समावेश गर्दै कार्यान्वयन गिरनेछ ।

## ७.१० योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गरिनेछ । यसका लागि बार्षिक रूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यान्वयन गर्ने र बजेटको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

# परिच्छेद- ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरू अवस्था सँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरूवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङ्कन को एउटा पद्धतिको रूपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङ्कनको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो । अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रूपमा भए? त्यसको लक्षित प्रतिफल योजना अनुरूप ठीकसँग भइरहेका छन् वा छैनन? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाह तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु, हो । विद्यालयमा पठनपाठनको अवस्था, नियमित मुल्याङ्कन, अनुगमन, आवश्यकताअनुसारको अध्ययन अध्यापनमा ध्यान दिने हो भने सामुदायिक विद्यालय सुधार हुन धेरै समय लाग्दैन् ।

निश्चित समयभन्दा पनि समयसिमाभित्र आ-आफ्ना जिम्मेवारीहरू इमान्दार र उत्कृष्ट ढङ्गले पुरा गर्न सक्यौं भने धेरै सुधार हुन्छ । पढाउने शिक्षकले पढाइदिदा, विद्यालय प्रशासन सम्हाल्नेले प्रशासनलाई चुस्त दुरूस्त राख्ने, नया योजना र कार्यक्रमलाई प्रभावकारी बनाएर अगाडी बढाउने, सामुहिकतामा विश्वास गरेर व्यक्तिगत प्रदर्शनलाई ध्यान दिनु अहिलेको मुख्य आवश्यकता हो ।

## ८.२ वर्तमान अवस्था

विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुईओटा प्रयोजनका लागि गरिन्छ । पहिलो थप सिकाइका लागि सिकारूको स्थिति पहिचान गरी उपचारात्मक सेवा प्रदान गर्न र दोस्रो सिकारूले सिकेका कुराहरूको आधारमा स्तरीकरण गरी उसको बारेमा निर्णय गर्न एवम् प्रमाणपत्र प्रदान गर्न, निरन्तर मूल्याङ्कन पनि निर्माणात्मक मूल्याङ्कन कै एक रूप हो । यो सिकाइका लागि मूल्याङ्कन हो । विद्यार्थीहरू सिकाइएकै बेला के कति सिके भनेर लेखाजोखा गरी आगामी दिनमा के कस्तो उपायहरू अवरोध गरी थप सिकाइका लागि सहजीकरण गर्ने भन्ने कुरामा निरन्तर मूल्याङ्कन प्रणाली केन्द्रित हुने हुनाले उपचारात्मक शिक्षणका लागि सिकारूको अवस्था पहिचान गर्न तथा सिकेको कुराको तत्काल लेखाजोखा गर्न नै निरन्तर मूल्याङ्कन प्रणाली अवरोधअवरोध गरिएको हो । निरन्तर मूल्याङ्कनलाई उदार कक्षोन्नतिसँग गाँसेर ल्याइनु, जटिल प्रकृतिका साधनहरूको प्रयोग गर्नु,पर्ने हुनु, सरोकार वालाबाट अवरोध खडा हुनु, शिक्षण सिकाइ क्रियाकलापको सुधारको कुरै नगरी मूल्याङ्कन प्रणालीमा मात्र एकांकी ढङ्गले सुधार गर्न खोजिनु, पाठ्यक्रम कार्यान्वयनमा फित्तलोपना रहनु, अनुगमन तथा सुपरिवेक्षण प्रणाली कमजोर हुनु जस्ता कारणहरूले निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा अपेक्षित सफलता प्राप्त हुन नसकेको देखिन्छ । निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनका लागि समष्टिगत दृष्टिकोणबाट निर्देशित भई अघि बढ्नुपर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा सुधार गरी निरन्तर मूल्याङ्कनका मापदण्डमैत्री बनाइनुपर्छ। शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तनपछि मात्र

मापदण्ड अनुसार निरन्तर मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । नत्र भने विद्यार्थीलाई परियोजना कार्य नगराउने तर परियोजना कार्यकै मूल्याङ्कन गर्ने किर्ते मूल्याङ्कनलाई विस्थापन गर्न सकिने सम्भावना देखिँदैन । सरोकारवालाहरूमा भएको भ्रम निवारण गरी परीक्षा लिनै नपाइने होइन बरू बराबर परीक्षा एवम् अवलोकनबाट वास्तविक सिकाइको लेखाजोखा गरी थप उपचारात्मक कार्यशैलीका माध्यमबाट विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्ने कुरामा स्पष्ट पार्नुपर्छ । शिक्षकहरू सकारात्मक सोच लिई यसको कार्यान्वयनबाट आफै लाई सजिलो हुने विश्वासका साथ दृढ संकल्पित भई लाग्नुपर्छ ।

यस सिंजा गाउँपालिकामा शिक्षा क्षेत्र प्रभावकारी, गुणस्तर कायम र समुदायिक विद्यालय अकर्षण वढाउनका लागि शिक्षा ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । पालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने गरेको छ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि पालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने गरेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिका वडाहरू, सम्वन्धित समिति तथा उप-समितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना, कार्यक्रम र विभिन्न क्रियाकलाप थप प्रभावकारी  बनाउन अनुगमन तथा मुल्यांकन समिति रहेको छ । यस पालिकाको शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ ।

तपशिल

| **सरोकारवाला निकाय** | **भूमिका** | **जिम्मेवारी** | **अनुगमन प्रक्रिया** | **अनुगमन समय** |
|---|---|---|---|---|
| पालिका शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्नु,<br>• मूल्याङ्कन प्रक्रिया र रिपोर्ट तयार गर्न निर्देशन दिनु | सबै विद्यालय तथा योजनाहरूको अनुगमन गर्ने | मासिक |
| वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्नु, | सबै योजनाका कार्यहरूको अनुगमन गर्ने | त्रैमासिक, वार्षिक, वा आवश्यकता अनुसार |

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
|---|---|---|---|---|
| पालिका शिक्षा शाखा | - योजनाको समग्र अनुगमन र मूल्याङ्कनको निर्देशन र समन्वय | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्ने<br>• मूल्याङ्कन प्रक्रिया र रिपोर्ट तयार गर्न निर्देशन दिने | • सबै योजनाका कार्यहरूको अनुगमन गर्ने<br>• प्रगति रिपोर्ट सङ्कलन र समीक्षा गर्ने | - त्रैमासिक, वार्षिक, वा आवश्यकता अनुसार |
| वडा अध्यक्ष | - वडास्तरीय अनुगमन र मूल्याङ्कनको समन्वय | • अनुगमन र मूल्याङ्कनको कार्यप्रवाहमा सहकार्य गर्नु,<br>• विद्यालय र शिक्षकसँग समन्वय गर्नु, | वडास्तरीय अनुगमनको समन्वय र निगरानी गर्नु, | - त्रैमासिक, आवश्यकता अनुसार |
| शिक्षक प्रतिनिधि | - शिक्षा प्रक्रियामा प्रत्यक्ष सङ्लग्न हुनु | • कक्षामा भएका शैक्षिक प्रक्रियाको मूल्याङ्कन गर्नु,<br>• विद्यार्थीको प्रगति र मूल्याङ्कनको डेटा सङ्कलन गर्नु, | कक्षामा सिकाइको मूल्याङ्कन र प्रतिवेदन तयार गर्नु, | - मासिक, आवश्यकता अनुसार |

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन समिति | विद्यालयको कार्यान्वयन निगरानी गर्नु, | • विद्यालय स्तरमा अनुगमन र मूल्याङ्कनको कार्यविधि सुनिश्चित गर्नु,<br>• शिक्षक र विद्यार्थीको प्रदर्शन मूल्याङ्कन गर्नु, | विद्यालय स्तरमा अनुगमन र व्यवस्थापनको मूल्याङ्कन गर्नु, | - त्रैमासिक, वार्षिक |
| समुदायका सदस्य | योजना कार्यान्वयनको स्थानीय स्तरमा सहभागिता | योजना र गतिविधिहरूको कार्यान्वयनमा सहभागिता जनाउनु<br>अनुगमन र मूल्याङ्कनमा स्थानीय दृष्टिकोण दिनु | - विद्यालयमा हुने गतिविधिहरूको अनुगमन र प्रतिवेदन तयार गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |
| अभिभावक समिति | - विद्यार्थीको प्रगति र शिक्षा प्रक्रियामा सरोकार | • विद्यार्थीहरूको शिक्षासम्बन्धी गतिविधि र प्रगतिको अनुगमन गर्नु,<br>• अभिभावकको समन्वय र सहयोग प्रदान गर्नु, | - अभिभावकका दृष्टिकोणबाट विद्यार्थीहरूको प्रगति मूल्याङ्कन गर्नु, | - त्रैमासिक, आवश्यकता अनुसार |
| शिक्षक (सामान्य) | - शिक्षण र मूल्याङ्कनको क्रियावलीमा प्रत्यक्ष सङ्लग्न | • विद्यार्थीहरूको मूल्याङ्कन रिपोर्ट तयार गर्नु, | - कक्षामा सिकाइको प्रगति अनुगमन गर्नु, | मासिक, आवश्यकता अनुसार |

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
| --- | --- | --- | --- | --- |
| | | • सिकाइको स्तर र कक्षाको कार्यान्वयन मापन गर्नु, | - मूल्याङ्कन रिपोर्ट तयार गर्नु, | |
| विद्यार्थी | - सिकाइ प्रक्रियामा सक्रीय सहभागी | • आफूले सिकेका कुरा मूल्याङ्कनको आधारमा प्रतिक्रिया दिनु<br>• योजनामा आधारित परियोजनामा सक्रीय रहनु | - व्यक्तिगत सिकाइको अनुगमन र प्रगति रिपोर्टमा सहभागिता जनाउनु | - निरन्तर, शिक्षा अवधिमा |
| सम्बन्धित सरकारी निकाय | - शिक्षा क्षेत्रको नीति र नियमहरूको निगरानी गर्नु, | • शिक्षा ऐन र नियमहरूको अनुपालन सुनिश्चित गर्नु,<br>• कार्यान्वयनको सहीताका लागि स्रोत र साधन उपलब्ध गराउनु | - शिक्षा ऐन र नियमहरूको निगरानी गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |
| मीडिया | - योजनाको प्रचार र प्रचार प्रसारमा सहयोग गर्नु, | • शिक्षा योजनाका कार्यान्वयनको प्रगति र परिणामको रिपोर्ट प्रस्तुत गर्नु,<br>• समुदायलाई योजना बारे जानकारी गराउनु | - शिक्षा योजनाको प्रचार र प्रगति रिपोर्ट तयार गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |

## ८.३ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम आवस्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु,,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका  विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा ,  सुधार गर्नु,,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अबश्यक व्यावस्था मिलाउनु,

## ८.३ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम आवस्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु,,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका  विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा ,  सुधार गर्नु,,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अबश्यक व्यावस्था मिलाउनु,
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु,

## ८.४ रणनीतिहरू

- व्यावस्थित बजेट विनियोजनका लागि अनुगमन ,मुल्यांकन र अनुसन्धान**बाट** प्राप्त नतिजाका अधारमा बितरण र कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवरोधअवरोध गरिने,
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग र अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने,
- योजनाका निर्माण देखि सञ्चालन प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने,
- व्यवस्थित र प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण सिकाइका र असल अभ्यास लाई अन्य विद्यालय वा कार्यक्षेत्रमा कार्यन्वयन गरिने,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने,
- अनुगमन का क्रममा उत्कृठ विद्यालय ,शिक्षक र कर्मचारी लाई प्रोत्सानका लागपि पुरस्कार र दण्ड प्रणालीको विकास गरिने,
-

## ८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि तथा नतिजा

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।
- अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धी हासिल हुने छ ।

- अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास र अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
- विद्यार्थीहरूको शैक्षिक उपलब्धी सुधार तथा समन्वय र सहजीकरणले कार्यले शिक्षकको क्षमतामा कुशलता ल्याउने,

## ८.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | सिंजा गा.पा ले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा | |
| ५ | विद्यार्थीको सिकाइ उपलव्धी परिक्षण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सीप परिक्षणका लागि कक्षाकोठामा आधारित पठन सीप परिक्षण (CB-EGRA) सञ्चालन गर्ने | पटक/ कक्षा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्न गर्ने , | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयहरूको सामाजिक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयहरूको लेखा परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | २० | ० | ५ | ५ | ५ | ५ | २० | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| ११ | विज्ञ समूह ,विद्यालय निरक्षक तथा शिक्षक सिकाइ समूह मार्फत / शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | त्रैमासिक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा | |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |

**सन्दर्भ सामग्रीहरू**


१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. सोह्रौं आवधिक योजना, (२०८०/२०८३-२०८५/२०८६)
४. दिगो विकास लक्ष्य, २०१६- २०३०
५. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५
६. शिक्षा ऐन, २०७६
७. राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८
८. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५

९. सोह्रौं आवधिक योजना
१०. विद्यालय क्षेत्र विकास योजना २०७३)-०७४/२०७७(०७८-
११. शिक्षा क्षेत्रको योजना, २०२१ - २०३०
१२ नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८०
१३. आर्थिक सर्वेक्षण २०८०, शिक्षा, विज्ञान तथा सञ्चार मन्त्रालय
१४. बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीति हरूको प्रभावको बुझाइ, डा. प्रेमप्रसाद पौडेल, डा ट्र्यासी . कस्ट्ली
१५. शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन डा. डिल्लीराम रिमाल
१६. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्ल्यास प्रतिवेदन, २०२४
१७. गाउँपालिकाको इ.एम.आइ.एस.
१८ नेपालमा सामुदायिक पुस्तकालयको अवस्था र चुनौति भोला कुमार श्रेष्ठ